# श्रद्धासुमन कथा सङ्ग्रहको विधातात्विक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजशास्त्र
सङ्कायअन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस,
नेपाली विभागको स्नातकोत्तर तह
दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोध पत्र


शोधार्थी

रत्न बहादुर कामी (देवाली)
त्रि.वि.रजिस्ट्रेसन नं.: ६-१-२७८-७२१-९८
क्याम्पस दर्ता साल : २०६४/२०६५
अनुक्रमाङ्क : ४००३०१


२०७१

श्रद्धासुमन कथा सङ्ग्रहको विधातात्विक अध्ययन, - रत्न बहादुर कामी (देवाली) २०७१

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
नेपाली विभाग, रत्नराज्यलक्ष्मी क्याम्पस
प्रदर्शनीमार्ग, काठमाडौँ

## शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी रत्नबहादुर कामी (देवाली) ले **श्रद्धासुमन कथा सङ्ग्रहको विधातात्विक अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो। उहाँको शोध कार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु।

मिति : २०७१/१२/१५

....................................
**सह.प्रा. गोपालचन्द्र पोखरेल**
नेपाली विभाग
रत्न राज्यलक्ष्मी क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौँ

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
नेपाली विभाग, रत्नराज्यलक्ष्मी क्याम्पस
प्रदर्शनीमार्ग, काठमाडौँ

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय रत्न राज्यलक्ष्मी क्याम्पसका छात्र रत्नबहादुर कामी (देवाली) ले स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको प्रस्तुत **श्रद्धासुमन कथा सङ्ग्रहको विधातात्विक अध्ययन** शीर्षकको शोधपत्र प्रचलित शोध पद्धतिअनुसार उपर्युक्त भएकाले स्वीकृत गरिएको छ ।

| | | |
|---|---|---|
| .......................... | .......................... | .......................... |
| **उप.प्रा. भगवानचन्द्र उपाध्याय** | **सह.प्रा. गोपालचन्द्र पोखरेल** | **प्रा.डा. नन्दिश प्र. अधिकारी** |
| (विभागीय प्रमुख) | (शोध निर्देशक) | (वाह्य परीक्षक) |

मिति : २०७१/१२/३०

## कृतज्ञता ज्ञापन

**श्रद्धासुमन कथा सङ्ग्रहको** विधातात्विक **अध्ययन** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी र सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार गरिएको हो । प्रस्तुत विषयमा शोधकार्य गर्न प्रेरित गरी शीर्षकको छनोट र स्वीकृति प्रदान गर्नुहुने रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली विभागका विभागीय प्रमुख श्रद्धेय गुरु भगवानचन्द्र उपाध्याय, शोध प्रस्ताव र विश्लेषणको ढाँचा तयार पार्न सहयोग गर्नुहुने विभागका सम्पूर्ण आदरणीय गुरुहरूप्रति सर्वप्रथम आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु सह.प्रा. गोपालचन्द्र पोखरेलको कुशल निर्देशनमा तयार पारेको हुँ । शोधका क्रममा आइपरेका समस्यासँग जुध्ने प्रेरणा दिई सही पथ प्रदर्शन गराउनु भएकोमा म उहाँप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यसैगरी उचित सल्लाह र सुझाव सहित शोधको थप परिष्कार, संशोधन र लेखनमा स्पष्ट मार्ग निर्देश गर्नु हुने श्रद्धेय गुरु एवम् बाह्य परीक्षक प्रा.डा. नन्दिश प्रसाद अधिकारीप्रति आभार प्रकट गर्दछु । त्यसैगरी शोध कार्यको आवश्यक परिष्कार, परिमार्जनमा उचित सल्लाह र सुझाव प्रदान गर्ने क्रममा सहयोग पुऱ्याउनु हुने आदरणीय शिक्षक एवम् अनुसन्धाता रामकृष्ण भण्डारीप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यो शोध अध्ययनको क्रममा कृति उपलब्ध गराई सहयोग गर्नुहुने आदरणीय स्रष्टा दिलीप जङ्ग शाह तथा विभागीय पुस्तकालय तथा केन्द्रीय पुस्तकालय कीर्तिपुरप्रति आभार प्रकट गर्दछु । विभिन्न रूपले सहयोग गर्नुहुने श्री प्रकाश बहादुर कँडेलप्रति हृदयदेखि नै कृतज्ञ जाहेर गर्दछु । साथै मलाई शिक्षाको बाटोमा हिँडाइ उच्च शिक्षासम्मको ज्ञानको सुनौलो अवसर प्रदान गर्नुहुने मेरा माता भगवती कामी तथा पिता लाख बहादुर कामीको सदा अतुलनीय माया, स्नेह र सहयोगप्रति सदैव ऋणि छु । यसरी नै मेरी ममतामयी स्नेही धर्मपत्नी लगाायतका सम्पूर्ण आफन्त, मित्र, शुभेच्छुक जनहरूमा कृतज्ञता प्रकट गर्दछु । यसैगरी मेरो शोध लेखनलाई कम्प्युटर टङ्कनमा सहयोग गर्नुहुने युनिभर्सल फोटोकपी एण्ड कम्प्युटर्स सेन्टर, कीर्तिपुरका प्रोपाइटर सुभाष खत्री धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली विभाग समक्ष पेस गर्दछु ।

.................................

**रत्नबहादुर कामी** (**देवाली**)

त्रि.वि.द.नं. ६-१-२७८-७२१-९८

अनुक्रमाङ्क : ४००३०१

मिति : २०७२/०४/०३

# विषय - सूची


**शोध निर्देशकको सिफारिस** **क**

**स्वीकृति-पत्र** **ख**

**कृतज्ञता ज्ञापन** **ग**

**विषय सूची** **घ**

**परिच्छेद : एक**

**शोध परिचय**

१.१ विषय परिचय १

१.२ शोधको समस्या १

१.३ शोधको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.४.१ निष्कर्ष ४

१.५ शोधको औचित्य ४

१.६ शोधको सीमाङ्कन ४

१.७ शोधविधि ५

१.८ शोधपत्रको रूपरेखा ५

**परिच्छेद : दुई**

**कथाकार दिलीप शाह र उनका कथागत प्रवृत्ति**

२.१ विषय प्रवेश ६

२.२ कथाकार दिलीप शाहको जीवनी ६

२.२.१ जन्म र जन्मस्थान ६

२.२.२ पारिवारिक स्थिति ६

२.२.३ शिक्षारम्भ र औपचारिक शिक्षा ७

२.२.४ शाहको व्यक्तित्व : आन्तरिक र वाह्य ७

२.२.४.१ आन्तरिक व्यक्तित्व ७

२.२.४.२ वाह्य व्यक्तित्व ७

२.२.५ साहित्य सिर्जनाको प्रेरणा र प्रभाव ७
२.२.६ कथायात्रा र प्रकाशित पुस्तकाकार कृतिहरू ८
२.२.७ पेसा र आवद्धता घ ८
२.२.८ भ्रमण, अवलोकन ९
२.२.९ सम्मान, पुरस्कार ९
२.३ कथाकार दिलीप शाहको कथागत प्रवृत्ति ९
२.४ निष्कर्ष ११

**परिच्छेद : तिन**

**दिलीप शाहका कथाको वर्गीकरण र कथा विश्लेषणको सिद्धान्त**

३.१ विषय प्रवेश १२
३.२ शाहका कथाको वर्गीकरण १२
३.२.१ पात्रगत वर्गीकरण १३
३.३ कथाको सिद्धान्त र परिभाषा १४
३.३.१ कथाको रचना विधान १६
३.३.१.१ कथावस्तु १७
३.३.१.२ पात्र र चरित्र चित्रण १८
३.३.१.३ परिवेश १९
३.३.१.४ दृष्टिविन्दु १९
३.३.१.५ भाषाशैली (रुपविन्यास) २०
३.३.१.६ सारवस्तु २२
३.३.१.७ निष्कर्ष २३

**परिच्छेदः चार**

**'श्रद्धासुमन' कथा सङ्ग्रहका कथाहरूको विश्लेषण**

४.१ विषय परिचय २४
४.२ 'विडम्बना' २४
४.३ 'हुरी आएको बेला' २८
४.४ 'सुन्दरता' ३१
४.५ 'मृतात्माको कामना' ३६
४.६ 'इन्द्रजाल' ३९

४.७ 'त्रस्त मन मात्र प्रश्नहरू' ४२
४.८ 'हाकामी अठोट' ४६
४.९ 'लोग्नेमान्छे' ५०
४.१० 'मातृत्व छचल्किन्छ यसरी' ५४
४.११ 'श्रद्धासुमन' ५८
४.१२ 'नियमितता' ६२
४.१३ 'भोक' ६५
४.१४ 'विरोधाभास' ६८
४.१५ 'जिउँदो सालिक' ७२
४.१६ 'बगर' ७६
४.१७ 'नागरिकता' ७९
४.१८ 'माओवादी समस्या समाधान भएमा' ८३
४.१९ 'इतिवृत्त' ८७

**परिच्छेदः पाँच**

**उपसंहार र निष्कर्ष**

५.१ उपसंहार ९२
५.२ निष्कर्ष ९६

**सन्दर्भ सामग्री सूची** **९९**

# परिच्छेद : एक

# शोध परिचय

## १.१ विषय परिचय

'श्रद्धासुमन' (२०६८) कथाकार दिलीप जंग शाह (२०१६) को एक लोकप्रिय कथासङ्ग्रह हो । यसमा जम्मा १८ वटा कथा रचनाहरू समाविष्ट छन् । सामाजिक परिवेश र तिनकै पृष्ठभूमिबाट विषयवस्तु टिपेर विचार र कलाका माध्यमबाट मानव जीवन र वर्तमान नेपाली समाजको यथार्थताको प्रतिविम्व प्रस्तुत 'श्रद्धासुमन' कृतिमा उतारिएको छ । सामाजिक विकृति र विसङ्गति, आर्थिक अभाव र त्यसले निम्त्याएको समस्या, राजनैतिक दम्भको व्यङ्ग्यात्मक चित्र, मानव प्रेम र अनुरागको आकर्षण, शक्ति र शासनको दुरूपयोग जस्ता विद्यमान परिस्थितिको शिष्ट अभिव्यक्ति उक्त कृतिमा गरिएको छ ।

यस कथा सङ्ग्रहका कथाहरूमा संस्कृतिप्रेम, राष्ट्रप्रेम, विकृति र विसङ्गतिप्रति तीखो व्यङ्ग्यवाण प्रहार, अन्यायप्रति आक्रोश, प्रकट भएका छन् । यसकारण मानव अस्तित्त्व र मानव मूल्यको खोजी, आदर्श समाजको स्थापना, सुनियोजित राज्य व्यवस्था, समुन्नत राष्ट्रको निर्माणमा जोड दिनु आदि यस कृतिको ध्येय रहेको छ । मानव मनका आन्तरिक इच्छाहरू यौन कुण्ठा, भोक, रोग सन्ताप आदिलाई शिष्ट भाषामा सरल शैलीमा यहाँ प्रकट गरिएको छ । यिनै भाव अभिव्यक्त 'श्रद्धासुमन' कथा सङ्ग्रहको शोध अध्ययन गर्न औचित्यपूर्ण देखिन्छ ।

प्रस्तुत शोध अध्ययनका क्रममा कृतिभित्र जम्मा १८ ओटा कथाहरू समेटिएका छन् । ती कथाहरूलाई कथा विश्लेषणका सैद्धान्तिक तत्त्वहरूलाई मूल आधार मानी कथाको विधातात्विक विश्लेषण गरिएको छ ।

## १.२ शोधको समस्या

प्रस्तुत शोध कार्यका निम्ति सम्बद्ध कथा सङ्ग्रह **श्रद्धासुमन**को के कसरी अध्ययन विश्लेषण गर्न सकिन्छ भन्ने मूलभूत प्रश्नमा यस शोधको समस्या केन्द्रित रहेको छ । ती प्रश्न यसप्रकार रहेको छन् :

(क) कथाकार दिलीप जंग शाहको कथागत प्रवृत्ति के कस्तो रहेको छ ?

(ख) श्रद्धासुमन कथासङ्ग्रहको विश्लेषण के कसरी गर्न सकिन्छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधको उद्देश्य कथाकार शाह र उनको **श्रद्धासुमन** कथासङ्ग्रहको शोधनिष्ठ अध्ययन विश्लेषण गरी निष्कर्षमा पुग्नु हुनेछ । ती उद्देश्य यसप्रकार रहेका छन् :

(क) कथाकार दिलीप शाहको कथागत प्रवृत्ति केलाउनु,

(ख) श्रद्धासुमन कथासङ्ग्रहमा प्रकाशित कथाहरूको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

कथाकार दिलीप जंग शाहले नेपाली प्रशासनिक क्षेत्रका साथै साहित्यको विधामा (खासगरी कथा विधामा) महत्वपूर्ण योगदान दिएका छन् । उनले लेखेका कथाका बारेमा केही विद्वान्हरूले मात्र टिप्पणी गरेका छन् । हालसम्म उनका बारेमा जे-जति अध्ययन, समीक्षा, विश्लेषण भएको छ, त्यसलाई कालक्रमिक रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

प्रतिरोध कार्कीले कथा आफ्नै फूलबारीको **श्रद्धासुमन राजधानी** (२०६८, चैत्र २५) आख्यानकार दिलीप शाहको श्रद्धासुमन पश्चिम नेपालका मुक्त कमैयाको कथामा आधारित छ । **बिडम्बना** कथाले मुक्त कमैया नेपाली जनजीवनको पीडालाई प्रस्तुत गर्न खोजेको छ । पछिल्ला दिनमा नेपालीहरूको आर्थिक अवस्था सुध्रे पनि त्यसले निम्त्याएका कतिपय नकारात्मक पाटालाई कथामा समेटिएको छ । उनले  वर्तमान नागरिकको समस्यालाई मात्र उजागर नगरी पारिवारिक विखण्डन, सामाजिक सन्दर्भ पनि कथामा प्रशस्तै प्रयोग गर्नुका साथै सामाजका विविध पक्षको चित्रण गरेका छन् ।

हरिबोल पराजुलीले 'कथाकार शाह श्रद्धासुमन' **मधुपर्क** (२०६९, अङ्क १२) मा आफू र आफ्नो परिवेशमा भोगेका र देखेका ससाना घटनाक्रम र सूक्ष्म सूत्रलाई अत्यन्तै मार्मिक ढङ्गले प्रस्तुत गर्न खप्पिस देखिएका छन् । 'बिडम्बना' शीर्षक मध्यपश्चिम र सुदूर पश्चिम क्षेत्रका कमैया संस्कृति र कमैया मुक्तिका नाममा अनेकन सङ्घ संस्थाले भित्रयाएका विसङ्गतिलाई उठाएर कथा आरम्भ गरिएको छ (शाह, २०६९, पृ.१२) भनी उल्लेख गरेका छन् ।

एस. पि.कोइरालाले शाहको **श्रद्धासुमन** लोकार्पण **गोरखापत्र** (२०६९, असार ९) शीर्षकको समाचार मूलक मन्तव्यमा नेपाल सरकारका सचिवसमेत रहनु भएका गीतकार कोइरालाले जागिरे जीवनसँगै भोगेको समाज, परिस्थिति र अनुभूतिलाई कथाकार दिलीपले श्रद्धासुमनमा समेट्नु भएको छ भन्ने समीक्षा प्रस्तुत गरेका छन् ।

जीवेन्द्रदेव गिरीले **श्रद्धासुमन** लोकार्पण लेखमा **गोरखापत्र** (२०६९, असार ९) कथाकारले आफ्ना कथाहरूमा आञ्चलिक, रूप दिएको चर्चा गर्दै स्थानीय भाषाको प्रयोग, युद्धकालीन प्रभाव भएको कुरा बताएका छन् ।

गीता त्रिपाठीले **श्रद्धासुमन** लोकार्पण शीर्षक **गोरखापत्र** (२०६९, असार ९) कथामा मनोविज्ञान, मिथक र सामाजिक यथार्थता प्रष्टसँग प्रयोग भएको टिप्पणी गर्दै लेखक शाहले निजात्मक अनुभूति र जागिरे जीवनमा आफूले देखेभोगेका विषयलाई कथामा समेट्ने प्रयत्न गरेको चर्चा गरेकी छन् ।

देशान्तर साप्ताहिकले **श्रद्धासुमन**को तेस्रो बजार संस्करण **देशान्तर साप्ताहिक** (२०६९, असार १०) मा पेशाले दिलीप शाह कृषि विकास बैंकका जागिरे हुन् । तर, उनको कथाकारिता निकै अब्बल रहेको छ । उनी पाठकको चाहना र स्वादलाई ख्याल गरेर कथाहरू रचना गर्न सक्छन् । उनको तेस्रो कथा सङ्ग्रह **श्रद्धासुमन** तीन महिनामै बजारमा आउनुले पनि उनको लोकप्रियता प्रष्ट हुन्छ भनेका छन् ।

विवश वस्तीले कर्मचारीतन्त्र वरिपरि **अन्नपूर्ण पोष्ट** (२०६९, चैत्र १०) मा कथाकार शाहको नवीन कथाकृति **श्रद्धासुमन**भित्रका अधिकांश कथा सामाजिक विषमता र विभाषिकताबाट उत्पन्न पीडा पस्कन सक्षम देखिएका छन् । सुरुकै विडम्बना कथा संसारमा प्रवेश गर्दा पश्चिम नेपालका मुक्त कमैयाहरूका दयनीय आर्थिक, सामाजिक स्थिति आँखै सामुन्ने आउँछ । खासगरी मुक्त कमैयाका दयनीय आर्थिक स्थितिलाई भजाएर आफ्नो स्वार्थ निम्त्याउने दातृ निकायहरूबाट रकमको बिटो ओइराउन लगाएर त्यसको तर काट्ने सरकारी र गैरसरकारी निकायहरूका भित्री नियत छर्लङ्ग पार्न यो कथा सफल छ भनी गहन समालोचनात्मक टिप्पणी प्रस्तुत गरेका छन् ।

त्रिपाठीले तीन महिनामै तेस्रो **कान्तिपुर** (२०६९, असार ९) मा पछिल्लो समय विभिन्न क्षेत्रबाट पनि साहित्यमा रुचि राख्ने स्रष्टाहरू बढ्न थालेको, साहित्यमा हरेक क्षेत्रबाट कलम चल्न थालेका छन् भन्दै यसले नेपाली साहित्यलाई अझ फराकिलो पार्ने कुरा व्यक्त गरेकी छन् । यस भनाइले कथाकार शाहको लेखकीय कुशलतामाथि साङ्केतिक वकालत गरेको देखिन्छ ।

जीवेन्द्रदेव गिरीले तीन महिनामै तेस्रो **कान्तिपुर** (२०६९, असार ९) दिलीपका कथामा मौलिकता झल्किएको बताएका छन् । उनले समाजमा देखिएका विकृति विसङ्गतिलाई सूक्ष्म तरिकाले पस्कन सक्नु नै दिलीपको लेखन खुबी रहेको दाबी गरेका छन् ।

धर्मेन्द्र दाहालले श्रद्धासुमन : कर्मचारीतन्त्रको प्रवृत्ति **देशान्तर साप्ताहिक** (२०६९, वैशाख ३) सरकारी जागिर र जागिरेको प्रवृत्ति तथा मानसिकतालाई केलाइएको श्रद्धासुमन फरक शैली तथा प्रस्तुतिसहितका कथाहरूको सँगालो हो भन्दै  नियमितता कथामा सोझो तथा चाकडी गर्न नजान्ने कर्मचारीले जीवनभर पाउने पीडालाई उजागर गरेका छन् । इन्द्रजाल, हाकिमीको अठोट, विरोधाभास, माओवादी समस्या समाधान भएमा लगायतका

कथाहरूमा सामान्य कर्मचारी मात्र होइन हाकिमहरू पनि अथाह पीडाले पिल्सिएका हुन्छन् भन्ने चित्रण गरिएको छ ।

### १.४.१ निष्कर्ष

यसप्रकार विविध, लेखक, समालोचक, विश्लेषक, टिप्पणीकारले विभिन्न पत्रपत्रिकामा गरेका अध्ययन, विश्लेषण, समीक्षा, चर्चा, परिचर्चा तथा टीका टिप्पणीहरू प्रस्तुत शोध अध्ययनको निम्ति महत्वपूर्ण स्रोत, सन्दर्भ, जानकारी तथा मार्ग निर्देशक आधार सामग्री बन्न सक्ने देखिन्छ । तिनबाट यस शोधकार्यमा धेरथोर सहयोग पुग्ने स्वतः स्पष्ट हुन्छ । यिनै माथिका समीक्षात्मक टिप्पणीहरूलाई आधार मानी तिनकै सापेक्षतामा प्रस्तुत शोध विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

## १.५ शोधको औचित्य

नेपाली कथा फाँटका नव प्रतिभा दिलीप शाहको **श्रद्धासुमन** निकै लोकप्रिय कथाकृति हो । नेपाली समाजका निम्न वर्गीय सामाजिक जनजीवनका यथार्थ भोगाइमा आधारित कथाव्यथाको मार्मिक प्रस्तुति रहेको यो कथामा सहरी प्रशासनिक, राजनीतिक चलखेल, अनियमितता जस्ता पक्षहरूमाथि कसिलो व्यङ्ग्य प्रहार गरिएको छ । नेपाली आम जनमानसका साझा समस्या र पीडाको सशक्त वकालत गर्ने यो कृति विभिन्न दृष्टिले औचित्यपूर्ण रहेको छ । सर्वसाधारण नागरिकका जीवन भोगाइसँग तादात्म्य दर्शाउने यस कृतिको विविध रूपबाट चर्चा र टीका-टिप्पणी, समीक्षा र मूल्याङ्कन भएको छ । यी आफैँमा सराहनीय कार्य भए तापनि अपर्याप्त र अपूर्ण रहेका छन् । साथै यस कृतिको विधातात्विक कोणबाट हालसम्म कुनै शोधकार्य भएको छैन ।  शोधको मूल मान्यतानुरूप शोध विश्लेषण गर्नु आवश्यक र सान्दर्भिक ठहर्छ ।

**श्रद्धासुमन** कथा सङ्ग्रहको विधातात्विक अध्ययनबाट कथाकारको कथागत प्रवृत्ति र कृतित्वसम्बन्धी जानकारी प्रप्तिको निम्ति उपयोगी बन्दछ । साथै उनका बारेमा थप अध्ययन गर्ने शोधार्थीका लागि मार्ग निर्देशनको रूपमा समेत थप सहयोग पुग्न सक्ने भएकोले पनि प्रस्तुत शोधकार्यको औचित्यपूर्ण रहेको छ ।

## १.६ शोधको सीमाङ्कन

शोधले निर्धारण गरेको विषय र सम्बद्ध कथाहरूको विश्लेषण नै शोधको क्षेत्र र सीमा हो । प्रस्तुत **श्रद्धासुमन** कथासङ्ग्रहका कथाहरूको अध्ययनका क्रममा शाहका कथागत प्रवृत्ति केलाउने क्रममा साहित्य शास्त्रीहरूले निर्धारण गरेका कथा विश्लेषणका घटक/तत्त्वहरूमा केन्द्रित रही कथानक, पात्र र चरित्र, रुचिक्षेत्र (परिवेश), दृष्टिविन्दु, भाषाशैली, सारवस्तु तिनै तत्त्वहरूको सापेक्षतामा कृतिभित्र समाविष्ट (कथाहरूको विश्लेषण गर्नु शोधको सीमा हो । सिद्धान्त उपयोग गर्ने क्रममा दयाराम श्रेष्ठको नेपाली कथा भाग ४

लाई मूल सैद्धान्तिक आधारको रूपमा अवलम्बन गरिएको छ भने आवश्यकतानुरूप अन्य सैद्धान्तिक तथा प्रायोगिक पुस्तककार कृतिको समेत उपयोग गरिएको छ । यो नै प्रस्तुत शोधको सीमाङ्कन रहेको छ ।

### १.७ शोधविधि

#### (क) सामग्री सङकलन विधि

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा सामग्री सङ्कलन विश्लेषण मूल्याङ्कनमा मूलतः पुस्तकालयीय विधि अङ्गीकार गरिएको छ । साथै सम्बन्धित विद्वान तथा शोधनायकसँगको भेटघाट, विचार विमर्श, अन्तवार्ता तथा छलफललाई पनि आधार बनाइएको छ ।

#### (ख) शोध विश्लेषण विधि

शोधकार्यमा सङ्कलित सामग्रीको विश्लेषणको निम्ति साहित्यशास्त्रीहरूले निर्देश गरेका कथाका तत्त्वहरूलाई प्रस्तुत शोध अध्ययनको मूल सैद्धान्तिक आधारको रूपमा चयन गरिएको छ । साथै अध्ययन विश्लेषणका क्रममा सिद्धान्त उपयोग गर्दा मूलत : आगमन तथा शोध विश्लेषणका निम्ति विश्लेषणात्मक तथा मूल्याङ्कनात्मक विधि अपनाइएको छ ।

### १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखालाई निम्नानुसार संयोजन तथा व्यवस्थापन गरिएको छ ।

पहिलो परिच्छेद : शोधको परिचय

दोस्रो परिच्छेद : कथाकार दिलीप शाहको सङ्क्षिप्त परिचय

तेस्रो परिच्छेद : दिलीप शाहको कथाकारिता र कथा विश्लेषणको सिद्धान्त

चौथो परिच्छेद : श्रद्धासुमन कथा सङ्ग्रहको विश्लेषण

पाँचौ परिच्छेद : उपसंहार तथा निष्कर्ष

# परिच्छेद : दुई

# कथाकार दिलीप शाह र उनका कथागत प्रवृत्ति

## २.१ विषय प्रवेश

दिलीप जङ्ग शाह नेपाली कथा साहित्यको पछिल्ला पुस्ताका सशक्त कथाकार हुन् । उनका कथामा नेपाली समाजका यथार्थको शिष्ट, सरल र व्यङ्ग्यात्मक अभिव्यक्ति पाइन्छ । यस परिच्छेदमा कथाकार शाहको सङ्क्षिप्त जीवनी व्यक्तित्व र उनका कथागत प्रवृत्तिहरूको चर्चा गरिएको छ ।

## २.२ कथाकार दिलीप शाहको जीवनी

सामान्यतः जन्मदेखि मृत्युपूर्वका विविध पक्षहरूको सिलसिलाबद्ध चित्रण जीवनी हो । यस आधारमा हेर्दा दिलीप शाहको जीवनीलाई जन्म र जन्मस्थान, पारिवारिक स्थिति, शिक्षारम्भ र औपचारिक शिक्षा, शाहको व्यक्तित्वः आन्तरिक व्यक्तित्व र वाह्य व्यक्तित्व, साहित्य सिर्जनाको प्रेरणा र प्रभाव, कथायात्रा र प्रकाशित पुस्तकाकार कृतिहरू, पेसा र आवद्धता, भ्रमण र अवलोकन तथा सम्मान र पुरस्कारका आधारमा यसप्रकार सङ्क्षिप्त चर्चा गरिएको छ ।

### २.२.१ जन्म र जन्मस्थान

दिलीप शाहको जन्म वि.सं.२०१६ सालमा पिता ऋद्धि जंग शाह र माता तीर्थकुमारी शाहको कोखबाट जाजरकोट जिल्लाको खलङ्गा स्थित गणेश टोलमा भएको हो (स्रोतः कथाकार स्वयंबाट प्राप्त जानकारी अनुसार) ।

### २.२.२ पारिवारिक स्थिति

मध्यम वर्गीय परिवारमा जन्मिएका शाहका दुई दाजु र दुई दिदी एवम् दुई भाइहरू छन् । उनी परिवारका साहिँला सन्तान हुन् । मझौला कद, गहुँगोरो वर्ण, बाटुलो मोहोडा र तेजिला आँखा तथा हँसिला व्यक्तित्व भएका शाहको बाल्यकाल दाजु, दिदी र भाइहरूसँग खेलेर बितेको देखिन्छ (स्रोतः कथाकार स्वयंबाट प्राप्त जानकारी अनुसार) ।

### २.२.३ शिक्षारम्भ र औपचारिक शिक्षा

उनको औपचारिक शिक्षाको प्रारम्भ चाहिँ जाजरकोटकै त्रिभुवन हिमालय हाई स्कुलबाट भएको हो । उनले सोही विद्यालयबाट एस.एल.सी. उत्तीर्ण गरेपछि अध्ययनका लागि नेपालगञ्ज आए । त्यहाँ महेन्द्र बहुमुखी क्याम्पसमा भर्ना भई आई.एस.सी. उत्तीर्ण गरे । त्यसपछि थप अध्ययनका लागि तत्कालीन नेपाल सरकारको कोलम्बो प्लान पाई बैङ्ग्लोर भारतबाट कृषि विषयमा बी.एस.सी. गरी त्रि.वि. काठमाडौंबाट समाजशास्त्र विषयमा एम.ए.सम्मको शैक्षिक अध्ययन पूरा गरेको देखिन्छ ।

### २.२.४ शाहको व्यक्तित्व : आन्तरिक र वाह्य

जीवनको भोगाइ र अनुभूतिबाट अनि पारिवारिक चरित्रबाट कुनै व्यक्तिमा व्यक्तित्व निर्माण हुन्छ । शाहको व्यक्तित्वलाई आन्तरिक र बाह्य गरी वर्गीकरण गरिएको छ ।

#### २.२.४.१ आन्तरिक व्यक्तित्व

कथाकार शाहलाई आन्तरिक व्यक्तित्वको दृष्टिले हेर्दा उनी इमानदार, कर्मठ, लगनशील, मिलनसार, नम्र, शिष्ट, धैर्यशील, सिर्जनशील र कल्पनाशील क्षमता भएका व्यक्ति देखिन्छन् ।

#### २.२.४.२ वाह्य व्यक्तित्व

कथाकार शाहका वाह्य व्यक्तित्व आकर्षक चेहरा, हँसिलो स्वभाव, गहुँगोरो वर्ण, मझौला कद, पुष्ट शरीर, चुच्चो नाक र बाटुलो मोहोडा रहेको छ ।

### २.२.५ साहित्य सिर्जनाको प्रेरणा र प्रभाव

यस कोणबाट हेर्दा कथाकार शाहलाई मूलतः क्याम्पसका प्राध्यापक, सहपाठी साथीहरू, घरपरिवार र आफन्तजन तथा शुभेच्छुकहरूबाटै साहित्य सिर्जनाको प्रेरणा र प्रभाव मिलेको देखिन्छ । साथै उनी भित्रकै अन्तः प्रेरणा, जीवन भोगाइका अनुभव, जागिरका विविध सुखद-दुःखद क्षणहरू, सङ्घर्ष, सहकर्मी साथीहरू तथा साहित्यकार र तिनका कृतिहरूकै अध्यनको प्रभाव रहेको पाइन्छ ।

### २.२.६ कथायात्रा र प्रकाशित पुस्तकाकार कृतिहरू

दिलीप शाहको कथायात्रा खासै लामो देखिँदैन । यद्यपि छोटो समयमै पनि थुप्रै प्रकाशित पुस्तकाकार कृतिहरूद्वारा उनी चर्चा परिचर्चामा आएका छन् । उनको पहिलो कथा रचना अभ्यास 'मनस्थिति' बाट भएको हो । यसको प्रकाशन सन् १९८१ अक्टोवरमा भारतको वैङ्लोरबाट निस्किने **समकालीन प्रयास** पत्रिकामार्फत् भएको थियो । यसपछि नेपालबाट 'नियमितता' (२०३६) कथा लुम्बिनी स्मारिका पत्रिका, कर्मचारी मिलनकेन्द्र, सिद्धार्थनगर, रूपन्देहीबाट प्रकाशित भयो (स्रोतः कथाकार स्वयंको जानकारी अनुसार) । उनले कथा विधामार्फत् नै कथालेखन आरम्भ गरेका हुन् । मूलतः उनको कथा विस्तार वि.सं.२०६४ बाट अघि बढेको हो । साहित्यका विविध विधामा कलम चलाउन रूचि देखाउने शाहको मूल प्रसिद्धि र योगदानको विषय क्षेत्र पनि कथा विधा नै रहेको देखिन्छ । उनका हालसम्म प्रकाशित कृतिहरू जम्मा ५ वटा रहेका छन् । ती हुन् : 'मौन धारण' कथासङ्ग्रह (२०६४), 'जालो' लघु कथा सङ्ग्रह (२०६६), 'श्रद्धासुमन' कथा सङ्ग्रह (२०६८), 'मुर्दार काठमाडौं' (२०६९), 'बघिनी' (२०७०) । यसरी हेर्दा कथाकार शाहका कृतिलाई लघु कथासङ्ग्रह र कथासङ्ग्रह गरी दुई भिन्न विभाजन गरी उनको कथायात्रालाई वर्गीकरण गर्न सकिन्छ । जसमध्ये लघु कथाअन्तर्गत एक मात्र कथाकृति 'जालो' (२०६६) र बाँकी सबै कथासङ्ग्रह रहेका छन् ।

### २.२.७ पेसा र आवद्धता

दिलीप शाहको पेसाको क्षेत्र कृषि विकास बैंक लिमिटेड, केन्द्रीय कार्यालय, सिंहदरबार हो । लामो समयसम्म बैंकिङ सेवामा बिताएका शाह भर्खरै मात्र सेवाबाट निवृत्त भएका छन् । उनले जागिरमा छँदा सामान्य प्रशासनदेखि लिएर उच्च तहको विभागीय प्रमुख समेत भई एउटा सफल र कुशल नेतृत्वदायी भूमिका समेत निर्वाह गरेका छन् । सेवामा रहँदा कृषि विकास बैङ्क केन्द्रीय कार्यालयबाट, सिंहदरबारबाट निस्कने नियमित पत्रिका 'समष्टि प्रकाशन सम्पादन समूह' का सम्पादन सहायकका रूपमा रही आफ्नो साहित्यिक कुशलता प्रदर्शन गरेका छन् । साथै उनी 'स्रष्टा समाज' साहित्यिक पत्रिको आजीवन सदस्यका रूपमा प्रशासन र साहित्य क्षेत्रमा आबद्ध हुँदै सामाजिक सेवामा समेत उनको अग्रसरता रहेको पाइन्छ ।

### २.२.८ भ्रमण, अवलोकन

यस दृष्टिले हेर्दा शाहले नेपालका प्रमुख ग्रामीण क्षेत्रदेखि सहरी क्षेत्रसम्मका विविध महत्वपूर्ण, शैक्षिक, औद्योगिक स्थानहरूको रोमाञ्चक भ्रमण, अवलोकन गरेका छन् । जागिर पूर्व र जागिरको सिलसिलामा मूलतः काठमाडौं, पोखरा, लुम्बिनी लगायतका विभिन्न पूर्वी तथा पश्चिमी स्वदेश भ्रमण गरेका छन् । यस बाहेक उनले नेपाल बाहिर भारत र त्यहाँका प्रसिद्ध सहरहरू हुँदै समुन्द्र पारीका राष्ट्रहरू श्रीलङ्का, थाइल्याण्ड, भियतनाम, इजरायल आदि थुप्रै राष्ट्रको भ्रमण गरेको देखिन्छ (स्रोत : कथाकार स्वयंबाट) । यसरी मूलतः कथाकार शाहको नेपालभित्रका प्रायः सबै क्षेत्र, छिमेकी मित्र राष्ट्र भारतका प्रमुख स्थानहरू लगायत सुमुद्र पारकि राष्ट्रसम्मको गहन भ्रमण, अवलोकन रहेका छन् ।

### २.२.९ सम्मान, पुरस्कार

यस कोणबाट हेर्दा शाहलाई औपचारिक र अनौपचारिक दुवै स्रोतबाट सम्मान तथा पुरस्कार प्राप्त भएको छ । लामो समय सरकारी सेवामा सेवारत समयमै साहित्य सिर्जना र त्यसप्रतिको लोकप्रियताका कारण उनलाई एन.एल.जी. कला श्री पुरस्कारद्वारा सम्मानित गरिएको पाइन्छ । यस बाहेक अनौपचारिक रूपमा साहित्य सिर्जना र लोकापर्णको सन्दर्भमा उनलाई प्रशंसा, तारिफ र हौसला पदान गरी सामान्य सम्मान, बधाई र स्याबासी जस्ता कथ्य वा मौखिक सम्मान प्रदान गरिएको छ (स्रोत : कथाकार स्वयंको जानकारी अनुरूप) ।

## २.३ कथाकार दिलीप शाहको कथागत प्रवृत्ति

दिलीप शाह (२०१६-हालसम्म) नेपाल कथा साहित्यका स्थापित व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा धेरै लामो छैन । यद्यपि पछिल्ला समयमा अर्थात् समकालीन कथासाहित्यमा उनको साहित्यिक पहिचान प्रतिविम्बित भएको पाइन्छ । शाहको कथा यात्राको थालनी सन् १८८१, अक्टोवर १८ मा भारतको बेङ्गलोरबाट 'मनस्थिति' समष्टि पत्रिका वर्ष १८, अङ्क ४) बाट भएको हो (स्रोत : कथाकार अर्थको अभिव्यक्तिबाट प्राप्त जानकारी अनुसार) । यसपछि नेपाली साहित्यिक प्रकाशनका रूपमा भने 'नियमितता' २०३६, वर्ष ३, अङ्क ६) कथा हो । यसको प्रकाशन चाहिँ लुम्विनी स्मारिकामार्फत् २०६३ सालको वैशाख महिनामा भएको हो । यसलाई प्रकाशनमा सहयोग पुऱ्याउने संस्था कर्मचारी मिलन केन्द्र, सिद्धार्थ नगर रूपन्देही हो । (स्रोत : कथाकारको जानकारी अनुसार) । उनलाई साहित्यिक प्रेरणा प्रदान गर्ने क्रममा दाजु केशव शाह, घर परिवार, विद्यालयका र कलेजका

गुरुहरू तथा साथीहरू हुन् भने समकक्षी कथाकार साथीहरूमा अम्मर शाह र राजेश्वर कार्की हुन् (स्रोत : कथाकार स्वयंको जानकारी अनुसार) ।

दिलीप शाहका कथामा नेपाली जनजीवन, प्रशासनिक, राजनीतिक, आर्थिक, सामाजिक विविध पक्षका यथार्थ घटनाहरूको सूक्ष्म, व्यङ्ग्य र कलात्मक प्रस्तुति पाइन्छ । मूलतः आर्थिक-प्रशासनिक अनियमितता स्वार्थ र भ्रष्ट नेपाली कर्मचारी तन्त्रको सत्य तथ्य उद्घाटन गर्नु उनको कथ्य विशेषता रहेको देखिन्छ । साथै मानवीय कमजोरी, जीवन भोगाइका दुःखसुख, जटिलता, कारूणिकता, सङ्घर्ष विडम्बनाका माध्यमबाट समाजलाई चेतना प्रदान गर्नु उनको कथागत प्रवृत्ति मानिन्छ ।

शाह नेपाली समाजले भोग्दै आएका सामाजिक, आर्थिक, पारिवारिक, धार्मिक, नैतिक, शैक्षिक, राजनीतिक आदि कारणले भोग्नु पर्ने कारूणिक अवस्थाहरूलाई सूक्ष्म दृष्टिले नियाल्दछन् । उनी सहरियाहरूको यान्त्रिक जीवन र अनन्त आवश्यकताका कारणले उत्पन्न मानिसका आँसुमा आँसु र हाँसोमा हाँसो मिलाउँदछन् । समाजका व्यथितिलाई देखेर आक्रोशित बन्छन् । कुरीति र कुसंस्कारका कारणले उत्पन्न मानवीय समस्या र पीडालाई हराउन चाहन्छन् । सहरिया मानिसको आवश्यकता र ग्रामीण समुदायमा रोग, भोक, अशिक्षा, कुसंस्कारका कारण दीनहीन र कारूणिक जीवन भोग्न विवश मानिसहरूको पक्षमा वकालत गर्छन् । उनीहरू जीवनस्तर उठाउन प्रयत्नरत देखिन्छन् । अन्याय, अत्याचार, भ्रष्टाचार र सामन्ती प्रवृत्तिका विरूद्धमा आवाज उठाउन तथा मानवीय गुणहरूका विकास गरी कर्तव्य बोध गराउन समेत उनका कथाहरू अग्रसर देखिन्छन् । वर्तमान समयमा आर्थिक प्रलोभनका कारण सहरबासी ठूला-ठूला मानिसका हृदयबाट मानवीय संवेद्य भावना समाप्त हुँदै गएका कारणले समाज अस्तव्यस्त भएको छ । मानिस त्रासदीय वातावरणमा बाँच्नु पर्ने परिस्थिति सिर्जना भएको छ । यस्तो परिस्थितिमा कथाकार चिन्तित र आक्रोशित छन् । यी सबै कुरा कथामार्फत् अभिव्यक्त गर्दछन् । उनी सरल भाषाशैलीको प्रयोग, उखान टुक्काको प्रयोग, नेपाली जनजिब्रोका प्रयोक्ता शाह विशेषतः सामाजिक यथार्थवादी कथाकारका रूपमा स्थापित छन् । समग्रमा उनका कथागत प्रवृत्तिलाई बुँदागत रूपमा यसप्रकार हेर्न सकिन्छ :

- सामाजिक यथार्थवादी प्रवृत्ति,
- आलोचना र असन्तुष्टिका स्वर उद्घाटन,
- क्रान्तिकारी तथा परिवर्तनकारी प्रवृत्ति,
- मानवीय संवेदनाहरूको कारूणिक अभिव्यक्ति,
- मानवतावादी भावना,
- सामाजिक सुधार,

- सरल, सहज भाषाशैलीको प्रयोग,
- काव्यात्मकता,
- चित्रात्मक एवं दृश्यशैलीको प्रयोग व्यङ्ग्यात्मकता र अमूर्तता,
- यथार्थवादी कथाकार,
- आधुनिक कथाकार,
- समाजमा देखिएका विभिन्न समस्याहरूको उठान र उजागर,
- समाजमा देखिएका कुसंस्कार र कुरीतिहरूप्रति तीखो व्यङ्ग्य,
- गरिबी, रोगभोक, पीडा, कथा र विभिन्न समस्यामा पिल्सिएका वर्गको वकालत गर्ने कथाकार,
- समाजमा देखिएका अन्याय, अत्याचार, भ्रष्टचार र सामन्ती शोषणको विरोध,
- आधुनिक सहरिया समाजमा देखिएका अस्तव्यस्तता र त्रासदीपूर्ण वातावरणको चित्रण, सामाजिक यथार्थवादी कथाकार
- उखान टुक्काको प्रयोग ।

## २.४ निष्कर्ष

दिलीप शाह मूलतः नेपाल सरकारको कर्तव्य निष्ठ, उत्तरदायी, कर्म र निष्ठावान कर्मचारी हुन् । यद्यपि यसका अतिरिक्त साहित्य सिर्जना र समाज सेवा उनको अर्के आबद्ध क्षेत्र हो । उनलाई कर्मचारीको रूपमा जति मानिसले चिन्दछन् त्योभन्दा बढी उनको साहित्यिक पहिचानले चिन्दछन् । साहित्यमा विशेषतः नेपाली समाज र सहरी क्षेत्रमा मौलाएका राजनीतिको चलखेल र त्यसबाट पीडित सर्वसाधारण योग्य, इमानदार नागरिक तथा कर्मचारी तन्त्रमै परेको नकारात्मक असरलाई व्यङ्ग्यवाणको झटारोमार्फत् नेपाली समाजको विविध नकारात्मक कमजोरी र विकृति विसङ्गतिको पर्दापफास गर्न कुशल शाह आफ्ना लोकप्रिय कथाकृतिहरूका कारण नेपाली साहित्यका पाठकसामु श्रद्धाका पात्र बन्न पुगेका छन् ।  कथाकार दिलीप जङ्ग शाहका यिनै विविध परिचयका सन्दर्भमा जन्म र जन्मस्थान, पारिवारिक स्थिति, शिक्षारम्भ र अनौपचारिक शिक्षा, व्यक्तित्व : आन्तरिक र वाह्य, साहित्य लेखनमा प्रेरणा र प्रभाव, कथायात्रा र प्रकाशित कृतिहरू, पेशागत आबद्धता, अवलोकन, सम्मान, पुरस्कार, कथागत प्रवृत्ति आदिमा केन्द्रित रही उनको जीवनी, महत्वपूर्ण कार्य, साहित्य सिर्जना जस्ता विविध पक्षको निरूपण गरिएको छ ।

# परिच्छेद : तिन

# दिलीप शाहका कथाको वर्गीकरण र कथा विश्लेषणको सिद्धान्त

## ३.१ विषय प्रवेश

दिलीप शाह आधुनिक समसामयिक धाराका सामाजिक यथार्थवादी कथाकार हुन् । उनका कथाहरूमा नेपाली समाजका यथार्थको अभिव्यक्ति पाइन्छ । यस परिच्छेदमा शाहका कथाको वर्गीकरण, कथा विश्लेषणको सिद्धान्त र परिभाषा, कथाका **तत्व**हरू कथावस्तु, पात्र र चरित्र चित्रण, परिवेश, दृष्टिविन्दु, भाषाशैली (पदविन्यास, वाक्यविन्यास, बिम्ब, तुलना, प्रतीक, र शीर्षक), उद्देश्यमाथि सङ्क्षिप्त चर्चा गरिएको छ ।

## ३.२ शाहका कथाको वर्गीकरण

कथाको विषयवस्तु, प्रवृत्ति आदिका आधारमा कथालाई विभाजन गर्नु कथाको वर्गीकरण हो । यस कार्यले कथाको लक्षित वर्ग र कथाको केन्द्रित विषय क्षेत्र स्पष्ट गर्दछ । कथा रचना र बोधगम्यता दुवैको निम्ति यसको आवश्यकता पर्दछ ।

उनका हालसम्म प्रकाशित कृतिहरू जम्मा ५ वटा रहेका छन् । ती हुन् : 'मौन धारण' कथासङ्ग्रह (२०६४), 'जालो' लघु कथा सङ्ग्रह (२०६६), 'श्रद्धासुमन' कथा सङ्ग्रह (२०६८), 'मुर्दार काठमाडौं' (२०६९), 'बघिनी' (२०७०) । यसरी हेर्दा कथाकार शाहका कृतिलाई लघु कथासङ्ग्रह र कथासङ्ग्रह गरी दुई भिन्न विभाजन गरी उनको कथायात्रालाई वर्गीकरण गर्न सकिन्छ । जसमध्ये लघु कथाअन्तर्गत एक मात्र कथाकृति 'जालो' (२०६६) र बाँकी सबै कथासङ्ग्रह रहेका  छन् ।

नेपाली साहित्यमा कथा वर्गीकरणका विविध आधारहरू प्रचलित छन् । सामाजिक, राजनीतिक, प्रगतिवादी, थथार्थवादी प्रतीकात्मक, मनोवैज्ञानिक, अस्तित्ववादी, प्रयोगवादी आदि । तीमध्ये कथाकार दयाराम श्रेष्ठले गरेका नेपाली व्यथा, वर्गीकरणको आधार स्थापित र लोकप्रिय मानिन्छ । सैद्धान्तिक मान्यतामा आधारित यस वर्गीकरण अनुसार श्रेष्ठले यसरी आफ्नो विचार प्रस्तुत गरेका छन् ।

"कथाका प्रकारहरू अनेक विधि हुन्छन् तापनि समीक्षाशास्त्रमा यसको मोटामोटी प्रकारहरूको चर्चा गरिएको पाइन्छ । वास्तवमा कथाहरूको प्रकार छुट्याउने आधार जम्मा दुई छन्, ती हुन् (१) रुचिक्षेत्र र (२) रीतिक्षेत्र । यी दुई आधारबाट हेरेको खण्डमा एउटै कथा पनि एकभन्दा बढी प्रकार अन्तर्गत पर्न सक्तछ, अथवा एउटै कथामा प्रकारको

विभाजन खण्डित हुन सक्तछ । त्यसैले संरचना अन्तर्गत कथाकारले राखेको विषयगत रुचि क्षेत्रको आधारमा कथाको वर्गीकरण यसरी गर्न सकिन्छ- सामाजिक कथा, मनोवैज्ञानिक कथा, प्रगतिवादी कथा र अस्तित्त्ववादी कथा (श्रेष्ठ, २०६०, नेपाली कथा भाग-४, पृ. १४) ।" यस आधारमा हेर्दा कथाकार दिलीप शाहका कथानक बद्ध विषयवस्तु, क्षेत्र, परिवेश, लक्षित वर्ग सबै सामाजिक परिधिमा नै केन्द्रित देखिएको हुँदा शाह सामाजिक यथार्थवादी कथाकार हुन् । उनका प्रकाशित ५ कथा सङ्ग्रहहरूलाई मूलतः सामाजिक र मनोवैज्ञानिक गरी दुई प्रकारका छन् । सामाजिक अन्तर्गत 'श्रद्धासुमन' (२०६८) र 'मुर्द्धा र काठमाण्डु' (२०६९) रहेका छन् भने मनोवैज्ञानिक अन्तर्गत यौनधारण (२०६४), जालो (२०६६), बघिनी (२०७०) रहेका छन् ।

उनको सामाजिक यथार्थवादी कथाकृतिको रूपमा प्रकाशित शोध्य विषयक 'श्रद्धासुमन' कथा सङ्ग्रह भित्र समाजमा विद्यमान आर्थिक असमानता, अशिक्षा, गरिबी, सामन्ती शोषण, राजनीतिक पूर्वाग्रह आदिका कारण निम्न वर्गीय नेपालीहरूले भोग्नु परेका भौतिक तथा मानसिक पीडाको अभिधात्मक र प्रतीकात्मक अभिव्यक्ति पाइन्छ । यसरी मानवजीवनका विशेषतः नारी जीवन भोगाइका मानसिक पीडा, व्यथा, दुःख, सङ्घर्ष, जटिलता, आर्थिक जटिल समस्याहरूको कलात्मक संयोजन गरी उनले कथा साहित्य सिर्जना गर्ने हुँदा उनी सामाजिक यथार्थवादी कथाकारका रूपमा स्थापित व्यक्तित्व हुन् ।

### ३.२.१ पात्रगत वर्गीकरण

कथामा कुनै प्रकारको भूमिका खेल्ने व्यक्तिलाई पात्र वा चरित्र भनिन्छ । कथाको वर्गीकरणका विविध आधारमध्ये पात्रगत वर्गीकरण एक प्रमुख आधार हो । पात्रको निजी विचार, धारणा, उद्देश्य, स्वभाव, प्रवृत्ति, चारित्रिक विशेषता र कार्यका आधारमा पात्रहरूको विभाजन गर्नु पात्रगत वर्गीकरण हो । पात्रले नै कथानक सूत्रलाई सिङ्गो कथा आयाम दिई उद्देश्यमा पुऱ्याउन महत्वपूर्ण भूमिका प्रदान गर्ने हुँदा तिनकै मानसिक तथा क्रियात्मक सापेक्षता र केन्द्रीयतामा एउटा सार्थक कथा रचना हुन पुग्दछ (बराल र एटम, २०६३: पृ. ९) । यसर्थ कथामा पात्रगत वर्गीकरणलाई एउटा महत्वपूर्ण आधार मान्न सकिन्छ ।

कथाकार दयाराम श्रेष्ठले नेपाली कथा भाग-४ (२०६०) मा कथाको पात्रको वर्गीकरणका बारे यसरी विचार प्रस्तुत गरेका छन् :

"कथानकका लागि आवश्यक पर्ने उपकरणहरू क्रियाव्यापार द्वन्द्व को प्रत्यक्ष सम्बन्ध पात्र सँग नै हुन्छ । त्यसैले कथामा पात्र चाहे (मानव पात्र होस् अथवा मानवेत्तर) भन्नासाथ अभिप्रेरणा र स्थिरताको अर्थमा सफल भएको हुनु अति आवश्यक छ । कथाकारले पात्ररूपी संयन्त्रको कुशल पहिचालन गर्दा चरित्राङ्कनलाई खुबै ध्यान दिएको हुन्छ । यसका लागि

प्रत्यक्ष वा नाटकीय कुनै पनि विधि वा दुवै विधिलाई प्रयोग गरिन्छ । जुनसुकै विधिको प्रयोग गरिए तापनि कथामा पात्रको नीजि पहिचान देखिनु पर्दछ" (श्रेष्ठ, २०६९, पृ. १०) ।

कृष्णहरि बराल र नेत्र एटमले **नेपाली कथा र उपन्यास** (२०६३) मा "कथाका चरित्र (पात्र) र चरित्र चित्रण गर्ने क्रममा कथामा कुनै प्रकारको भूमिका खेल्ने व्यक्तिलाई चरित्र वा पात्र भनिन्छ । चरित्र ले नै कथालाई अघि बढाउने, घटनाको प्रतिक्रियाप्रति लेखकीय प्रभाव उत्पन्न गर्न सघाउने र संवाद प्रस्तुत गर्ने काम गर्दछ । यसबाट मानवीय अभिवृत्तिहरू प्रकट हुन्छन् । कथामा प्रयोग गरिएको मानव वा मानवकै ढङ्गले प्रयोग गरिएका मानवेत्तर वस्तुलाई पनि चरित्र वा पात्र भनिन्छ । कथामा पात्रहरूलाई विभिन्न किसिमले प्रयोग गरिएको हुन्छ- प्रमुख, सहायक र गौण चरित्र" (बराल र एटम, २०६३, पृ. ९) । कथाको महत्वपूर्ण कार्य/भूमिका भएको पात्र प्रमुख हुन्छ । यसमा नायक, नायिका वा खलनायक आदि प्रमुख हुन्छ । सहायक भनेको सहनायक, सहनायिका आदि मुख्य कथानक सहयोगी चरित्र हुन् भने गौण चाहिँ खासै महत्वपूर्ण भूमिका नभएका सामान्य चरित्र हुन् । कथाकारहरूका साझा विचार र स्थापित मान्यता अनुसार कथालाई प्रमुख सहायक र गौण पात्रको रूपमा वर्गीकरण गरिएको पाइन्छ । कथाको पात्र विधानगत मान्यतानुरूप प्रमुख, सहायक र गौण पात्रहरूको लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताका आधारमा कुनै पनि कथाकृति भित्रका कथाहरूलाई शोधनिष्ठ विश्लेषण गर्न सकिन्छ ।

### ३.३ कथाको सिद्धान्त र परिभाषा

ईश्वर बरालले **आख्यानको उद्भव** (काठमाडौँ : साझा प्रकाशन), पृ.२ मा साहित्यको प्रमुख चार विधामध्ये कथा एक सर्वप्राचीन, लोकप्रिय र महत्त्वपूर्ण विधा हो । कथाको जन्म सृष्टिको आरम्भदेखि चलिआएको मानिन्छ । कथाको विकास र विस्तार कथा भन्ने र सुन्ने परिपाटीबाट अघि बढेको देखिन्छ । अङ्ग्रेजीमा कथालाई 'सर्टटेल' र पछि 'सर्टस्टोरी' भनिएझैँ फ्रान्सेलीमा कथालाई 'नोभेला' हिन्दीमा 'कहानी' बङ्गालीमा 'गल्प' र नेपालीमा 'लघु कथा', 'छोटो कथा' र 'कथा' भनेको पाइन्छ । आधुनिक कथा विधाको जन्म अमेरिकामा भई त्यहाँबाट झ्याङ्गिँदै एशियासम्म आइपुगेको पाइन्छ । कथा मूलतः उन्नाइसौं शताब्दीको देन मानिन्छ । संस्कृत वाङ्मयमा कथाको सुदीर्घ परम्परा पाइन्छ । ऋग्वेदका अनेक स्थलमा कथातत्त्वपूर्ण संवाद र प्रभावशाली स-साना कथाका वीज देख्न सकिन्छ । 'ब्राह्मण', 'आरण्यक' र उपनिषद् ग्रन्थमा कथा मार्मिक रूपमा यत्रतत्र पाइन्छ ( बराल, २०३९ : २) भनेका छन् ।

दयाराम श्रेष्ठले साहित्यिक विधाको रूपमा मान्यताप्राप्ति कथाको आफ्नै सैद्धान्तिक ढाँचा छ । पूर्वीय तथा पाश्चात्य जगत्मा पुराना कथाको अतिप्राचीन परम्परा रहेको पाइन्छ

तापनि आधुनिक समीक्षाशास्त्रअनुसार यसको जुन रूपलाई विधागत रूचीकृति प्रदान गरिएको छ, त्यो १९ औं शताब्दीको पाश्चात्य जगत्कै देन हो । गद्य भाषाको किस्सा तथा पात्र प्रधान वा कथात्मक निबन्धको समीकरणबाट वास्तवमा आधुनिक कथा विधाको जन्म भएको हो । त्यसपछि यसको विकास जुन गतिमा द्रुत रूपले हुँदै गयो, त्यसैले सैद्धान्तिक अभिकल्प पुरै रूपायित भयो र आज यो एक अतिप्रिय तथा प्रभावकारी साहित्य रूप भएर विश्वभरि नै जगमगाएको छ (श्रेष्ठ, २०६० : ६) भनी चर्चा गरेका छन् ।

कृष्णप्रसाद आचार्य र कृष्ण बहादुर बस्नेतले **आधुनिक नेपाली उपन्यास र कथा**, (काठमाडौँ : दीक्षान्त पुस्तक प्रकाशन), पृ. ३०२ मा कथा सुन्ने र सुनाउने परम्परा मौखिक रूपमा धेरै पहिलेदेखि रहेको हुनाले विश्वइतिहासमै कथाको यात्रा अत्यन्त प्राचीन देखिन्छ । पूर्वीय र पाश्चात्य साहित्यमा कथाको परम्परा अतिप्राचीन देखिए पनि आधुनिक साहित्यशास्त्र अनुसार विधागत स्वीकृति प्रदान गरिएको कथाको प्रारम्भ भने पाश्चात्य जगत्मा १९ औं शताब्दीदेखि प्रारम्भ भएको हो भन्ने विद्वानहरूको मत रहेको छ (आचार्य र बस्नेत, २०६३ : ३०२) भन्ने कुरा व्यक्त गरेका छन् ।

उपर्युक्त सैद्धान्तिक विश्लेषणका आधारमा कथा पाश्चात्य साहित्यमा विकसित सर्वप्राचीन आख्यान विधा हो । जुन १९ औं शताब्दीमा आएर कथाको विधागत मान्यता प्राप्त गरी विश्वमा सर्वत्र झ्याङ्गिने क्रममा नेपाली भाषा साहित्यको एक अभिन्न मौलिक र स्वतन्त्र विधाको रूपमा लोकप्रिय बनेर रहेको कुरा स्पष्ट हुन्छ ।

कथा विधालाई चिनाउने क्रममा विविध विद्वान, साहित्यशास्त्री, कथाकारहरूले दिएका परिभाषाद्वारा कथा सिद्धान्त र यसको विधागत स्वरूप तथा औचित्यलाई थप प्रष्ट पार्न सकिन्छ । ती मध्ये केही चर्चित महत्वपूर्ण परिभाषाहरू यसप्रकार छन्:

“कथा भनेको एउटा यस्तो कथात्मक कृति हो जुन छोटो हुनाले एक बसाइमै पढेर सिध्याउन सकिने आफैमा पूर्ण पाठक प्रभाव परक हुन्छ” -एडलर एलेन पो (उद्यृत श्रेष्ठ, ., २०६०, पृ.८) भनी कथाको परिभाषा दिएका छन् ।

“आधुनिक कथा एक चेतनशील साहित्यिक प्रयासको चलाखीपूर्ण कलात्मक उपलब्धि हो -आर. के . लगू, (उद्यृत श्रेष्ठ, २०६०, पृ.८) भनेका छन् ।

“आदि, मध्य र अन्त्यको आख्यानात्मक रूप नै कथा हो”- समर सेट मम (उद्यृत श्रेष्ठ, २०६०, पृ.७) भनी कथालाई चिनाएका छन् ।

“कथा एउटा यस्तो रचना हो जसमा जीवनको कुनै एक अङ्ग वा कुनै एउटा मनोभावलाई प्रदर्शित गर्नु नै लेखकको उद्देश्य भएको हुन्छ ।” यसका पाटा शैली, कथा विन्यास सबैले त्यही एउटै भावको पुष्टि गर्दछन् - प्रेमचन्द (उद्यृत श्रेष्ठ, २०६०, पृ.७)

"छोटो किस्सा एउटा सानो आँखीभ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ । थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बानी हो, यसको कला र नाटकीयपनले चट्ट जीवनलाई एक दृश्यमा हुन्छु ।" ‐ लक्ष्मीप्रसाद देवकोटा (उद्घृत श्रेष्ठ, २०६०, पृ.७-८)

"कथामा मानिसको यस्तो अवस्था विशेषको अभिव्यञ्जना खासगरी हुन्छ जसबाट त्यसपात्रको स्वभाव अथवा कुनै एक प्रकृति विशेषको परिचय पाठकले पाउँदछन् ।" ‐ रात्नध्वज जोशी (उद्घृत श्रेष्ठ, २०६०, पृ.८)

"एकोन्मुख प्रभाव उत्पन्न गरेर केवल एक उद्देश्य, एक प्रमुख पात्रको जीवनको कुनै अङ्को र त्यस जीवन सम्बन्धी कुनै एक मुख्य घटना वा भावदशाको मात्र उद्घाटन गर्दछ ।"- ईश्वर बराल (उद्घृत श्रेष्ठ, २०६०, पृ.८)

उपर्युक्त पाश्चात्य तथा नेपाली साहित्यकार एवम् कथाकारहरूका परिभाषाका आधारमा कथा लघु आयाम मुक्त स्वतन्त्र, कलात्मक, प्रभावपरक उद्देश्यमूलक कथात□वमा आदि, मध्य र अन्त्यको संरचनामा बाँधिएको गद्य आख्यानात्मक प्राचीनतम लोकप्रिय विधा हो भन्न सकिन्छ ।

### ३.३.१ कथाको रचना विधान

एउटा पूर्ण र प्रभावपरक कथा निर्माणका निम्ति आवश्यक संरचक घटकहरूको सुसङ्गठित क्रमिक विन्यासयोजनालाई कथाको रचना विधान भनिन्छ । कथा रचनाका घटकहरूको सम्बन्धमा विद्वानहरूद्वारा आ-आफ्नै किसिमले व्याख्या विश्लेषण गरिएको पाइन्छ । तिनका केही महत्त्वपूर्ण परिभाषालाई प्रस्तुत शोध कार्यको सन्दर्भमा कथा रचना विधानका रूपमा यसप्रकार हेर्न सकिन्छ :

"कथाको कोमलतम स्वरूप र विकासशील प्रकृतिले गर्दा यसलाई निश्चित शास्त्रीयतामा बाँध्न नसकिए तापनि सामान्यतया यसमा रहने अत्यावश्यक तत्त्वहरूका आधारमा कथावस्तु, पात्र, संवाद, भाषा शैली, वातावरण (देश, काल, परिस्थिति) र उद्देश्य रहेका हुन्छन्" भनेका छन् (थापा, २०५० : ५१) ।

"कथाका आठवटा घटक मानेको पाइन्छ - कथानक, चरित्र, सारतत्त्व, दृष्टिविन्दु, भाषा, प्रतीक र विम्ब, पर्यावरण, लय र गति" (बराल र घिमिरे, २०५५ : २०) ।

"कथानक, क्रियाकलाप, पात्र, घटना, सङ्घर्ष, परिवेश, कुतूहल, चरमोत्कर्ष प्रभावोनति गरी नौ वटा घटकहरूको उल्लेख गरेका छन्" (बराल, २०३९ : २) ।

"कथानक, पात्र र विषयसूत्र कथाका प्रमुख संरचक घटक हुन्" भनेका छन् (शर्मा, २०५७) ।

"कथालाई चिनाउने क्रममा 'कथाको रचना विधान' अन्तर्गत संरचना र रूपविन्यास गरी दुई पक्षको चर्चा गरेका छन् । संरचनाअन्तर्गत कथावस्तु, पात्र, दृष्टिविन्दु र सारवस्तु पर्दछन् भने रूपविन्यासका संवृत र विवृत पक्ष रहेका छन् । विवृतभित्र पदविन्यास, वाक्यविन्यास, विम्व, तुलना, प्रतीक, शीर्षक हुन्छन्" भनी नवीन सैद्धान्तिक अवधारणा अगाडि सारेका छन् (श्रेष्ठ, २०६० : ८-१२) ।

माथिका कथात्मक परिभाषा र तिनका **त□व**हरू आफैँमा गहन र मह□वपूर्ण रहेका छन् । तापनि सबैको मतलाई हेर्दा साझा मतका रूपमा विभिन्न साहित्यशास्त्रीले सुविधाका लागि कथाका घटकहरू यसरी निर्धारण गरेको पाइन्छ - कथावस्तु, पात्र वा चरित्र चित्रण, परिवेश (रुचिक्षेत्र), दृष्टिविन्दु, भाषाशैली र सारवस्तु (उद्देश्य) ।

उल्लिखित परिभाषाका आधारमा कथाका **तत्व**हरूको सङक्षिप्त चर्चा यसप्रकार गरिएको छ :

### ३.३.१.१ कथावस्तु

कथा रचनाको संरचना पक्षअन्तर्गत पर्ने कथावस्तु भन्नाले परम्परामा अनुबन्धित गरिएको त्यस्तो रूपाधार भन्ने बुझिन्छ जसमाथि समग्र कथाकै संरचना निर्माण गरिन्छ । यस रूपधारलाई तार्किक वा सचेत रूपले योजनाबद्ध, गरिएको हुन्छ । अर्थात् ती घटनाहरूलाई निश्चित काल र स्थलको सीमा भित्र केन्द्रित गरी कार्य कारण सम्बन्धद्वारा एउटा ढाँचामा ढालिएको हुन्छ । त्यसैले कथामा कथावस्तु विश्रृङ्खलित वा अनुक्रमहीन हुँदैन । यथार्थ जीवन श्रृङ्खलाहीन वा अव्यवस्थित हुन सक्ला, तर एक सच्चा कथाकारले त्यस्तै जीवनबाट सारभूत घटनाहरू लिएर चयन तथा त्रमाङ्कनको प्रक्रियाद्वारा ती घटनाहरूलाई एउटा श्रृङ्खला वा क्रममा बाँधेर प्रभावकारी कथावस्तुको निर्माण गरिदिन्छ । त्यसैले कथावस्तु कृत्रिम निर्माणको परिणामबाट निर्मित हुन्छ ।

पात्र र घटना वा स्थितिको अन्योन्यक्रियाबाट कथावस्तु बन्दछ । त्यसैले त्यसको निर्माण दुई कच्चा पदार्थहरूबाट हुन्छ ती हुन्- क्रियाव्यापार र द्वन्द्व । कथामा पात्रहरूले जे भन्दछन्, वा गर्दछन् वा सोच्दछन्, तिनीहरूका भनाइ, गराइ वा सोचाइको परिणामबाट नै क्रियाव्यापारको निर्माण हुन्छ । कथावस्तुलाई यही क्रियाव्यापारकै पूर्णरूप मानिन्छ । वास्तवमा कथावस्तुले क्रियाव्यापारको क्रमबद्ध ढाँचालाई नै बुझाउँदछ । कथावस्तु भन्नु नै कथालाई जीवित बनाइ राख्ने जीवकोषहरूको अन्तर्सङ्गठन हो । यस्तो अन्तसर्ङ्गठन तयार पार्ने दुई पद्धतिहरू हुन्छन् ती हुन् -दृश्यात्मक पद्दति र विवरणात्मक पद्धति । यी दुवै पद्धति अन्तर्गत घटना विकासको मन्दगति पात्र र कथानोपकथन, क्रियाव्यापार र द्वन्द्वको युक्तिपूर्ण विकास पर्दछन् (श्रेष्ठ, २०६०: ८:१२) ।

### ३.३.१.२ पात्र र चरित्र चित्रण

कथात्मक सङ्कथन अन्तर्गत पर्ने सबै विधाहरूमा पात्र अपेक्षित हुन्छ । कथा विधामा कथाकारलाई सोझै आफ्ना धारणा वा विचारहरू अभिव्यक्त गर्ने स्वतन्त्रता हुँदैन । केही गरी यो स्वतन्त्रता लिन खोजेमा कथामा आग्रही करण भन्ने दोष वा आरोप लाग्दछ । त्यसैले यस दोषबाट सर्वथा बच्न कथाकारले कथामा नाटकीकरणको युक्ति ग्रहण गर्दछ जसका लागि पात्रहरूको कल्पना नगरी नहुने हुन्छ । पात्रहरूको केन्द्रीयतामै कथाका सम्पूर्ण क्रियाकलाप वा घटनाहरू सञ्चालित हुन्छन् । त्यसैले कुनै कथाबाट पात्रहरूलाई झिकिदिने बित्तिकै कथाको सम्पूर्ण संरचना नै धरासायी हुन्छ । एक्लो क्रिया व्यापार वा घटनाको कुनै अर्थ हुँदैन पात्रले नै त्यसलाई अर्थ दिने गर्दछ । त्यसैले कथाको संरचनामा पात्रलाई मूल स्तम्भ वा खाँवो मान्ने गरिन्छ ।

कथामा पात्रको स्थापना दुई कुरामा निर्भर रहन्छ; ती हुन्-उत्प्रेरणा र स्थिरता । यिनै दुई कुराहरूले पात्रलाई जीवन्त र विश्वासनीय पनि तुल्याउँछन् । पात्रहरूले जे भन्दछन्, सोच्दछन् र गर्दछन् यी सबैको परिणामको पछाडि कुनै न कुनै औचित्यपूर्ण वा तर्कसम्मत कारक देखाउनु नै उत्प्रेरणा हो । उत्प्रेरणाले नै पात्रलाई मानवीय गुण युक्त स्वभाविक मानिस बन्नमा प्रेरणा दिन्छ । त्यसैगरी पात्र स्थिरताको अर्थ हुन्छ स्वभाव, प्रवृत्ति तथा चरित्रको ठीकठाक अर्थात् जुन पात्र जे हो, त्यही रूपमा वास्तविक प्रस्तुतीकरण गर्नु । उत्प्रेरणा र स्थिरतालाई दृष्टिगत गरेर कथाका पात्रहरूको चरित्र विश्लेषण गर्ने हो भने कथाकारले पात्रको चरित्रको अङ्कन दुई विधिबाट गर्ने गरेको पाइन्छ, ती दुई विधि हुन्- प्रत्यक्ष विधि र नटकीय विधि ।

प्रत्यक्ष विधि- योजनाबद्ध कथा लेखन कार्यमा कहिलेकाहीँ शिल्पगत समस्या आइलाग्दा, वा कुनै पात्रलाई केन्द्रीयता प्रदान गर्नु पर्दा वा पात्र-पात्रका बीच तुलना गरी तिनीहरूका स्वभावगत गुण दोषको वर्णन एवम् मूल्याङ्कन गर्नुपर्दा स्वयम् कथाकारले नै आधिकारिक रूपमा शब्द, पदावली वा वाक्य प्रयोग गरेर सिधै चरित्र चित्रण गरेमा प्रत्यक्ष विधि हुन्छ ।

नाटकीय विधि- कुनै पात्रको क्रियाव्यापारमा उसका सोचाइ, काम गराइ तथा भनाइका परिणामहरू अन्तर्निहित हुन्छन् । त्यसैले समग्रमा उसका क्रिया व्यापारहरूको विश्लेषणबाट उसका आन्तरिक प्रवृत्ति, स्वभाव एवम् अन्य गुण र अवगुणहरूका बारेमा सहजै थाहा पाउन सकिन्छ । यही नै चरित्राङ्कनको नाटकीय विधि हो । यस विधि अन्तर्गत स्वयम् कथाकारले आफू नेपथ्यमा बसेर पात्रलाई कथावस्तुभित्र गतिमान गराई पात्रको चरित्रअङ्कन गर्ने जिम्मेवारी पाठक वर्गलाई सुम्पिदिन्छ (श्रेष्ठ, २०६०: ८:१२) ।

### ३.३.१.३ परिवेश

कथामा पात्रहरूले कार्यकलाप गर्ने वा घटनाहरू हुने स्थान, समय र त्यसको पाठकमा पर्ने मानसिक प्रभावलाई परिवेश भनिन्छ । परिवेश एउटा परिस्थिति पनि हो जसले पाठकलाई कृतिसित बाँध्ने गर्छ । परिवेश भनेको कथामा आउने घटना र चरित्रलाई उपयुक्त किसिमको पृष्ठभूमि प्रदान गर्ने दृश्य, कार्यको समय र ठाउँ हो । यसलाई देशकाल पनि भनिन्छ । यसमा जीवनका कथा, रीतिरिवाज, रहनसहन, व्यवहार, प्राकृतिक पूर्वाधार पनि पर्दछन् । भौतिक स्थल, सम्बद्ध प्राकृतिक स्थिति एवम् समयवृत्त स्थूल परिवेश हो भने सामाजिक भावभूमि, रीतिस्थिति, पात्रको विचार, ढाँचा आदिको समष्टि चाहिँ सूक्ष्म परिवेश हो । देशकालको सही आयोजनाले कथामा वर्णन गरिने घटना र चरित्रले गरेका कामको विश्वासनीयता बृद्धि हन्छ । मान्छेका दिमागमा भएका क्रियाकलाप पनि यसैमा पर्छन् । कुनै दुर्गम स्थान, त्यसका विशिष्ट पात्रहरू तथा त्यसैको उद्घाटन गर्ने उद्देश्यले आञ्चलिक कथा सिर्जना हुन्छ । (बराल र एटम, २०६३ : नेपाली कथा र उपन्यास, पृ.१०) ।

### ३.३.१.४ दृष्टिविन्दु

कथावस्तु प्रस्तुतिको योजनालाई मूर्तरूप दिने युक्तिलाई दृष्टिविन्दु भनिन्छ । कथामा यस उक्तिका दुई रूप हुने गर्दछन् ती हुन्- आन्तरिक दृष्टिविन्दु र बाह्य दृष्टिविन्दु सम्पूर्ण कथालाई प्रथम पुरुष ‘म’ को आँखाबाट दृश्यमान् गराउने हो वा तृतीय पुरुष ‘ऊ’ को आँखाबाट ! ‘म’ को आँखाबाट दृश्यमान गराइएको कथामा आन्तरिक दृष्टिविन्दु रहन्छ ।

बाह्य दृष्टिविन्दुको प्रयोग गरिन्छ । कथामा ‘त्यो वा ऊ’ पात्र हुन्छ र त्यस्तो पात्रको आफ्नै आकाश वा भिन्न भिन्न दिक्काल हुन्छ । कथाकारले आफू नेपथ्यमा बसेर त्यस्ता पात्र वा पात्रहरूका विचार वा भावनाको संसारलाई कथामा प्रतिबिम्बित गरिदिन्छ - क्रियाव्यापारसँगको अन्योन्यक्रियाद्वारा पात्रको यस्तो स्थितिलाई ध्यानमा राखेर बाह्य दृष्टिविन्दुका मुख्य तीन प्रकारहरू निर्धारण गरिएको पाइन्छ । ती हुन् सर्वदर्शी, सीमित र वस्तुपरक ।

कथामा एकभन्दा बढी पात्रहरूको दृष्टिविन्दुलाई समेटिएको बाह्य दृष्टिविन्दु सर्वदर्शी हुन्छ । कथाकारले एकपछि अर्को गर्दै ती पात्रहरूको मनभित्र डुबुल्की लिन्छ र मार्मिक अनुभूतिहरूलाई संवाद वा वर्णन वा मानसिक प्रतिक्रियाद्वारा शब्द वा वाक्यमा भनिदिन्छ ।

आकारगत सीमाले गर्दा आधुनिक कथामा परिमित पात्रहरू हुन्छन् । यदि कथाकारले ती परिमित पात्रहरूमध्येबाट कुनै एक मुख्य पात्रको दृष्टिविन्दु कथामा प्रस्तुत गरेमा त्यो सीमित बाह्य दृष्टिविन्दु हुन्छ । कथाका कुनै पनि पात्रको दृष्टिविन्दु प्रस्तुत नगरिएमा त्यो वस्तुपरक बाह्य दुष्टिविन्दु हुन्छ । यस्ता कथाहरू प्रायः मनोविनोदप्रिय  हुन्छन् । प्रयोगवादी

कथाहरूमा पनि यसको प्रयोग हुन्छ । जासुसी-तिलस्मी र स्वैरकल्पना प्रधान कथाहरूमा यसको बढी प्रयोग हुन्छ (श्रेष्ठ, २०६०: ८:१२) ।

**३.३.१.५ भाषाशैली** (रूप**विन्यास**)

रूपविन्यास (संवृत र विवृत-पदविन्यास, वाक्यविन्यास, विम्व, तुलना, प्रतीक, शीर्षक) लाई आधुनिक कथाको सैद्धान्तिक आधार मान्न सकिन्छ (श्रेष्ठ, २०६०: ८:१२) ।

यस अन्तर्गत शब्द वा पद-पदावलीहरूको चयन र तिनीहरूको अर्थ-क्षमता, लय वा अनुप्रासयुक्त पदावलीहरूको क्रम, पदहरूको ध्वन्यात्मक स्वरूप आदि पर्दछन् । शब्द भण्डारको दरिद्रता वा धनाढ्यताले कथाको रूपाधारलाई निकै नै प्रभाव पार्दछ । उपयुक्त अभिव्यञ्जनात्मक शब्दको अभावमा सम्पूर्ण कथा नै कुरूप बन्न पुग्दछ । सुन्दर रूपविन्यास भएका कथामा पदविन्यासले अभिव्यक्तिको नयाँ रूपलाई ग्रहण गरेको हुन्छ ।

यस अन्तर्गत कथामा प्रयुक्त वाक्यहरूको गठन-प्रकृति पर्दछ । भाषाको प्रवाहमा गतिरोध ल्याउने वाक्यहरूले कथाको संरचनालाई नै असर पार्न सक्ने सम्भावना रहन्छ । कथामा कथनोपकथन पनि रहन सक्ने वा रहने हुँदा भाषिक एकरूपताको सापेक्षिक अर्थ रहेको हुन्छ । कथाको विषयले पनि वाक्य विन्यासलाई धेरै मात्रामा प्रभाव पार्दछ ।

विम्बको अर्थ हुन्छ काल्पनिक चित्रको निर्माण । कथामा कहिलेकाहीँ विम्बको निर्माण किन गर्नु पर्दछ भन्ने यसले कुनै स्थान विशेष, दृश्य वा परिवेश मण्डल, व्यक्ति चरित्र, सामाजिक नैतिक मानक इत्यादिलाई चित्रोपम बनाएर जीवित रूपमा उपस्थापन गराउँदछ । कथामा चित्रणको सन्दर्भमा पनि यसको ठूलो उपादेयता रहन्छ । यसमा काल्पनिक चित्र निर्माण गर्नुपर्ने भएकाले कथाकारमा भाषिक कुशलताको ठूलो आवश्यकता पर्दछ । चित्र कलाको शैलीमा अनुकूल भावको सिर्जना गर्नुपर्ने भएकोले विम्व रचना गर्दा कथाकारले भाषाका माध्यमबाटै प्रभाव उत्पन्न गर्न सक्नु पर्दछ । चिद्वैषम्य विम्बकै एक प्रकार हो । यसले पाठकको अनुभूतिलाई गहनता प्रदान गर्दछ ।

विशेष गरेर विवृत रूपविन्यास भएका कथा-कृतिहरूमा तुलना अन्तर्गत प्राक्सन्दर्भ, उपमा आदिको निकै रहरलाग्दो प्रयोग गरिएको हुन्छ । यी वास्तवमा कविताहरूमा प्रयोग हुने अलङ्कारहरू हुन् तापनि कथामा यी अलङ्कारहरूले समग्र शैलीलाई प्राञ्जल अथवा सुन्दर तुल्याउँछन् । प्राक्सन्दर्भ पौराणिक, ऐतिहासिक वा सांस्कृतिक मात्र नभएर समसामयिक पनि हुन सक्तछन् । कथामा यसको यथोचित प्रयोगबाट अर्थ गाम्भीर्यमा थप सघाउ पुऱ्याउँदछ । त्यस्तै उपमा आदिको प्रयोगबाट पनि भाव सम्प्रेषणमा सजीव आउँदछ । यसरी तुलनाले कथाको रूपविन्यासलाई आकर्षक बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ ।

प्रतीक एक प्रकारको भाषा हो । कथा कृतिहरूमा कुनै पात्रको मनको स्थिति, उसका प्रवृत्ति वा अभिवृत्ति, स्वभाव, चरित्र आदिलाई प्रस्तुत गर्नु परेमा वा कुनै घटना वा परिस्थितिलाई बोध गराउनु परेमा प्रतीकहरूको प्रयोग गर्ने गरिन्छ । प्रतीकले मूर्त-अमूर्त दुवै वस्तु वा स्थिति विशेषको प्रतिनिधित्व गर्दछ र यो आफै भाषा बनेर व्यक्त हुन थाल्दछ । यसरी कथाहरूमा घटना विस्तारको क्रममा वा पात्रको पहिचानको क्रममा देखा पर्ने प्रतीकहरूले सौन्दर्य थप्दछन् । कथामा प्रतीक प्रयोग अनिवार्य छैन तापनि यो भएमा कथामा शैलीगत स्तर उच्च हुन्छ ।

प्रतीक सान्दर्भिक हुनु पनि त्यत्तिकै आवश्यक छ, अन्यथा कथाको बोधगम्यतामै प्रतिकूल असर पर्न सक्तछ । कहिलेकाहीँ कथामा प्राक् सन्दर्भले पनि प्रतीक बनेर आउन सक्तछ ।

शीर्षक चयन एउटा संवेदनशील कला हो । यो अनिवार्य हुन भएकाले सर्जकले यसलाई पनि आफ्नो सिर्जनाको एक अभिन्न अङ्ग बनाउने हेतुले मुख्यतया निम्नलिखित दुई कुराहरूमा विशेष ध्यान दिएको हुन्छ :

१. दिइएको शीर्षकले कथाको मूल कथ्यलाई व्यक्त गर्न सकोस्, अथवा कथाको गुढ अन्तर्विषयलाई प्रतिविम्बन गर्न सकोस् ।

२. शीर्षक सुन्दर, मीठो, आकर्षक, मौलिक र रोचक पनि होस् ।

शीर्षकसँग भाषागत संवेदनको अन्तर्सम्बन्ध रहेको हुन्छ । कथाकारले यथासक्य मितव्ययिताको बाटो अँगाल्दछ र कम भन्दा कम शब्द वा शब्दावलीमा शुरुमै पाठकमा एउटा मीठो प्रभाव दिने चेष्टा गर्दछ । एउटा हिड्ने लामो वाक्य नै कथाको शीर्षक राख्न प्रायः उचित नहुने कुरालाई ध्यानमा राखेर कथाकारले शीर्षकलाई अर्थपूर्ण सारगर्भित, सान्दर्भिक र औचित्यपूर्ण बनाउन ठीक-ठीक पद वा पदावलीको चयन गर्दछ जुन दर्पणका रूपमा मूल पाठसँग सजिन्छ ।

प्रत्येक कथाकारको शीर्षक राख्ने तरिका आ-आफ्नो हुन्छ । यो कार्य सापेक्षिक हुने भएकाले पुराना कथाका शीर्षकहरू बढी यथार्थपरक, मूर्त र प्रत्यक्ष कथन ढाँचाका हुने गर्दछन् भने आजका कथाहरूको शीर्षक बढी कवितात्मक, अमूर्त र अप्रत्यक्ष कथन ढाँचाका हुने गर्दछन् । यो भिन्नता कथाको संरचनात्मक मूल्यमा आएको परिवर्तनले भएको हो । त्यसैले शीर्षक चाहे प्रतीकात्मक होस् वा ध्वन्यात्मक वा लाक्षणिक नै किन नहोस् । सदैव कथाको रचना विधानद्वारा नियन्त्रित हुन्छ ।

### ३.३.१.६ सारवस्तु

कुनै कथामा आत्मा झैं अन्तर्निहित आधारभूत धारणा वा विचार मान्यता नै सारवस्तु हो । यसलाई केन्द्रीय भाव, निर्देशित, विचार वा अन्तर्निहित सत्य भन्ने गरिन्छ । कुनै कथाकृति पाठ सकेपछि समग्रमा हामी त्यसमा जुन अर्थ खोज्दछौं वा कथाकारले पाठक समक्ष पुऱ्याउन खोजेको जुन सत्य वा अर्थसत्य खोज्दछौं, त्यही नै कथाको सारवस्तु हो । सारवस्तु कथावस्तुको मेरुदण्ड बनेर बसेको हुन्छ । अङ्गहरूलाई गतिमान तुल्याउने शक्ति भनेकै सारवस्तु हो । यसको अभावमा कथा प्राणहीन हुन्छ ।

कथा लेखन कर्ममा सारवस्तुका आगमनात्मक तथा निगमनात्मक दुवै प्रक्रिया भएतापनि कथामा यसको खोजी वा आविष्कार गर्ने चरणहरू मुख्यतः दुई छन् ती हुन्- कथाको अर्थक्षेपणको सही निर्क्योल र कथाको उद्देश्यको सही पहिचान (श्रेष्ठ, २०६०: ८:१२) ।

कथामा सारवस्तु रहने भएकाले कथाकारले विभिन्न कोणबाट कथ्यलाई पाठक समक्ष पुऱ्याइरहेको हुन्छ । त्यसैले सबै कथाहरूको अर्थ क्षेपण सदा एकै ढाँचाको हुँदैन । कथाकारहरूले विभिन्न माध्यमहरूलाई आधार बनाएर पाठक वर्गसँग साहचर्यको अपेक्षा गर्दछन् । यस दृष्टिले कथामा अर्थ क्षेपणका निम्न लिखित मुख्य मुख्य रूप रहने गरेको पाइन्छ - अभिधात्मक, अन्योक्तिमूलक र प्रतीकात्मक ।

अभिधात्मक- कथामा अर्थ क्षेपणको आम अभ्यास सरल नै हुने गर्दछ । यसमा सामान्य प्रकारको कथावस्तुको निर्माण गरी यथार्थको तह निर्वाह गरिएको हुन्छ र कथाकारले सिधा सम्प्रेषणद्वारा पाठक वर्गसँग संवेगात्मकता स्थापना गर्दछ ।

अन्योक्ति मूलक- अन्योक्तिले यथार्थभन्दा भिन्न रहस्यपूर्ण सत्यको द्योतन गर्दछ । यसमा कथावस्तु तथा त्यससँग सम्बद्ध दृष्टिविन्दु, पात्र आदि संरचनात्मक लक्षणहरू बढी काल्पनिक वा स्वैरकाल्पनिक पनि हुन सक्तछन् । कथाकारले कथाका सम्पूर्ण युक्तिहरूलाई जसरी मोडे तापनि समग्रमा कुनै न कुनै सत्यलाई नाटकीकरण गरिरहेकै हुन्छ - यो कुरो कथाको विषय सम्पादनबाट स्पष्ट हुन्छ ।

सारवस्तु भनेको नै यही सत्यको नाटकीकरण हो । अन्योक्तिमूलक अर्थ क्षेपणमा सम्प्रेषण-माध्यम वक्रगतिको हुने गर्दछ ।

प्रतीकात्मक - कथामा अर्थको गहनता खोज्ने तथा कुनै एक मूर्त वा अमूर्त वस्तुलाई केन्द्र बनाएर त्यसैमा आफ्नो भाव वा विचार अभिव्यक्त गर्न चाहने कथाकारले समग्र कथाका लागि प्रतीकको खोजी गरेर अर्थ-क्षेपण तय गर्दछ । प्रतीक मूर्त विधानका निमित्त हुन्छ-त्यो बोल्छ र आफै प्रकाश्यमान् हुन्छ । जब यसरी प्रतीकले समग्र कथालाई

नियन्त्रित गर्दछ अथवा कथाको संरचनात्मक निर्माणमा प्रमुख भूमिका खेल्दछ, त्यस्तो कथाको अर्थक्षेपण प्रतीकात्मक हुन्छ ।

**उद्देश्य**

कथाको उद्देश्यले सारवस्तुलाई उजिल्याउँछ । कथाको सारवस्तु उद्देश्यभन्दा टाढा हुँदैन, वास्तवमा यो उद्देश्य नै पारदर्शी रूपमा रहेको हुन्छ । कथामा कथाकारको उद्देश्य भिन्न-भिन्न हुन्छन् । वास्तवमा सम्पूर्ण कथाहरू केलाएर हेर्ने हो भने उद्देश्यको एउटा लामो सूची नै तयार हुन सक्तछ ।

उपर्युक्त सिद्धान्तका परम्परागत तथा आधुनिक नवीन मान्यताहरू कथा रचनाका निम्ति प्रत्यक्ष वा परोक्ष रूपबाट उपयोगी रहेको देखिन्छ । पुरानो धाराका अनुसार कथा सिर्जना वा निर्माणका निम्ति आवश्यक घटक अर्थात् तत्त्वका रूपमा अवलम्बन गरिँदै आएको पाइन्छ । यद्यपि हाल आएर कथाको वैज्ञानिक अवधारणा र नयाँ चिन्तनका दृष्टिले कथाको रचना विधान संरचना र रूपविन्यासको पर्यावाची नामले कथा लेखन परम्परा विकसित भएको पाइन्छ । पछिल्लो समयमा आएर कथा रचनाको सैद्धान्तिक मान्यता प्राप्त संरचना पक्ष (कथावस्तु, दृष्टिविन्दु, पात्र, सारवस्तु र उद्देश्य) तथा रूपविन्यास पक्ष (संवृत र विवृत-पदविन्यास, वाक्यविन्यास, विम्व, तुलना, प्रतीक, शीर्षक) लाई आधुनिक कथाको सैद्धान्तिक आधार मान्न सकिन्छ ।

### ३.३.१.७ निष्कर्ष

यस परिच्छेदमा कथाको सैद्धान्तिक विषयहरूको चर्चा गर्ने क्रममा कथालाई प्रमुख केही भाषामा दिइने नामको सङ्केत गर्दै सुदीर्घ परम्परा रहेको स्पष्ट पारिएको छ । आधुनिक कथाको उत्पत्ति भने पाश्चात्य मुलुकमा १९ औँ शताब्दीमा भएको भन्ने कुरालाई राखिएको छ । कथा विधालाई चिनाउनका लागि विभिन्न साहित्यशास्त्रीहरूले दिएको परिभाषालाई उभ्याई अन्त्यमा सबै परिभाषाको निचोड समेत दिइएको छ । कथा रचना विधानको बारेमा विभिन्न विद्वान्को मतलाई अगाडि सारेर अन्त्यमा वर्तमान समयका नेपाली समालोचक एवम् कथाकार दयाराम श्रेष्ठको मतलाई विशेष प्राथमिकताका रूपमा हेर्दै उनले “नेपाली कथा भाग-४” मा अघिसारेको कथा विश्लेषणको माध्यमको चर्चा गर्दै कथाका संरचना पक्ष भित्रका कथानक, दृष्टिविन्दु, पात्र र सारवस्तुको समेत परिचय दिइएको छ । यस्तै रूपविन्यासको चर्चा गर्दै रूप विन्यास भित्रका संवृत तथा विवृत भेद र विवृत भित्र भाषाशैली (पदविन्यास, वाक्यविन्यास, बिम्ब, तुलना, प्रतीक, र शीर्षक) को सङ्क्षिप्त चर्चा गरिएको छ (श्रेष्ठ, २०६०: ८:१२) । प्रस्तुत **श्रद्धासुमन कथा सङ्ग्रहको** विधातात्विक **अध्ययन** माथि उल्लिखित कथा **तत्व**हरू- कथावस्तु, पात्र र चरित्र, परिवेश (रुचिक्षेत्र), दृष्टिविन्दु, भाषाशैली, उद्देश्य (सारवस्तु) का आधारमा गरिएको छ ।

## परिच्छेद : चार

# श्रद्धासुमन कथा सङ्ग्रहको विधातत्वका आधारमा विश्लेषण

### ४.१ विषय परिचय

नेपाली कथा फाँटमा कथाकार दिलीप शाहले पाँच कथाकृति प्रकाशित गरी आफ्नो साहित्यिक छवि विस्तार गरेका छन् । साहित्यका विविध विधामा रूचि राख्ने र तिनमा सशक्त कलम चलाउने शाहको 'श्रद्धासुमन' (२०६८) एक लोकप्रिय कथा सङ्ग्रह हो । संरचनात्मक आयाम १०५ पृष्ठसम्म फैलिएको यस सङ्ग्रहमा जम्मा १८ ओटा कथाहरू सङ्कलित छन् । आफू र आफ्नो परिवेशमा भोगेका, देखेका स-साना घटनाक्रम र सूक्ष्म वस्तुलाई अत्यन्तै कलात्मक र मार्मिक ढङ्गले प्रस्तुत गर्न शाह कुशल देखिन्छन् । उनको 'श्रद्धासुमन' कथा सङ्ग्रहमा सामाजिक कुरीति, विकृति-विसङ्गति, आर्थिक प्रशासनिक अनियमितता, शैक्षिक, राजनीतिक खिचातानी, मानव मूल्यको ह्रास, मानवीय पीडा, रोदन, निराशा जस्ता पक्षहरूको सशक्त उद्घाटन गरिएको पाइन्छ ।

प्रस्तुत कथा सङ्ग्रहलाई कथाका आवश्यक तत्त्वहरू कथावस्तु र ढाँचा, चरित्र र दृष्टिविन्दु, परिवेश, भाषाशैली र सारवस्तु (उद्देश्य) का कोणबाट कथा रचनाका शीर्षक अनुरूप क्रमशः यसप्रकार विश्लेषण गरेर हेर्न सकिन्छ :

### ४.२ 'विडम्बना'

### ४.२.१ कथावस्तु र ढाँचा

'विडम्बना' कथामा सुदूरपश्चिम क्षेत्रका कमैया संस्कृति र कमैयाका मुक्तिका नाममा अनेक सङ्घसंस्थाले औंल्याएका विसङ्गतिलाई उठाएर आरम्भ गरिएको छ । प्रायशः मध्यपश्चिम र सुदूरपश्चिमका आञ्चलिक विविधता र विषयवस्तुलाई कथाकारले प्रस्तुत गरेका छन् ।

यस कथामा समरबहादुर चौधरी (शनिश्चरे) को जीवनका विविध पक्षको कारूणिक चित्रण गरिएको छ । मध्यपश्चिमाञ्चलको निम्न वर्गीय परिवारमा जन्मिएको मुक्त कमैया सदस्य शनिश्चरेका विभिन्न रहर, आशा, उमङ्ग, सपनाहरू, पद, प्रतिष्ठासँग आफ्ना सुनौलो भविष्यको कल्पना आदिमा रमाउँदा-रमाउँदै अकालमा मृत्यु हुन पुगेपछिको दुःखद एवं मार्मिक पीडाको प्रस्तुति यस कथाको कथावस्तु बनेर आएको छ । शनिवारको दिन उसको जन्म भएकोले आमाले उसलाई बोलाउने नाम शनिश्चर राखेकी हुन् ।

जब ऊ पछि हुर्कँदै जान्छ र अरुभन्दा बाठोटाठो, सामान्य लेखपढ जानेको, गाउँको एउटा अगुवा व्यक्ति बन्दछ । फलस्वरूप देशमा जनक्रान्ति र विद्रोहको लामो सङ्घर्षपछि परिवर्तन स्वरूप उसमा केही नयाँ परिवर्तनहरू देखिन थाल्दछ ।

यस क्रममा २०६४ सालमा रेडियो नेपालबाट अर्थात् सरकारी तहबाटै कमैया प्रथाको उन्मूलनको घोषणा हुन पुग्दछ । जसको फलस्वरूप पढे लेखेको, बाठोटाठो, मिहिनेती र इमानदार व्यक्ति शनिश्चरेलाई कम्लरी समाजको अगुवा नेता छनोट गरिन्छ । यसपछि उसलाई बधाई र सम्मानको ओइरो लाग्दछ । कमैया मुक्त भएको घोषणापछि उसलाई घरमै आई विभिन्न संस्थाहरू साथी संस्था, रेडक्रस आदिले श्रद्धा, सम्मान बधाई दिँदै उनीहरूले नेताजीको हैसियतमा विविध आधुनिक सुख सुविधाका वस्तुहरू समेत जडान गरी दिन्छन् र ऊ समरबहादुर चौधरीको नामले लोकप्रिय बन्न पुग्दछ । समृद्ध देश र शक्तिशाली संस्थाको नेताको नजर पर्नुको मतलब पैसाको समेत ओइरो लाग्न थाल्छ । कालीकोट जिल्लाको 'कामको लागि खाद्यान्न' कोटाबाट कटाएर 'जी.टी.जेड' ले ६ महिनाका लागि पुग्ने चामल र तेल नेता समरबहादुरको घरमा थुपारेर जान्छ । यो समाचार देश, विदेशसम्म फैलिन्छ । 'थारू महिला उत्थान केन्द्र' ले छोराछोरी पढाउने ठेक्का लिन्छन् 'दलित सेवा सङ्घ' ले कापी कलम र स्कुल पोसाकको जिम्मा लिन्छ । 'राधाकृष्ण थारू जनसेवा' ले छोरीहरूको दाइजोको व्यवस्था गर्छन् । 'सिर्जना आमा समूह' र 'समाज कल्याण समितिले आमा र छोरीहरूको नियमित स्वास्थ्य परीक्षण गर्छन् । 'महिला विकास शाखा' र 'नारी शिल्प केन्द्र' ले महिला सशक्तीकरण र लैङ्गिक विकासको तालिम सहित दुईवटा सिलाई मेसिन जिम्मा लगाउँछन् ।

समरबहादुर चौधरीलाई एक्कासी मध्यरातमा पखाला लाग्छ । तारन्तार दुई-दुई मिनेटमा मकै बारीमा गइरहनु पर्ने हुन्छ । स्वास्नी, केटाकेटी मस्त निद्रामा हुन्छन् । समरबहादुरलाई उनीहरूको निद्रामा व्यवधान उत्पन्न गर्न मन लाग्दैन । खोपाको जीवनजल बनाएर खाने पनि जाँगर चल्दैन । उसले जीवनजल नखाने निर्णय गर्छ । उसलाई रिँगटा लाग्छ । यसबेला भने उसले स्वास्नी, केटाकेटीको मुख र खोपाको जीवनजल एकैपटक सम्झन्छ तर यति बेलासम्म त ऊसँग जीवनजलको पोकासम्म पुग्ने ताकत अनि स्वास्नीलाई बोलाउने शक्तिसमेत नभई मृत्युको शिकार बन्न पुग्दछ । यसरी समरबहादुर चौधरी गाउँ, समाज र परिवारको हित र भलाइमा काम गर्दा गर्दै असमयमै आफ्नो सुन्दर जीवन गुमाउन विवश भएको छ ।

यस कथाको कथावस्तु आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा रहेको छ । कथाको आदि भागमा कथावस्तुको सङ्केत, मध्य भागमा मूल पात्र (शनिश्चरे) को जीवनका सुन्दर

र रमाइला घटना प्रसङ्ग तथा कार्य उन्नति सफलता वर्णनको सुखद तथा अन्त्य खण्डमा मृत्युको दुःखद अन्त्यको वियोगजन्य भाव प्रस्तुत गरिएको छ ।

### ४.२.२ चरित्र र दृष्टिविन्दु

प्रस्तुत कथा विभिन्न चरित्र र उनीहरूका विविध गतिविधिको वर्णन चित्रणमा आधरित छ । कथामा शनिश्चरे (समर बहादुर चौधरी) 'मास्टर बाबु' (पण्डित), शनिश्चरेकी आमा, बाबु रोइना थारू, मालिक धनप्रसाद, जेठो छोरो विसराम (रोइनाको), वनको डी.एफ.ओ., विभिन्न संस्थाका हाकिमहरू, संस्थाका सदस्यहरू, समाजका सदस्यहरू, श्रीमती र छोरी बाटुली आदि पात्रहरूको उपस्थिति रहेको छ । यसरी ती विविध पात्रका कार्य भूमिकाको विश्लेषण गर्दै कथानक घटना उद्देश्यसम्म पुगेको छ ।

समरबहादुर चौधरी यस कथाको प्रमुख पुरुष पात्र हो । ऊ विपन्न वर्गको प्रतिनिधि पात्र एवम् कम्लरी बाबुआमा रोइना थारुको अन्तिम सन्तानको रूपमा जन्मिएको हो । बर्दिया, गुलरियाको धनप्रसादको घरमा कम्लरी बस्दा मेलापात र वनपातकै क्रममा जन्मिन पुगे पनि भाग्यले थोरबहुत लेखपढको अवसर प्राप्त गरेको छ । जसका कारण ऊ अरुभन्दा भिन्न स्वभाव, चतुर, बाठोटाठो, मिहिनेती र इमान्दार मानिन्छ । यसकै प्रतिफल स्वरूप ऊ पछि गाउँको नेता बन्दछ र गाउँको विकासको कार्यमा दिलो ज्यान दिएर लाग्दछ भने विभिन्न जाति, लिङ्ग वर्ग र उमेरका व्यक्तिहरूलाई आवश्यक गाँस, शिक्षा, स्वास्थ्य, सुविधा र अवसरहरू प्रदान गर्दै जाँदा एकदिन उसलाई झाडापखला रोगले सिकिस्त पारेपछि मृत्युको मुखमा पर्दछ र गाउँमा सबैको आशा र दीपको ज्योति निम्न पुग्दछ । यसप्रकार हेर्दा समरबहादुर चौधरी (थारू) प्रमुख कार्य भूमिका बहन गर्ने पुरुष पात्र हो । कथामा अनुकूल प्रवृत्ति र गतिहीन स्वभाव भएको पात्रको रूपमा आएको छ । जीवन चेतनाका आधारमा हेर्दा ऊ वर्गीय प्रतिनिधित्व गर्ने तर वैयक्तिक चेतना बोकेको पात्र हो । कथामा ऊ प्रत्यक्ष उपस्थित भई उसकै केन्द्रियतामा कथा उद्देश्यमा पुग्न सफल भएको हुँदा ऊ मञ्चीय तथा बद्ध पुरुष पात्र हो ।

त्यसैगरी कथामा थुप्रै सहायक पात्रहरू आएका छन् । बाबु रोइना थारू, आमा, श्रीमती, मालिक धनप्रसाद, वनका डी.एफ.ओ.विभिन्न स ंस्थाका हाकिमहरू, थारू समाज सङ्घका विविध प्रतिनिधिहरू लगायतका व्यक्तिहरू सहायक पात्र हुन् । तिनले विविध कोणबाट सहयोग गरी प्रमुख पात्रलाई उद्देश्यमा पुऱ्याएका छन् । साथै गौण पात्रका आधारमा हेर्दा कथामा छोरी बाटुली, गाउँले सदस्यहरू, विभिन्न संस्थाका सदस्यहरू, कन्हैयालाल, शनिश्चरेको दाजु विसराम आदि गौण पात्रहरू हुन् । कथामा उनीहरूको

भूमिका न्यून रहेको छ । यसरी प्रमुख, सहायक र गौण पात्र तथा तिनका सत्-असत् कार्यव्यहारको कलात्मक वर्णन चरित्र चित्रणको रूपमा रहेको छ ।

यस कथामा बाह्य सर्वदर्शी तृतीयपुरुष (ऊ पात्र केन्द्री) दृष्टिविन्दुको प्रयोग भएको छ । कथाको प्रमुख पुरुष पात्र शनिश्चरेको जीवन भोगाइका विविध कथाव्याथालाई प्रस्तुत गर्ने सिलसिलामा कथाकारले विविध पात्रहरूको मानसिक विश्लेषण गरेका छन् ।

### ४.२.३ परिवेश

प्रस्तुत कथाको परिवेश नेपालको मध्य पश्चिमाञ्चलको बर्दिया जिल्लास्थित गुलरिया क्षेत्रमा विपन्न वर्गका थारू जातिको कमैया जीवनवृत्तिको कारूणिक जीवनकथाको भौतिक तथा मानसिक धरातल रहेको छ । नेपालको तराई क्षेत्र र आसपासका कम्लरी प्रथाको सचित्र वर्णन कथाको भौतिक परिवेश बनेर आएको छ । आर्थिक-सामाजिक, जातीय, वर्गीय तथा लैङ्गिक रूपले पिछडिएका थारू जातिको मुक्ति, स्वतन्त्रता र न्यायिक अधिकारको वकालत गर्ने सन्दर्भका परिवेश कथामा चित्रण गरिएको छ । त्यसैगरी समयसन्दर्भ वा काल निर्देशका रूपमा दस वर्षे जनयुद्धपछिको परिवर्तनकारी समय अर्थात् २०६४ को लोकतन्त्रपछि कम्लरीहरूको मुक्तिको घोषणा नेपाल सरकारबाट गरिएको समयावधिलाई निर्देश गरिएको छ । साथै बाह्य परिवेशबाट उत्पन्न विविध मानसिक सुख, दुःख, हाँसो र आँसुका रोमाञ्चक तथा कारूणिक संवेदनाको परिवेश यस ‘विडम्बना’ कथाको परिवेश रहेको छ । यसरी कथामा मूलतः आन्तरिक र बाह्य परिवेशको सशक्त उद्घाटन हुन पुगेको छ ।

### ४.२.४ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली रोचक, आकर्षक, सरल र प्रभावकारी रहेको छ । नेपाली कथ्य भाषाको उचित संयोजन कथामा पाइन्छ । व्याकरणिक भाषा, काव्यात्मक भाषिक चयन, सरल, सङ्क्षिप्त र चोटिलो वाक्यगठन, सरल, संयुक्त र मिश्र वाक्य तथा तत्सम ( जीव, शरीर, जाँघ, घोषणा आदि) र आगन्तुक (मास्टर, प्रजातन्त्र, रेडियो, स्कुल आदि) स्रोतका शब्द चयन कथामा गरिएको छ । शैलीका दृष्टिले हेर्दा संवाद तथा समाख्याता शैली, तृतीय पुरुष कथनशैली, चित्रात्मक तथा प्रत्यक्ष वर्णनात्मक शैलीको कलात्मक उपयोग देखिन्छ । यसले गर्दा कथानक प्रस्तुतिमा सरलता, रोचकता, बोधगम्यताले र रोचक प्रभावकारिता समेत सिर्जना हुन पुगेको छ । कारूणिक संवेदनाजन्य भावाभिव्यक्तिको एक अंश भाषाशैलीको नमुना अंशस्वरूप मुक्त कमैया हुन अगाडि मात्र शनिश्चरे थियो । तर पछि ऊ एक प्रभावकारी थारु नेवा समर बहादुर चौधरी बनेको छ (शाह, पृ. १) । यसरी कथामा भाव संवेद्य भाषाशैलीको कलात्मक, रोचक र सनसनीपूर्ण वर्णनमा आधारित भाषाशैलीको शिष्ट प्रयोग भएको छ ।

### ४.२.५ सारवस्तु

'विडम्वना' कथाको सारवस्तु नेपालको मध्यपश्चिम क्षेत्रका थारु जातिको विपन्न स्थितिबाट सिर्जित आर्थिक समस्या र त्यसबाट मुक्तिको निम्ति कम्लरी जीवन जिउन विवश परिवारको सत्यतथ्य उद्घाटन गर्नु रहेको छ । देशमा गरिब, विपन्न र शोषित बनेका सर्वसाधारण जनजाति वर्गको मुक्ति र न्यायिक अधिकारका पक्षमा भएका थुप्रै सङ्घर्ष, प्रयास र शोषित वर्गका दीप समरबहादुर (शनिश्चरे) चौधरीको असामयिक मृत्युको कारूणिकता उजागर गर्नु कथाको मुख्य उद्देश्य हो । मूलतः जातीय उत्थान, समाजको हित गर्ने व्यक्तिलाई भगवान्ले पनि सजाय दिन्छन् । नियति र भाग्यको अगाडि मानिसको केही चल्दैन । एउटा असल, इमानदार व्यक्तिको मत्युले परिवार र समाजले नै ठूलो मानवीय क्षति व्यवहोर्नु पर्दछ भन्ने सन्देश दिनु यस कथाको उद्देश्य रहेको देखिन्छ । यसरी कथामा अभिधात्मक रूपमै सारवस्तु व्यक्त भएको छ ।

## ४.३ 'हुरी आएको बेला'

### ४.३.१ कथावस्तु र ढाँचा

यस कथाको विषयवस्तु 'हुरी' वा आँधी रहेको छ । यहाँ 'हुरी' अपाङ्ग (लाटी) छायाको वैंश र यौनको प्रतीक हो । कथामा हुरीको तुफान जस्तै छायाको यौवनका अतृप्त प्रेम चाहनाहरू सपनाको माध्यमबाट अभिव्यक्त गरिएको छ । कथानक वर्णन अनुसार छाया र प्रशान्त दुई प्रेमजोडी हुन् । तिनीहरू निर्मल, स्वच्छ वातावरणको बीच खोलाका किनारको ढुङ्गामा बसेका छन् । दुवैले आफ्ना कपडा घुँडासम्म सारेका छन् र नाङ्गो खुट्टाले पानी चलाउँदै छन् । खुट्टा चलाइले पानीमा तरङ्ग उत्पन्न भए झैं सामिप्यको बसाइले दुवैको मनमा प्रेमाकर्षणको कम्पन उत्पन्न हुन्छ ।

कथानक विस्तारको क्रममा छाया र प्रशान्त बिचका अन्तरङ्ग कुराकानी प्रस्तुत गरिएको छ । उनीहरू बिचमा प्रेमिल संवादहरू विस्तारित हुँदै जान्छन् । माया प्रेमका सुनौला आशा, अभिलाषा, महत्वकाङ्क्षा र सपनाहरूको रङ्गीन महल ठड्याउँदै प्रेम कहानी निकै रोचक, कौतुहलतापूर्ण, आकर्षक तवरले चल्दै जान्छ । आपसी संवादको माध्यमबाट मूलतः शारीरिक रूपमा अशक्त (लाटी) छायाका अतृप्त प्रेम, विवाह र यौनेच्छाको यौवनरूपी सुन्दर स्वप्निल चाहनाहरूले मौलाउने अवसर प्राप्त गरेको छ ।

कथावस्तुको अन्त्यमा छायाको सुनौला स्वप्निल तरङ्गहरू विलिन हुन पुग्छन् र यथार्थको धरातलमा व्युँझन पुग्दछे । कथावस्तुले बाटो मोड्दछ र कथानक पनि समाप्त हुन पुग्दछ । कथावस्तुको अन्त्यमा सपनाको माध्यमबाट छायाको यथार्थ उद्घाटन उद्घाटन हुन पुगेको छ-ए, लाटी ! कस्तो सपना देख्या ? बाहिर कोठामा हिजो भर्खर सोह्र साइतको लागि

आएका बहिनी र ज्वाइँ सुतेका छन् । ...ए साँच्ची ! अपाङ्गहरूलाई त सपना देख्ने अधिकार पनि त छैन । सपना त्यो पनि लोग्ने, केटाकेटी, घर, परिवारको । सपाङ्गहरूको पो हो यो सपना देख्ने नैसर्गिक अधिकार । म त जन्मजात लाटी । त्यसमा पनि अपाङ्ग । छायालाई सपना देखेकोमा ग्लानि र हीनताबोध हुन्छ । उसको आँखाको कुनाबाट गाला हुँदै तकियामा लगातार आँसुको भेल बगिरहेको हुन्छ र कथावस्तु पनि अन्त्य हुन्छ । यसरी प्रस्तुत कथाको कथावस्तु छायाको अन्तर्मनका प्रेमिल सुन्दर चाहनाहरूको अभिव्यक्ति गर्दै सङ्गठित रहेको छ ।

यसप्रकार प्रस्तुत कथा आदि, मध्य र अन्त्यको सरल रैखिक ढाँचामा संरचित छ । यसप्रकार प्रस्तुत कथाको कथावस्तु छायाको अन्तर्मनका प्रेमिल सुन्दर चाहनाहरूको अभिव्यक्ति गर्दै सङ्गठित रहेको छ । प्रतीकात्मक अर्थको रूपमा अभिव्यक्त उक्त कथाको मूल पात्र (छाया) को अन्तरङ्ग सपनाका छालहरूलाई हुरीको रूपमा चित्रण गरिएको छ ।

### ४.३.२ चरित्र र दृष्टिविन्दु

प्रस्तुत कथामा थोरै पात्रहरू (जम्मा २ जना) को प्रयोग गरिएको छ । छाया र प्रशान्तको प्रेम प्रणयमूलक कथानक वर्णन अनुसारको चरित्र चित्रण गरिएको छ । कथामा मुख्य पात्र छाया र सहायक पात्र प्रशान्त रहेका छन् । तिनीहरूको स्वप्निल वार्तालाप प्रस्तुतिमा कथानक संरचित छ । साथै गौण पात्रको रूपमा छायाकी आमा, छायाकी बहिनी ज्वाइँ आदि आएका छन् ।

यस कथाकी प्रमुख स्त्री पात्र छाया हो । ऊ कथाकी केन्द्रीय चरित्र, अनुकूल प्रवृत्ति, गतिहीन स्वभाव वैयक्तिक चेतना, मञ्चीय तथा बद्ध पात्र हो । उसका जीवनका सुन्दर रहर र सपनाहरूको कलात्मक उद्घाटन गर्ने एक गद्यांश यस्तो छ - मत जन्मजात लाटी । त्यसमा पनि अपाङ्ग । भगवान्ले श्राप दिने नै थियो भने दिमाग पनि शून्य बनाइदिएको भए हुन्थ्यो नि । कस्तो विडम्बना ! खुट्टा चल्दैनन्, दौडन मन लाग्छ । यो मनले मीठो खाने भन्छ । ...मजस्ता अपाङ्गलाई शरीरमा जवानीका चिन्हहरू नआए हुन्थ्यो नि ! मनले खोजेको मान्छे देख्दा मन उत्तेजित नभए हुन्थ्यो नि ! तर प्रकृतिको लीला (शाह, पृ.१३) । यसरी उक्त अभिव्यक्तिमार्फत् शारीरिक रूपबाट ठगिएका सम्पूर्ण यौवन सिँढी चढेका सुकुमारीहरूका अन्तः चाहना, प्रेम, विवाह, घरजम, सन्तान र प्रणय भावहरूको सशक्त चित्रण गरिएको छ । अतः यस कथामा छायाकै केन्द्रीयता र उसकै एकालापीय शैलीको कथनमा कथा उद्देश्य पूरा गर्न सफल भएको हुँदा छाया कथाको प्रमुख पात्र हो ।

त्यसैगरी यस कथाको सहायक पुरुष पात्र प्रशान्त हो । उसले कथाको समाख्याता छायाको प्रेमी, श्रीमान् बनेर अन्त्यसम्म नै साथ दिएको छ । केवल श्रोता र समर्थकको

रूपमा उसको उपस्थिति रहेको छ । यसरी कथामा मुख्य पात्रा छायालाई विभिन्न कोणबाट कथानक उद्देश्य पूरा गर्न सहयोग पुऱ्याउने प्रशान्त अनिवार्य सहायक चरित्र रहेको देखिन्छ । गौण पात्रका कोणबाट हेर्दा कथामा छायाका बहिनी ज्वाइँ, आमा तथा स्मृतिका पात्रहरू केटाकेटी आदि रहेका छन् । तिनीहरू केवल कथामा चारित्रिक शोभा प्रदान गर्ने अभिप्रायबाट आएका छन् । यसप्रकार प्रस्तुत कथाको पात्र र चरित्रचित्रण निकै सहज, कलात्मक र आकर्षक रहेको छ । विविध पात्रका थुप्रै रोमाञ्चक कथाचित्रण वर्णनबाट कथालाई उद्देश्यसम्म सफल रूपमा पुऱ्याएको छ ।

यस कथामा दृष्टिविन्दुको समुचित प्रयोग भएको छ । बाह्य सीमित (तृतीय पुरुष कथन) दृष्टिविन्दुको उचित संयोजन कथानक वर्णनमा उपयोग भएको छ । आख्यानमा केन्द्रीय पात्रा छायाको यौवनका सुखद अन्तईच्छाहरू स्वप्निल प्रेमको अन्तरङ्ग संवादको संस्मरणात्मक तथा वर्णनात्मक शैलीको माध्यमबाट कलात्मक रूपमा अभिव्यक्त गरिएको छ।

### ४.३.३ परिवेश

प्रस्तुत कथामा प्रयुक्त परिवेश चित्रण निकै आकर्षक र स्वभाविक रहेको देखिन्छ । नेपालको सदूरपश्चिमाञ्चल क्षेत्रको भौगोलिक तथा प्राकृतिक वातावरणको मनोरम दृश्य स्थलहरू कथानक पृष्ठभूमि वा कार्यथलो परिवेश चित्रणका रूपमा आएका छन् । काल वा समयका दृष्टिले हेर्दा लेखकको कथा लेखनको अवधि वि.सं.२०६९ सालको समयलाई निर्देशन गरिएको मान्न सकिन्छ । कथामा कथाको रचना समय स्पष्ट भएको देखिँदैन । परिवेश चित्रण दृष्टिकोणबाट हेर्दा सुदूरपश्चिमाञ्चलकै दुर्गम र पिछडिएको वातावरणको परिवेश चित्रण भएको छ भने आन्तरिक परिवेश चित्रणका दृष्टिले दुई युगल प्रेम जोडीका प्रेमिल सुन्दर संवादको कलात्मक वर्णनको एक दृश्य यस्तो छ - कवि-कलाकारको भाषामा भन्नुपर्दा आकाशले षोडशीको मुस्कान छरेको छ । बिहानीले सूर्यका लालीमायुक्त किरणहरूले पहाडको थुम्को सिनित्तै नुहाएको छ । थुम्को बीचबाट नदी छमछम नाच्दै बगेकी छन् । नजिकैको ऐंसेलु झाडीमा खरायोका जोडी कान ठाडा पारी टुक्रुक्क बसेका छन् (शाह, पृ.९) । यसरी कथामा नेपालको भौगोलिक, प्राकृतिक रमणीय दृश्यहरू नै परिवेश बनेर आएको देखिन्छ ।

### ४.३.४ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली सरल, प्रेमप्रणयमूलक, आकर्षक र रोचक रहेको छ । तत्सम, तद्भव र आगन्तुक स्रोतका भाषिक चयन, सरल, संयुक्त र मिश्र वाक्यको संयोजन, कथ्य, ठटयौली भाषाको प्रयोग, संवाद, प्रेमालाप, पूर्वदीप्ति तथा चित्रात्मक भाषाशैलीको

प्रयोग गरिएको छ । कथामा काव्यात्मक शैलीको विम्ब (छाती) प्रतीक (छातीभित्रको माया, हुरी (छायाको वैंशको प्रतीक) र अलङ्कारजन्य (गुफाजस्ता गहिरा नीला आँखा नचाउँछे) भाषाको उपयोग गरिएको छ । व्याकरणिक वाक्य सङ्गठन, स्मृति, कल्पना, मनोविम्बात्मक भाषाको प्रयोगले कथाको भाषाशैली विशिष्ट बन्न पुगेको छ । सङ्क्षिप्त, छरितो र चोटिलो भाषिक अभिव्यक्तिले कथालाई वोधगम्य र सम्प्रेष्यमूलक तुल्याएको छ । प्रेम प्रणयमूलक अभिव्यक्ति झल्काउने संवादात्मक भाषाशैलीको एक झलक कथामा यसरी आएको छ - "अरु पनि केही ... ?" प्रशान्त थप जिज्ञासा राख्छ । "रातमा म तिम्रो जीउ मिच्न थाल्ने छु । तिमी अनायास मेरो गर्धनपट्टिको भागमा समातेर आफूतर्फ तान्नेछौ र तिर्खाएका तिम्रा ओठहरू मेरो ओठमा राख्ने छौं । म पग्लेको धातु जस्तो तिम्रो जीउमा लुटपुटिँदै जानेछु । त्यस बेलासम्म म पूर्ण रूपले समर्पित भइसक्ने छु र तिमी मायाको सागरमा विस्तारै विस्तारै डुबुल्की मार्न लाग्ने छौ । म उत्तेजनाले विक्षिप्त हुँदै तिम्रो जिउभरि नङ्ग्राले कोपर्न लाग्ने छु (शाह, पृ.११) । यसरी कथामा छायाले देखेका स्वप्निल अन्तरङ्ग, संवादले कथाको भाषाशैली आकर्षक, रोचक, कलात्मक र प्रेमप्रणय भावजन्य रहेको देखिन्छ ।

### ४.३.५ सारवस्तु

प्रस्तुत कथाको सारवस्तु मानव अन्तर्मनका अतृप्त कामवासना, भोगेच्छा, कुण्ठा, पीडा, असन्तुष्टि, रहर, इच्छा, अभिलाषाजन्य नारीका स्वाभाविक प्रवृत्तिको उद्घाटन गर्नु रहेको देखिन्छ । मानिसमा विविध चाहनाहरू हुन्छन् तिनको परिपूर्ति गर्ने काम पनि भिन्न-भिन्न रूपबाट हुन्छ । कतिपय यथार्थ जगत्मा पूरा हुन्छ त कति असम्भव कुराहरू स्वप्नको माध्यमबाट समाधान हुने गर्दछ । मूलतः यौवन नारीहरूका मनोभावलाई सपनाको माध्यमबाट प्रस्तुत गरी उनीहरूका आफ्ना यौवनरूपी इच्छा, चाहना र आवश्यकताहरूको उजागर गर्नु तथा नेपाली सवलाङ्ग नारी सरह उनीहरूको जीजिविषा, भोगेच्छा, आवश्यकता आदि पूरा गराउन अभिभावक, आफन्तजन र समाजको दायित्व हो भन्दै सबैलाई समान दृष्टिले हेर्नु यस कथ्यको सारवस्तु रहेको छ । नारी पुरुषले अपाङ्गलाई पनि स्वस्थ मानव सरह व्यवहार गर्नुपर्दछ र तिनका मनोभाव अनुकूल सेवा, सहयोग गर्नुपर्छ भन्ने मानवतावादी सन्देश प्रदान गर्नु 'हुरी आएको बेला' कथाको सारवस्तु हो ।

## ४.४ 'सुन्दरता'

### ४.४.१ कथावस्तु र ढाँचा

प्रस्तुत कथाको विषयवस्तु प्रेम र सौन्दर्य रहेको छ । कथानक वर्णन अनुसार केटीको सुन्दरताको मामलामा पहलसिंको विचार आम मान्छेको भन्दा फरक र मौलिक देखिन्छ । केटीको सुन्दरतालाई ऊ अमूर्त मान्छ । अमूर्त मतलब आफ्नै हिसाबले विश्लेषण, परिभाषा,

चिरफार गर्न सकिने, उसका दौतरीहरूका भने यो मामिलामा आ-आफ्नै विश्लेषण र धारणा पाइन्छन् ।

कथानक घटना विविध पात्रहरूका भनाइ, तर्क, विचार, संवाद आदिका रूपबाट अघि बढ्छ । यसअनुरूप हेर्दा विपिनले लामो, बाक्लो घुम्रिएको कपाल भएकी, नीला, गहिरा तलाऊ जस्ता आँखा भएकी केटी मनपर्ने कुरा बताउँछ । त्यसैगरी रूद्रले छिनेको बारूले कम्मर भएको, टपक्क उठाएर भाँच्न सकिने शरीर भएकी केटी मनपर्ने कुरा गर्छ । नृपले फर्सीका लारूला (लहरा) जस्तो छाती र पीपल पाते ओठ भएकीको खोजी गरेको बताउँछ । त्यस्तै धर्मले कम्मर, छाती केही नचाहिने, मेरीको बाटुलो, दागरहित गोरो चेहरा भए पुग्ने कुरा गर्दै आफ्नी हुनेवालीको चित्र कोर्ने गर्छ । यी विविध साथीहरूका आ-आफ्नै इच्छा, अभिलाषा, तर्क र जिज्ञासाभन्दा भिन्न रहेर पहलसिंले सुन्दरता भन्ने चीजले न खान दिन्छ न लाउन नै । सुन्दरता न ओढ्न मिल्छ न ओढ्याउन नै । सुन्दरता न अजम्बरी छ न सदाबहार नै । यो जवानीमा एकपटक सबैमा चैत्रको हुरी भएर आउँछ र हराएको बाढी सरह सामसुम हुन्छ । यसैले सुन्दर केटी पाउनकै लागि मरिहत्ते गरिहाल्नु कदापि उचित छैन भन्ने विचार व्यक्त गर्छ ।

बद्री उसको अति मिल्ने साथी हो । नवधनाढ्य बाबुको एक्लो छोरो सोह्र वर्ष पुगेपछि उसलाई केटीको फोटो देखाउने आफन्तजनको भीड लाग्दछ । अन्ततः बद्रीले विवाह गर्दछ । उसकी श्रीमती फिल्मकी चर्चित नायिका जस्ती सुन्दर र आकर्षक देखिन्छे । जसका कारण विवाहको आठौं दिनमा नै ऊ सार्वजनिक सम्पत्ति जस्तै हुन थाल्दछे । यस्तैमा पहलसिंलाई अछाम जिल्लामा पुर्ख्यौली घर भई हाल नेपालगञ्ज घरबारी टोलमा बस्दै आएका सुब्बा अक्कलबहादुर चन्दकी आई. ए.पढेकी छोरी रश्मी चन्दसँग विवाह गर्ने बचन आउँछ । पहलसिंले मौखिक स्वीकृति दिए अनुसार बागेश्वरीका मन्दिरमा हिन्दु संस्कार अनुसार धुमधाम विवाह हुन्छ । महिला त्यसमा पनि दुलही भएकोले सङ्कोच, लाज, मर्यादा जस्ता कुराहरूको पालना गर्दै नवदुलही वरिपरि जेठानी, नन्द, देउरानीहरूले घेरेर बस्दा राताको बाह्र बज्छ । सबैजना सुत्ने तर्खरमा लागेपछि दुलही पनि दुलाहाको विस्तारमा जान्छे ।

दिनभरिको थकाइ र रातको ढिलासुस्तीका कारण श्रीमान पहलसिं झकाउन लाग्छ । यद्यपि आफ्नी नवप्रियसीको यौवनरूपी शारीरिक सौन्दर्य भोगको व्यग्र चाहना उसमा जागरूक हुन थाल्छ । दुलहीको पहिरन परिवर्तन गरेपछि उसको नजर एक्कासी दुलहीको अनुहारमा ठोक्किन पुग्दछ । पहलसिंले स्वास्नीलाई हेर्ने बित्तिकै आँखी भौं र भृकुटी एक साथ खुम्चाउँछ, मुख चोसो पार्छ र दुवै हत्केला कनपटीमा राख्दै सुस्केरा काढ्छ । दुलहीले उसको निधारमा हात राख्छे । उसको निधार ज्वरोले तातो हुन्छ । मिठो स्वरको मायालु भाव

दर्साउँदै ऊ जुरूक्क उठेर फ्रिजबाट पानी ल्याई पातलो कपडा भिजाएर निधारमा राख्छे । यो कार्य रातिदेखि बजेसम्म निरन्तर चलिरहन्छ । उसले एउटी तालिम प्राप्त नर्स र मायालु स्वास्नीको भूमिका एकैसाथ निर्वाह गर्छे । पहलसिं बरबराइहन्छ काली ... कलुटी...कोरी...मेरो जिन्दगी ...हाले ।

बिहानीपख नुहाएर भगवान्लाई धुपबत्ती चढाएर गृहिणीको नित्यकर्ममा लागेपछि पूजापश्चात् रातो धोती र चोलोको पहिरनमा एक हातमा पञ्चपाला र अर्को हातमा चियाको गिलास समातेर पोइको खुट्टामा ढोग गर्छे । दुलहीको स्पर्शबाट पहलसिंले अनिद्रा, थकान र ज्वरोले परेलाहरू उघार्छ । पहिलो रातमै स्वास्नीले लोग्नेप्रति निभाएको निस्वार्थ सेवा र समर्पण भाव सम्झन्छ र पुनर्मूल्याङ्कन गर्न थाल्दछ । उसले हिजोको आफ्नो व्यवहारप्रति ग्लानि महसुस गर्छ र रेश्मी (दुलही) को हात समातेर आफ्नो नजिकै बसालेर मायालु पाराले कपाल सुम्सुम्यउान लाग्छ र कथानक समाप्त हुन पुग्दछ ।

यस कथामा कथानक घटनाको आदिदेखि अन्त्यको साङ्गठनिक योजना पाइन्छ । कथाको आदि भागमा विषयवस्तुको सङ्क्षिप्त चर्चा गरिएको छ भने मध्य भागमा घटना विस्तार र अन्त्य खण्डमा कथानक ह्रास र समाप्ति रहेको छ । यसप्रकार प्रस्तुत कथामा आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा सङ्गठित कथावस्तुको घटनाक्रम निकै रोमाञ्चक, आकर्षक, प्रेम प्रणयमूलक रहेको छ ।

### ४.४.२ चरित्र र दृष्टिविन्दु

प्रस्तुत कथामा विविध पात्र र तिनका भिन्न-भिन्न प्रवृत्तिगत क्रियाकलापको रोचक र कलात्मक चित्रण गरिएको छ । कथानक वर्णनअनुसार हेर्दा कथामा पहलसिं, रेश्मी, विपिन, रूद्र, धर्म, बद्री आदि पात्रहरूको उपस्थिति र तिनका प्रेमाकर्षक संवाद कार्यको चित्रण गरिएको छ । जसबाट पात्रहरूको मनोविज्ञान वा विशेषता यौन मनोविज्ञानको चारित्रिक उद्घाटन समेत हुन पुगेको छ । यस कथामा प्रयुक्त पात्रलाई प्रमुख, सहायक र गौण रूपमा अध्ययन विश्लेषण गर्न सकिन्छ । पात्र विधानमा मान्यतानुरूप हेर्दा पहलसिं कथाको मूल पात्र हो । ऊ रेश्मीको श्रीमान् हो । उसकै केन्द्रीयतामा काथनक विकास, विस्तार र निष्कर्षमा पुगेको छ । प्रारम्भदेखि नै एकै विचार र स्वभाव देखाउने ऊ पुरुष पात्र (लिङ्गका आधारमा), कार्यका आधारमा प्रमुख, स्वभावका आधारमा गतिहीन, प्रवृत्ति अनुकूल, जीवन चेतना वैयक्तिक, आसन्नता मञ्चीय र बद्ध आबद्धता भएको पात्र हो । यसरी कथाको शीर्षकीय भावनुकूल चारित्रिक क्रिया व्यापार गर्ने पहलसिंहको विचारअनुरूप कथा उद्देश्यसम्म पुग्न सफल भएको हुँदा ऊ प्रमुख र अनिवार्य पात्र रहेको देखिन्छ ।

त्यसैगरी रेश्मी (नव दुलही) पहलसिंको अर्धाङ्गिनी हो । ऊ कथामा प्रमुख पात्रलाई उद्देश्यसम्म पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने स्त्रीपात्र हो । उसले श्रीमान् अर्थात् पहलसिंलाई विभिन्न अवस्थामा सहयोग गरी आफ्नो वशमा पारेकी छ । श्रीमान्लाई आत्मिक र भौतिक दुवै रूपले सहयोग गरी आफ्नो विविध दायित्व पूरा गरेकी हुँदा ऊ सहायक भूमिका वहन गर्ने पात्र हो । विवाह भएदेखि नै श्रीमान्को विविध चाहना र आवश्यकताको ख्याल राख्ने, एकै स्वभाव र विचार भएबाट ऊ अनुकूल प्रवृत्ति, गतिहीन स्वभाव भएकी पात्र हो । समग्र विवाहित नारीले आफ्नो श्रीमान्प्रति दर्शाउने प्रेमभाव र समर्पण उसले पनि देखाएकी हुँदा ऊ नारी वर्गीय चेतना बोकेकी पात्र हो । त्यसैगरी कथामा प्रत्यक्ष .भई कार्य गरेबाट म तथा उसको अभावमा कथा पूर्ण वा सार्थक नहुने हुँदा ऊ बद्ध पात्र  हो । यसरी रेश्मी कथामा सहायक भूमिका निभाउने अनिवार्य पात्र रहेको देखिन्छ ।

यसैगरी नै कथामा प्रयुक्त अन्य पात्रहरू विपिन, रूद्र, धर्म, बद्री आदि पनि संवाद प्रस्तुति, सहभागिता आदिका दृष्टिले प्रमुख पात्रका सहयोगी बनेर आए पनि तिनको भूमिका कथामा सामान्य रहेको पाइन्छ । यस दृष्टिले हेर्दा तिनीहरू गौण पात्र रहेका देखिन्छन् । पात्र विधानगत आधारमा हेर्दा ती सबै पुरुष पात्र हुन् । कार्य भूमिका गौण, सबैका स्वभाव एकै भएको हुँदा गतिहीन, सबै पात्रमा समान चारित्रिक विशेषता भएकोले वर्गीय चेतना भएका पात्र, प्रारम्भदेखि अन्त्यसम्म एकैखाले स्वभाव देखिए पनि ती नकारात्मक वा स्वार्थजन्य रूपबाट अभिव्यक्त भएको हुँदा नकारात्मक प्रवृत्ति बोकेका पात्र हुन् । त्यसैगरी कथाको वर्णन क्रममा प्रत्यक्ष आएकाले ती मञ्चीय एवम्  मुक्त पात्र हुन् । यसरी कथामा प्रमुख, सहायक र गौण पात्रहरूको विभिन्न सहयोगात्मक भूमिकाबाट कथाले उद्देश्य पूरा गरेको छ ।

यस कथामा दृष्टिविन्दुको कलात्मक प्रयोग गरिएको छ । बाह्य सर्वदर्शी तृतीय पुरुष (ऊ पात्रकेन्द्री) दृष्टिविन्दुको समुचित उपयोग कथामा पाइन्छ । बहुपात्रको संवाद, एकालाप, पूर्वदीप्ति र चित्रात्मक शैलीको कथनको माध्यमबाट विविध पात्रहरूका यौन मनोविश्लेषण कथानक वर्णनमा गरिएको छ ।

### ४.४.३ परिवेश

प्रस्तुत कथाको कार्यपीठिका नेपालको मध्यपश्चिम क्षेत्र र सन्दर्भ चित्रणका रूपमा सुदूर पश्चिम क्षेत्रका भौगोलिक तथा सामाजिक-ग्रामीण क्षेत्र रहेको छ । परिवेश चित्रणका दृष्टिले नेपालकै तराई र आसपासको क्षेत्र (नेपालगञ्ज) आएको छ । काल वा समय सन्दर्भका दृष्टिले हेर्दा कथा लेखनको समय अर्थात् प्रकाशन अवधि वि.सं.२०६९ सालतिरको

समय रहेको देखिन्छ । जसमा विवाहका क्षण दिन, रात र बिहानीको समय निर्देशित छ । तराईका विविध सामाजिक-ग्रामीण भौतिक परिवेशदेखि सुदूर नेपालका भौगोलिक विकटता अभाव र विपन्नताबाट गुज्रिएको परिवेश चित्रण गरिएको छ । मानसिक परिवेशलाई हेर्दा मूलतः प्रमुख पात्रको सहायक पात्र वा पहलसिंको नववधु रेश्मीप्रति उठेका विविध मनोभावहरूको हाँसो खुसी, विरोध, असन्तुष्टि आदिको वातावरण आएको छ । त्यसैगरी सहायक पात्र रेश्मी पनि आफ्नो शारीरिक कमजोरीका कारण श्रीमानबाट भएका असन्तुष्टिबाट वेचैन देखिन्छे । साथै अन्य गौण पात्रहरूका अन्तर संवाद र तिनबाट उत्पन्न मनोभावले प्रेममय वातावरण आएको छ । यसैगरी आधुनिक खुला सहरी संस्कृति र स्वच्छन्द यौन विचरणको परिवेश कथामा मार्मिक र आकर्षक रूपमा देखा परेको छ ।

### ४.४.४ भाषाशैली

प्रस्तुत कथाको भाषा सरल, सुबोध र कलात्मक रहेको छ । कथ्य अभिव्यक्ति शैलीमा आधारित भाषा, तत्सम (शान्त, इष्टकुटुम्व, ब्रहमा, स्पर्श, आश्चर्य आदि), तद्भव (च्वाँक, पोइ, स्वास्नी, आहाआदि), आगन्तुक (ब्युटि, टिकट बुकिङ, नेपालगन्ज, एयरपोर्ट आदि) शब्दको मिश्रित उपयोग, पद-पदावली तथा विविध प्रकारका वाक्य संरचनामा आधारित भाषाको प्रयोग कथामा गरिएको पाइन्छ । साथै शैलीका दृष्टिले हेर्दा काव्यात्मक शैली, दृश्यात्मक शैली, वर्णनात्मक शैली, संस्मरणात्मक वा एकालापीय तथा संवाद शैलीको प्रेमप्रणय भाव प्रधान संवेद्य शैलीको रोचक र आकर्षक प्रस्तुति पाइन्छ । यसरी कलात्मक, सरस, शिष्ट भाषाशैलीका कारण कथा सरल, रोचक र प्रभावकारी बन्न पुगेको छ ।

### ४.४.५ सारवस्तु

प्रस्तुत कथाको सारवस्तु मूलतः मानव स्वभाव र तिनको विविध रूप अर्थात् मनोभावहरूको चित्रण गर्नु रहेको छ । सुन्दरता भन्ने वस्तु क्षणिक अस्थायी र भौतिक हुन्छ जसले आत्मिक सन्तुष्टि दिन सक्दैन । नारीलाई पुरुषका गहनाका रूपमा हेर्ने मानसिकतामा परिवर्तन ल्याउनुपर्छ । बाह्य सौन्दर्यभन्दा भित्री सौन्दर्य आत्मिक हुन्छ, पवित्र हुन्छ, निश्छल र निष्कपट हुन्छ जसले आफूलाई समपर्ण गर्दछ । त्यस्तो सुन्दरता जीवन्त हुन्छ, अजर र अमर हुन्छ । नारीको बाह्य सौन्दर्यलाई होइन आन्तरिक सौन्दर्य पुरुषका सफल, सुखी र सरल जीवनको निम्ति अनिवार्य र आवश्यक हुन्छ भन्ने सन्देश व्यक्त गर्नु नै यस कथाको मूलभूत उद्देश्य रहेको छ ।

## ४.५ 'मृतात्माको कामना'

### ४.५.१ कथावस्तु र ढाँचा

प्रस्तुत कथाको विषयवस्तु मनोवैज्ञानिक एवं संवेद्य भावमा आधारित छ । मरेका मानिसको आत्माका चिरशान्तिको शुभेच्छा प्रकट गर्ने सन्दर्भबाट उक्त कथाको शीर्षक चयन गरिएको छ । आदिदेखि अन्त्यसम्म घटना/कार्य वर्णनको कलात्मक प्रस्तुतिको सनसनीपूर्ण मार्मिक चित्रण कथामा कथास्तु बनेर आएको छ । यस आधारमा हेर्दा कथावस्तुको वर्णन अनुसार ५०-६० वर्ष पुरानो पीपलको रुख रहेको छ । पर्खालमाथि रूकुम, कोटजहारीबाट ल्याइएका ठूला-ठूला स्लेट आकार ढुङ्गा विछ्याइएका छन् । यसलाई 'पीपल चौतारी'को नामले चिनिन्छ ।

चौतारीमा खेतबाट रोपाइँ गरी फर्केका थकित रोपार्नी र हलीहरू बस्छन् । चौतारीसँग जोडिएको ठाँटीको धारोको चिसो पानी कलकली पिउँछन्, शितल हावाको आनन्द लिन्छन् । शिवालय मृत शरीर विसर्जन गर्ने ठाउँ पनि यही चौतारी हुन्छ । समग्रमा यहाँ विभिन्न  बाहना र उद्देश्य पूरा गर्ने सबै मानिसको केन्द्रविन्दु र आकर्षण स्थल रहेको देखिन्छ । यस चौतारीको हालको अवस्था परिवर्तन भएको छ । जहाँ ती रमणीय दृश्यको सौन्दर्य नभई दिउँसो स्यालको डरलाग्दो आवाजहरू सुनिन्छ । भुस्याहा कुकुरहरू आकाशतर्फ मुख फर्काएर भुकिरहेका हुन्छन् । आतङ्कको रूपमा हेरिन्छ यो चौतारी र पीपललाई आजकल 'अशान्त पीपल चौतारी' भन्दा फरक पर्दैन (शाह, पृ.२१), रातमा पाँचै बजे ओहोरदोहोर बन्द हुन्छ । साँझको आठबजे चौतारी मसानघाट नै बन्छ । घरमा सबैले आग्लो ठोकिसकेका हुन्छन् र रातमा दिसापसिाब पनि भित्रै गर्छन् । यी सब कारणहरूले रातमा चौतारी र आसपास शून्य हुन्छ । यहाँका मानिसहरू रेडियो नेपालका समाचारसँग वितृष्णा छन् । समाचार सुन्नु केवल मौसमको भविष्यवाणी सुन्नु हो भन्ने ठान्दछन् । छिमेकीको भनाभन र लोग्नेस्वास्नीको लछारपछार अब राँके जुलुस र बम, बन्दुकका आवाजसँगै बन्द भइसकेका छन् । पीपलका पातहरू मस्त चालमा टलपल-टलपल गर्दै हल्लिरहेका हुन्छन् । यही पीपल चौतारीमा अहिलेको चकमन्न उज्यालो रातमा दुईवटा मृतात्माहरू यमराजका दूतहरूसँग विशेष बिन्तिभाउ, अनुरोध, अनुनय, विनय पश्चात् चौतारीमा केही क्षणको लागि सुस्ताउन बसेका छन् ।

ती लासहरू केही क्षण अगाडि मात्र निर्मम हत्या गरिएका उनीहरूकै भौतिक शरीर हुन् । छ-सात जना कम्व्याट ड्रेस लगाएका, निधारमा रातो रुमाल बेरेका, कम्मरमा खुकुरी र काँधमा बन्दुक भिरेका, २०-२२ उमेरका व्यक्तिहरू त्यस दुर्घटित स्थल आसपास घुमिरहन्छन् । कथावस्तुको अन्त्य खण्डमा मृतात्माहरूलाई असह्य पीडा र छटपटी हुन्छ ।

उनीहरूको असामयिक विनाकारणको मृत्युले भन्दा गाउँ, समाजमा भइरहेको कुकृत्य र अमानवीय घटनाहरू देखेर । उनीहरू छप्काइनुको एउटै कारण शान्तिको कामना गर्नु रहेको देखिन्छ र कथावस्तु समाप्त हुन्छ । यसप्रकार प्रस्तुत कथाको कथावस्तु आदिदेखि अन्त्यसम्मका घटना वर्णनहरू सबै मानवीय संवेदना, पीडा, कारूणिकताले भरिएको छ ।

प्रस्तुत कथाको कथावस्तुगत सङ्गठन आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा आबद्ध छ । आदि भागमा घटना परिचय र पात्रको निर्देश, मध्य भागमा सङ्घर्ष विकास, चरमोत्कर्ष सङ्घर्ष ह्रास तथा अन्त्य भागमा उपसंहार रहेको छ ।

## ४.५.२ चरित्र र दृष्टिविन्दु

प्रस्तुत कथामा बहुपात्रको संयोजन रहेको छ । मानवीय संवेदनाको पीडादायी, मर्मस्पर्शी भावहरू व्यक्त गर्ने सन्दर्भबाट स्वैर काल्पनिक (मृत पात्र र तिनका संवाद) तथा यथार्थ पात्रहरूका विविध भूमिका र तिनका चारित्रिक स्वभाव र प्रवृत्तिको टड्कारो चित्रण गरिएको पाइन्छ । मूलतः कथाका पात्रहरूलाई स्पष्ट पहिचानयुक्त नामकरण दिइको छैन, केवल तिनलाई साङ्केतिक रूपमा मात्र निर्देश गरिएको छ । ती पात्रहरूलाई प्रमुख, सहायक र गौण रूपमा हेर्न सकिन्छ । कथामा प्रमुख (स्वैर काल्पनिक) पात्रहरू बनेर आएका छन् । ती लिङ्गमा स्त्री/पुरुष (लिङ्ग पहिचान नभएको), कार्यमा प्रमुख भूमिका, प्रवृत्ति अनुकूल, सत् आदर्श, हित र भलाई चाहने मानवतावादी पात्रवृत्ति, गतिहीन स्वभाव, वर्गीय जीवनचेतना बोकेका पात्र हुन् । कथाको प्रारम्भदेखि नै प्रत्यक्ष उपस्थित भएको हुँदा मञ्चीय तथा कथा थालनीदेखि अन्त्यसम्म आएकोले बद्ध पात्र हुन् ।

यसैगरी कथामा विविध सहायक पात्रहरूको उपस्थिति रहेको छ । मूलतः युद्धरत परिवर्तनकारी सातजना कम्ब्याटधारी युवक/युवतीहरू यस कथाका सहायक पात्र हुन् । तिनले कथानक विकास, विस्तार र अन्त्यसम्म प्रमुख पात्र वा स्वैरपात्र (मृतपात्र/मृतात्मा) लाई कथामा जीवन्त रूपसम्म पुऱ्याई कथाको मूल मर्म व्यक्त गराउन सहयोग पुऱ्याएका छन् । तिनको अभावमा कथा अपूर्ण र निरर्थक बन्ने हुँदा अनिवार्य सहायक-खलपात्र हुन् ।

गौण पात्रका कोणबाट हेर्दा कथावर्णनका सन्दर्भमा आएका घर-परिवार, आफन्त, समाज, राज्य पक्ष र विद्रोही पक्षका सेना-जनसेनाहरू, मानवत्तेर पात्रहरू स्याल, गिद्ध रहेका छन् । ती स्मृतिका पात्र हुन् । तिनले प्रमुख तथा सहायक (खलपात्र) लाई कथाको उद्देश्य पूरा गर्ने सन्दर्भबाट विविध रूपमा सहयोग गरेका छन् । अतः प्रस्तुत कथामा प्रमुख, सहायक वा खलपात्र र गौण पात्र तथा तिनका सत्-असत् कार्य स्वभावको सचित्र विश्लेषण गरिएको छ । जसले कथालाई जीवन्त तुल्याई मानवतावादी सन्देशको पाठ सिकाएका छन् ।

प्रस्तुत कथामा दृष्टिविन्दुको समुचित उपयोग भएको छ । यहाँ बाह्य सर्वदर्शी तृतीय पुरुष बहुवचन (उनीहरू) का पात्रहरूका संस्मरणात्मक, संवादात्मक, यथार्थपरक, स्वैरकल्पनात्मक एवम् स्वप्निल कथोपकथन गरिएको छ । यसले गर्दा कथा हृदयस्पर्शी, भावपूर्ण र कारुणिक बन्न पुगेको छ ।

### ४.५.३ परिवेश

प्रस्तत कथाको परिवेश नेपाली भूमिकै ग्रामीण सामाजिक जनजीवनबाट टिपिएका यथार्थ घटना र दृश्यभोग्य अनुभव अनुभूतिकै जीवन्त दृश्यचित्र रहेको छ । नेपालको मध्यपश्चिम भू-भागअन्तर्गत पर्ने रूकुम जिल्ला र त्यसभित्रका विविध प्राकृति तथा भौतिक परिवेशहरू देश, परिस्थिति बनेर आएका छन् । मूलतः दसवर्षे जनयुद्धकाल (वि.सं.२०५२-२०६२) का समय सन्दर्भमा घटेका घटना र तिनको उपजका रूपमा सोझा, निर्दोष, शान्तिगामी, गरिब, ग्रामीण मानवको जघन्य मृत्युका कारूणिक दृश्याङ्कित मानवीय प्रतिविम्बको सचित्र उतारिएको सामाजिक पृष्ठभूमि यस कथामा कथानक परिवेश बनेर आएको छ । यसरी माथिको गद्यांशमा परिवेशको रूपमा रूकुमकोट जहारी र आसपासका क्षेत्र, कालसन्दर्भका रूपमा द्वन्द्वकाल ०५२ देखि ०६२ को कालखण्ड, परिस्थितिका रूपमा द्वन्द्वले ग्रस्त र त्रस्त ग्रामीण मानव समाज र त्यसको प्रभावबाट मृत्युका शिकार बन्न विवश नेपाली ग्रामीण सामाज आएको छ ।

### ४.५.४ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली सरल, सरल (कारूणिक) संवेध, सम्प्रेष्य र बोधगम्य प्रकृतिको रहेको छ । कथाको भाषामा तद्भव (ठाँटी, झोक्का, भुस्याहा, मसानघाट), तत्सम (मृतात्मा, शिवालय, शोक, पीडा, आत्मा, युवती) र आगन्तुक रबरको पाइप, रक्सी, व्याट्री, चुरोट, विस्कुट) स्रोतका शब्दहरूको चयन गरिएको छ । वाक्यात्मक संरचना तथा व्याकणिक भाषाको प्रयोग गरिएको छ । सङ्क्षिप्त र चोटिलो सरल भाषा कथामा पाइन्छ । त्यसैगरी शैलीका रूपले हेर्दा काव्यात्मक शैली (आँखा झिम्क्याउनु, जूनको उज्यालोले चौतारी लपक्कै भिज्नु), प्रतीकात्मक भाषिक शैली (यमराजका दूत) को उपयोग भएको देखिन्छ । साथै पात्रहरू बीचका संवाद, एकालाप, पूर्वदीप्ति तथा स्मृति शैलीको विशेष प्रयोग कथामा हुन पुगेको छ । यसरी नै स्वैर काल्पनिक शैलीले कथालाई कारूणिक, कलात्मक र संवेद्य तुलाइको छ । यसरी कथामा कथोपकथनका रूपमा प्रयुक्त विविध भाषाशैलीले कथालाई जीवन्त र प्रभावकारी तुल्याइएको छ ।

### ४.५.५ सारवस्तु

प्रस्तुत कथामा मूलतः दस वर्षे जनयुद्धबाट सोझा ग्रामीण नेपालीहरू अकालमै मृत्युको शिकार बन्न विवश हुँदाका अन्तरपीडालाई स्वैरकाल्पनिक रूपमा प्रस्तुत गरिएको छ । जीवित हुँदा भय र त्रासका कारण व्यक्त गर्न नसकेको कुरालाई मरेका मानिसको आत्माको चिरशान्ति स्वरूप समग्र द्वन्द्वका भागीदारहरूलाई शान्ति, अहिंसा, मानवता, विश्वबन्धुत्व, एकता, मेलमिलाप र भाइचाराको उपदेशमूलक सन्देश दिनु यस कथाको सारवस्तु हो । समग्र नेपालीहरू स्वतन्त्रपूर्वक, निर्भयपूर्ण, शान्तिपूर्ण बाँच्न पाउनु पर्छ भन्ने मानवतावादी भावको शङ्खघोष गर्नु यस कथाको अन्योक्तिमूलक सारभाव रहेको छ ।

## ४.६ 'इन्द्रजाल'

### ४.६.१ कथावस्तु र ढाँचा

'इन्द्रजाल' कथाको कथ्य विषय मानसिक वा मनोवैज्ञानिक प्रकृतिको छ । मूलतः नेपाली सरकारी कर्मचारी तन्त्रमा हुने गरेका राजनीतिक चलखेल, धम्की, प्रतिस्पर्धा र शक्तिको दुरूपयोग तथा नियम, कानुन र जनताको सोझो बन्न प्रक्रिया पुऱ्याएर कर्मचारी भर्ती गराउने रवैयाप्रतिको विरोध, असन्तुष्टि कथामा कथावस्तु बनेर आएको छ ।

कथावस्तुको प्रारम्भ खण्डमा जागिरका निमित्त सल्लाह माग्न पुगेको एकजना योग्य, इमानदार र दक्ष युवकले कार्यालयका हाकिम (तत्कालीन समयका लेखक शाह आफैँ) सँग गरेको विनम्र अनुरोधको कारूणिक एक अंश यसरी प्रस्तुत गरिएको छ 'म नोकरीका लागि यहाँको अमूल्य सुझाव र सल्लाह लिन आ'को सर । एउटा कलिलो, भर्खर जुँघा रेखीसम्म बसेको युवक उसको चौध वर्षको हाड घोटाइको कमाइ, सुनौलो सपनाको पोको-प्लाष्टिकको झोलमा राखी एक शैक्षिक प्रमाण पक्षहरू काखीमा च्यापी मेरो टेबुल अगाडि उभिन्छ (शाह, पृ.२४) ।

मध्य भाग कथाको विस्तार र उत्कर्ष अवस्था चित्रणमा आधारित छ । जहाँ कथाकार (म) अर्थात् हाकिम अफिस कोठाको घुम्ने कुर्सीमा विराजमान हुनु, अन्य कर्मचारीहरू गफ चुट्दै, आरामको सुस्केरा हाल्दै गर्नु, म पात्रले पनि लामो बेरपछिको थकान महसुस गर्नु र त्यसलाई कम गर्न गिलासमा पानी पिउँदै घर, स्वास्नी, आफन्त, साथीलाई फोन डायल गर्नु, केही विश्रामपछि फाइल पल्टाउँदै आफ्ना हिजोको पार्टीको विशिष्ट भागबण्डा दिमागमा खेल्नु थाल्नु, भर्खरै मात्र अत्यधिक बहुमतद्वारा विजयी पार्टीका नेताले विशेष भोजको आयोजना गरेको स्मृति हुनु, चुनाव जित्नका लागि प्रयोग गरेका शक्तिहरूलाई खुसी बनाउन उक्त बृहत् भोजको आयोजना गरिएको कुरा सम्झनु, शक्ति, बल, धन र बुद्धिले

गर्दा नेताले चुनाव जित्न सफल भएको यथार्थ प्रतिविम्ब देखिनु, अन्यथा ……., धम्की, आतङ्क र भयले पुनः आक्रान्त पार्ने स्थिति मानसपटमा आउनु, विजयी नेताको अघिल्लो दिनको भोजको करामतका रूपमा रात छिप्पिदै जाँदा उनी (नेताजी) दौरा सुरुवाल फालेर हनुमन्ते कट्टु र बनियानसँग हनुमान पोजमा मल्ल युद्धमा ओर्लेका पहलमान जस्ता देखिनु र म (लेखक) उनको चर्तिकला अवलोकन गर्दै गरेको स्मृति आउनु, 'हजुर ! नोकरीवाला हाकिम … ।' दुईजना युवकले मतर्फ (हाकिम) इसारा गर्नु, … "ए हाकिम, यता आउनुस् ।" भन्दै नेताजीले उर्दी जारी गर्नु, 'नोकरी दुईजनालाई खुवाउनै पर्ने अन्यथा …' भन्ने भाषामा पुलिस पाराको ठाडो आदेश दिनु, हाकिमले "नोकरीको विज्ञापन खुलेको छ हजुर, तर यसका लागि केही प्रक्रिया पुऱ्याउनु पर्ने कुरा गर्नु, नेताजीले "बडो मास्टर जस्तो सम्झाउन खोज्दोरहेछ यो हाकिम । यो देशमा नोकरी कसरी पाइन्छ, मलाई सम्झाउनु पर्छ ? मैले भनेपछि खुरुक्क खुवाउने भनी धम्की दिनु र हाकिम हिजोको नोकरीवाल युवकको बारेमा सोच्न थाल्नु र युवक जुवामा द्रोपदी हारेको अर्जुन जस्तै बनी निराश, थकित र पश्चातापले भरिपूर्ण हुनुसम्मका संवादका एकालापीय कथानक घटना  वर्णन मध्य भाग हो ।

यसैगरी अन्त्य भागमा कथानक ह्रास र विपरीत दिशातर्फ कथानक उद्देश्य मोडिएको छ । यस क्रममा युवक निराश र उदास मन लिएर घरतर्फ फर्कनु, र उसको दुःखदायी मनोभावको कल्पना, स्मृति हाकिमले गर्न पुग्नुको कथा चित्रण रहेको छ ।

'इन्द्रजाल' कथा आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा रहेको छ । कथको आदि भागमा युवक र अन्त्यसम्म कथानक घटना क्रमको सिलसिलाबद्ध, कलात्मक, भावसंवेद्य कथावस्तु संयोजन रहेको पाइन्छ ।

### ४.६.२ चरित्र र दृष्टिविन्दु

प्रस्तुत कथामा थोरै पात्रहरूको उपस्थिति पाइन्छ । यद्यपि परोक्ष रूपमा भने थुप्रै पात्रहरूको सङ्केत देखिन्छ । यी विभिन्न पात्रहरूले गरेका विविध कार्य व्यापारको वर्णन चित्रणमा कथानक उद्देश्य चुम्न सफल भएको छ । यसरी हेर्दा यहाँ 'म' पात्र (हाकिम) र 'युवक' कथामा प्रयुक्त प्रत्यक्ष पात्रहरू हुन् । प्रत्यक्ष पात्रलाई उद्देश्यमा सघाउन अप्रत्यक्ष वा दृश्य पात्रहरू समेत आएका छन् । कथामा प्रयुक्त प्रत्यक्ष र परोक्ष पात्रलाई प्रमुख, सहायक र गौण रूपमा यसप्रकार विश्लेषण गरिएको छ -

यस कथाको प्रमुख चरित्र म पात्र अर्थात् हाकिम कथाको मुख्य वा केन्द्रीय पात्र हुन् । उनकै विविध संवादात्मक तथा स्मृति वा एकालापीय कथनले कथाको उद्देश्य चुमेको छ । यस अनुरूप पात्रविधान मान्यतानुरूप हेर्दा 'म' पात्र प्रमुख पुरुष पात्र, मुख्य कार्य भूमिका बहन गर्ने पात्र, अनुकूल, प्रवृत्ति बोकेका पात्र, गतिहीन, स्वभाव, वर्गीय चरित्र,

मञ्चीय तथा बद्ध पात्र हुन् । उनका द्रष्टा र भोक्ता मानसिक उद्घाटन गर्ने सन्दर्भबाट समग्र कर्मचारी वा हाकिम वर्गका वास्तविक यथार्थपरक नियत र प्रशासनिक नीति नियमको उजागर हुन पुगेको छ । यसरी कथामा प्रमुख पात्रको सफल कार्य भूमिका र यथार्थ हाकिमीपनको चरित्र उद्घाटन हुन पुगेको देखिन्छ ।

त्यसैगरी युवक (जागिरको खोजकर्ता) प्रस्तुत कथामा सहायक पुरुष पात्र हो । ऊ कथामा अनुकूल प्रवृत्ति, गतिहीन स्वभाव, वैयक्तिक पात्र, मञ्चीय तथा बद्ध पात्र हो । ऊ यस कथाको शीर्षक 'इन्द्रजाल' लाई सार्थक बनाउन आएको उद्देश्यमूलक पात्र हो । एउटा सोझो, इमानदारी, योग्य, मिहिनेती, कर्मठ र दक्ष शैक्षिक व्यक्तित्वको प्रतिनिधित्व गर्ने सन्दर्भबाट कथामा उसको उपस्थिति रहेको छ । समग्रमा राजनीतिक शक्ति र धम्कीमा सरकारी जागिर खुवाउने नेपालको कार्यालय, प्रशासनका हाकिम तथा उच्च तहका कर्मचारीको मानसिक प्रवृत्ति र कार्य व्यवहारको नक्कली चरित्र खोतल्न सफल र महत्वपूर्ण पात्रको रूपमा युवकको भूमिका अनिवार्य रहेको देखिन्छ ।

यसैगरी कथामा वेरोजगार युवायुवतीहरू (जागिरको खोजीमा हातमा फाइल बोकेर हिँड्नु), नेताजी, उनका झोलेहरू, कार्यालयका अन्य कर्मचारीहरू, भोजमा सहभागी थुप्रै राजनीतज्ञ, कार्यकर्ता, आयोजक तथा आमन्त्रित आदि गौण पात्र हुन् । ती गौण पात्रले कथाको उद्देश्य पूरा गर्न सहायक तथा प्रमुख पात्रलाई सहयोग पुऱ्याएका छन् ।

प्रस्तुत कथाको दृष्टिविन्दु बाह्य सर्वदर्शी तृतीय पुरुष कथानक ढाँचामा आधारित छ । ऊ पात्र युवकले जागीरको निम्ति हाकिम (कथाकार) सँग गरेको संवाद, जिज्ञासा, तर्क, प्रश्नोत्तर, शङ्का, संस्मरणात्मक कथोपकनको आदिको माध्यमबाट विविध पात्रहरूको चरित्र उद्घाटन गरिएको छ । कथामा ऊ पात्रको माध्यमबाट सम्पूर्ण शिक्षित बेरोजगार युवाहरूको यथार्थ प्रस्तुत गरिएको छ ।

### ४.६.३ परिवेश

प्रस्तुत 'इन्द्रजाल' कथाको परिवेशको रूपमा काठमाडौंको सिंहदरबारस्थित कृषि विकास बैं कको कार्यालय, आसपासका क्षेत्र र अन्य सहरी परिवेश रहेको देखिन्छ । काल सन्दर्भका दृष्टिले हेर्दा कथाकारको सरकारी जागिरे सेवाको अवधि (झण्डै बीस वर्ष लामो समय), कथा लेखनका दृष्टिले २-३ वर्ष अघि (वि.सं.२०६८-६९) को समय निर्देश गरिएको पाइन्छ । मूलतः कथामा भौतिक वातावरण, राजनीतिक, शैक्षिक, प्रशासनिक परिवेश र तिनबाट उत्पन्न विविध मानसिक कुण्ठा, वेरोजगारी समस्याबाट हुन पुगेको आर्थिक अभाव, जटिल र सङ्घर्षशील जनजीवनको कारूणिक एवम् मार्मिक मनोविश्लेषतः प्रशासनिक क्षेत्रमा राजनीतिको चलखेल, सत्तासीन पार्टीका हालीमुहाली, डर, धम्की र शक्तिका आडमा

जागिर खुवाउने र खाने नेपाली समाजको काठमाडौंली परिवेशको सफल चित्रण वर्णन हुन पुगेको छ ।

### ४.६.४ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली सरल, सरस, रोचक र आकर्षक रहेको छ । कथ्य वा संवाद शैलीको भाषिक अभिव्यक्ति कथामा पाइन्छ । नेपाली भाषाका अधिक शब्दहरू लगायत छिटफुट आगन्तुक र तत्सम अनि तद्भव शब्दहरूको मिश्रित भाषा कथामा पाइन्छ । व्याकरणिक (पद-पदावलीयुक्त भाषा), वाक्यगठन, चोटिलो, सङ्क्षिप्त र सरल भाषा कथामा प्रयोग भएको छ । साथै शैलीका दृष्टिले हेर्दा काव्यात्मक शैली, दृश्यात्मक शैली, वर्णनात्मक कथनमा आधारित संस्मरण शैली, पूर्वदीप्ति शैली, मनोविश्लेषणात्मक शैली, तार्किक, प्रश्नोत्तर, समाख्यातात्मक, समीक्षात्मक, तुलनात्मक तथा निर्णयात्मक प्रकृतिका शैलीको कलात्मक उपयोग गरिएको छ । मूलतः संवाद र एकालापीय (मनोविश्लेषणात्मक) शैलीले कथामा ज्ञिजासा, कौतुहलता, चेतनप्रवाहमयता, यथार्थीकरण, सत्याबोध र वास्तविकताको झलक प्रतिविम्बित हुन पुगेको छ । यसरी कथामा कलात्मक, रोचक र प्रभावकारी भाषाशैलीको उपयोग भएको छ ।

### ४.६.५ सारवस्तु

प्रस्तुत ‘इन्द्रजाल’ कथाको सारवस्तु नेपाली सरकारी कर्मचारीतन्त्रको नक्कली स्वरूप चित्रण गर्नु रहेको देखिन्छ । सरकारी विज्ञापनका नाममा नेता र उच्च ओहादाकै कर्मचारीका मान्छेलाई भर्ती गराउने प्रशासकीय कुचरित्र र राजनीतिक छाडापन एवम् शक्ति र सत्तामा चलन विवश प्रशासन तथा कायालयको पर्दाफास गर्नु रहेको छ । साथै त्यस प्रवृत्तिबाट सोझा, योग्य, दक्ष र विपन्न वर्गका शैक्षिक वेराजगारी युवाहरू सधैं वञ्चित हुन पुगेको तीतो सत्यको उद्घाटन गर्दै प्रशासनिक निकायहरूले स्वच्छ, मर्यादित, निष्पक्ष र अवरोधरहित विधिको शासनअनुरूप कार्य गर्न पाउनुपर्छ भन्ने विचार व्यक्त गर्नु यस कथाको सारवस्तु हो ।

## ४.७ ‘त्रस्त मन मात्र प्रश्नहरू’

### ४.७.१ कथावस्तु र ढाँचा

प्रस्तुत कथाको कथावस्तु आदि, मध्य र अन्त्यको श्रृङ्खलामा आबद्ध छ । आदि खण्डमा कथानक आरम्भ, सङ्केत, परिचय दिइएको छ भने मध्य भागमा कथानक विकास, विस्तार, व्याख्या-विश्लेषण, समालोचना, टिप्पणी तथा चरमोत्कर्ष अवस्था रहेका छ । साथै अन्त्यमा कथावस्तुको ह्रास, समाप्ति र सामान्यीकरणको स्थिति रहेको देखिन्छ । नेपालको

दस वर्षे युद्धकालीन समयमा युद्धले पारेको भौतिक क्षति र त्यसबाट सर्वसाधारण तथा कर्मचारी वर्गमा उत्पन्न मानसिक भय र पीडाको संवेदनात्मक प्रस्तुति यस कथाको विषयवस्तु रहेको छ । कथाको आदि भागमा कथावस्तुको प्रारम्भ यसरी भएको छ - 'निजसमेत निजकी श्रीमती र छोराहरू सहिद भए/अकालमा ज्यान गुमाए ।' मिल्दोजुल्दो खबर रेडियोमा प्रसारण भइरहेको हुन्छ । 'भोलि अथवा निकट भविष्यमा मेरो र मेरो परिवारको पनि यस्तै दुःखद समाचार बन्न सक्छ' मेरो मुटले ठाउँ छोड्छ (शाह, पृ.३३) ।

दोस्रो खण्ड वा मध्य भागमा 'म' पात्र (कथाकार) मनमा विविध कुरा खेलाउँदै कोठाबाट बाहिरिन्छन् । सडकमा एक्कासी साइकल यात्रीसँग ठोक्किन पुग्छन्  र ए ... भाइ ! कसरी साइकल चलाएको हो ? त्यत्रो सडक छ आँखा देख्दैनौ कि क्या हो ? भनी चिच्याउँछन् । बलियोबाङ्गो, जवान ठिटो देखेर डराउँदै 'भाइ ! जाऊ, जाऊ गल्ती मेरो नै हो' भन्दै कथाकार (म पात्र) अगाडि बढ्छन् । साथीले बीच बाटोमै नमस्कार टक्रयाउँदै तपाईलाई थाहा छैन ? अब त रातै पर्नु पर्दैन । दिउँसै सुइक्याउन लागेछन् । नजानोस् टाढा । बाँचे स्वर्ग देखिएला ।' भन्दै सचेत गराउँछन् । 'म' पात्र मन्थन गर्दै चोकमा गएर उभिन्छन् ।

चोकमा मान्छेको उपस्थिति पातलो देखिन्छ । आज त झन बन्दको दिन हो । बन्द हुने कुरा नेपालीको लागि दालभात भइसक्यो । सत्रवटा पार्टीले छुट्टाछुट्टै बोलाउने । अब यस्तै हो भने ३६५ दिन नै नेपाल बन्द हुन बेर छैन । आज झन बन्दको दिन हतियाारवालाहरूको चुइँक्क गर्‍यो भने चिलिम, मर्न कसलाइ मन छ र ? सोच्दै त्रासपूर्ण मन लिएर 'म' पात्र कोठामा फर्कन्छन् । नोकरी छोड्न पर्छ कि क्या हो भनी श्रीमतीसँग सल्लाह गर्छन् जवाफमा नोकरी छोडेपछि के खाने नि ? भनी उल्टै हप्की खान्छन् । राजधानी त सुरक्षित रहेन । सरूवा मागेर कहाँ जाने ? अरु कुन ठाउँ सुरक्षित होला ? आदि थुप्रै तर्क-वितर्क मनमा उब्जिन्छन् । 'म' पात्रले डेरा सर्ने विचार श्रीमती सामु पोख्छन् । श्रीमतीले 'आ... काल नआई मरिँदैन क्यार ! भन्छिन् । 'म' पात्र के गर्ने, के गर्ने ।' खुइय्य सुस्केरा काढ्छन् । उनले कार्यालय र डेरामा सुरक्षाको उचित प्रबन्ध मिलाउन लगाउँछन् । चौकीदारलाई सचेत गराउँछन् । यद्यपि मनमा भने बम, लास, रगत, धराप, धमाका जस्ता शब्दहरू सिँगारी खेल्दै आइरहन्छन् । मैले मात्र चिन्ता गरेर हुन्छ ? 'म' पात्र आफैँलाई सान्त्वनाका लबटाले हान्ने प्रयास गर्छन' सम्मका कथानक घटनाक्रमको प्रस्तुति खण्ड मध्य भाग रहेको छ ।

कथानक वर्णनको अन्त्य खण्डमा घटनाहरू बढ्दै जान्छन् । भय र त्रासले परिवारमा थप शङ्का र पीडा सिर्जना हुन पुग्छ । धेरै दिनदेखि राम्ररी सुत्न सक्दैनन् । चार वर्षे छोरो म पात्रको अँगालोमा निदाइरहेको हुन्छ । म पात्र गह्रौं मन लिएर पुनः अर्को त्रासदीपूर्ण दिन

धकेल्दै तयारी गर्न लाग्छन् र कथानक पनि समाप्त हुन्छ । यसप्रकार प्रस्तुत कथाको कथावस्तु आदि, मध्य र अन्त्य क्रमको रैखिक ढाँचामा रहेको छ ।

### ४.७.२ चरित्र र दृष्टिविन्दु

प्रस्तुत कथामा धेरै पात्रको संयोजन रहेको छ । कथामा विविध चरित्र र तिनका कार्य प्रवृत्तिको मनोविश्लेषणात्मक चित्रण गरिएको छ । कथामा बहुपात्रको संयोजन रहेको छ । तिनका विविध कार्य भूमिका र चरित्र उद्घाटनमा कथाले गति लिएको छ र कथा उद्देश्यमा पुगेको छ । कथामा प्रत्यक्ष र अप्रत्यक्ष दुवै किसिमका पात्रहरूको उपस्थिति देखिन्छ । प्रत्यक्ष पात्रहरू कथामा एवम् अवस्थित छन् भने अप्रत्यक्ष पात्रहरू संस्मरण र सङ्केत निर्देशका रूपमा सीमित छन् । यसरी हेर्दा प्रत्यक्ष पात्रहरूमा 'म' पात्र, उनकी श्रीमती, छोरो, साइकल यात्री बाटोमा भेटिएको साथी, एकजना कालो युवक, अफिसका कर्मचारीहरू, पियन चौकीदार, आदि रहेका छन् । यसैगरी अप्रत्यक्ष वा संस्मरणात्मक रूपमा गुरुङको बाह्र वर्षे छोरो, जिउँदै जलाइएकी कलिली बच्ची खातुन, बन्दकर्ता, हतियारवालाहरू (विद्रोही क्रान्तिकारी पार्टी), सदस्यहरू, मृतक निज (नाम नखुलेको), उसकी श्रीमती र छोराहरू आदि आएका छन् ।

कथामा प्रमुख सहायक र गौण पात्रका प्रकार र तिनका कार्यभूमिकाका आधारमा हेर्दा यस कथाको प्रमुख पात्र 'म' अर्थात् समाख्याता (कथाकार) स्वयं हुन् । उनकै जीवनको भोगाइका द्वन्द्वकालीन नेपाली परिवेशले उत्पन्न गराएका भययुक्त, त्रास र पीडाका जटिल पक्षहरूको सशक्त उद्घाटन प्रस्तुत कथामा 'म' मार्फत् हुन पुगेको छ । यसअनुरूप हेर्दा 'म' पात्र पुरुष लिङ्ग, प्रमुख कार्य भूमिका, अनुकूल प्रवृत्ति, गतिहीन स्वभाव, वैयक्तिक जीवनचेतना, मञ्चीय तथा बद्ध पात्र हुन् । उनकै युद्धकालका त्रसित मनोभावको सेरोफेरोमा कथाले उद्देश्य चुमेको छ । जसले गर्दा उनी कथाको प्रमुख, अनिवार्य र महत्वपूर्ण पात्र हुन्।

सहायक पात्रका दृष्टिले हेर्दा कथामा 'म' पात्रका साथी र उनकै श्रीमती आएका छन् । तिनीहरूले म पात्रलाई विभिन्न रूपबाट सल्लाह, सुझाव र सान्त्वना दिई एउटा असल मित्रको रूपमा सहयोग पुऱ्याएका छन् । जसमध्ये श्रीमती 'म' पात्रको हर कदममा साथ, सहयोग, हौसला दिई दुःखसुखमा साथ दिने अभिन्न अर्धाङ्गिनी हुन् । पात्रगत मान्यतानुरूप हेर्दा ती दुवै पात्र लिङ्गमा स्त्री (श्रीमती) र पुरुष (साथी) दुवै प्रकृतिका छन् । कार्य भूमिकामा प्रमुख सहायक (श्रीमती) र गौण सहायक (साथी) दुवै अनकूल छ । स्वभाव दुवैका गतिहीन, जीवनचेतना वैयक्तिक, आसन्नता मञ्चीय तथा आबद्धताका रूपमा बद्ध रहेका छन् ।

यसैगरी कथामा विविध गौण पात्रहरूको उपस्थिति रहेको छ । कथानक वर्णनका क्रममा कम भूमिका वा न्यून भूमिका बोकेको सङ्केत र सन्दर्भमा आएका पात्रहरू यस प्रकारका देखिन्छन् । मूलतः 'म' पात्रको अवोध छोरो, कलिली बच्ची खातुन, गुरुङको छोरो, नाम नखुलेको निज मृतक, उसकी पत्नी र छोराहरू, बन्दकर्ता र तिनका समर्थकहरू तथा विद्रोही पार्टीका सदस्यहरू आदि गौण पात्रहरू हुन् ।

यस कथाको कथानक ढाँचा प्रथम पुरुषीय शैलीमा रचिएको छ । म पात्र वा कथाकारका स्वयं अनुभव, अनुभूति, पीडाका स्वरहरूलाई उद्धृत गर्दै समाख्यानात्मक अभिव्यक्ति गरिएको छ । म पात्रको आन्तरिक केन्द्रीय दृष्टिविन्दुको कलात्मक वर्णनले कथा कौतूहलपूर्ण, चेतनप्रवाह र संवेद्य बन्न पुगेको छ ।

### ४.७.३ परिवेश

प्रस्तुत कथामा परिवेशको समुचित उपयोग भएको छ । युद्धकालीन नेपाली समाज कथामा परिवेश बनेर आएको छ । यसरी हेर्दा कथामा खासगरी नेपाल र नेपालभित्रका सबै भौगोलिक-सामाजिक, ग्रामीण-सहरी स्थलहरू देशको रूपमा रहेका छन् । विशेषतः काठमाडौंको सहरी क्षेत्र, सिंहदरबारको कृषि विकास बैंकको कार्यालय र आसपासका स्थानहरू कार्यपिठिका वा घटनास्थल बनेर आएका देखिन्छन् । समय सन्दर्भका रूपले हेर्दा जनयुद्धको प्रारम्भिक समय २०५२ देखि त्यसको उत्कर्ष क्षणका रूपमा २०६२/ ६३ को लामो कालखण्ड रहेको छ । परिस्थिति चित्रणका दृष्टिले हेर्दा राज्य पक्ष र विद्रोही पक्ष बिचका युद्धरत भौतिक, सांस्कृतिक, मानवीय पक्षहरू बाह्य परिवेशका रूपमा देखिन्छन् भने आन्तरिक परिवेशका रूपमा ती भौतिक तथा मानवीय क्षतिका दृश्याङ्कित, अनुभव, अनुभूतिको भोग्य र दृश्य मानसिक चित्र र मानवीय संवेदनाको पीडादायक भाव धरातल आएका देखिन्छन् । यसरी कथामा द्वन्द्वबाट परेको मानसिक असर र तिनको कारूणिक पीडाको अभिव्यक्ति समय, पृष्ठभूमि र परिस्थिति अनुकूल रहेको छ ।

### ४.७.४ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली सरल, सहज र आकर्षक रहेको छ । कथ्य स्तरका एकालापीय समाख्यान शैलीको भाषिक प्रयोगले कथालाई रोचक, मार्मिक तुल्याएको छ । वाक्यस्तरका व्याकरणिक भाषा, पद पदावलीको संयोजन । तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्द चयन, सरल, संयुक्त र मिश्र वाक्यका उचित प्रयोग कथामा भाषा सङ्गठनका रूपमा पाइन्छ । त्यसैगरी शैलीका दृष्टिले हेर्दा कथामा संस्मरण शैली, पूर्वदीप्ति शैली, चित्रात्मक वा दृश्यशैली, वर्णनात्मक, विश्लेषणात्मक, चेतनप्रवाह शैली, समालोचकीय शैली आदिको विशेष उपयोग भएको देखिन्छ । भाषा शैलीको शिष्ट सरल र आकर्षक प्रयोगले

कथाको भाव सम्प्रेषणमा पृष्ठपोषण थपेको देखिन्छ । साथै कथ्य स्तरका भाषिक शैलीका साथै झर्रो/ठेट नेपाली शब्द (इस्) लगायत व्याकरणिक तथा काव्यात्मक भाषाशैलीको आकर्षक र कलात्मक प्रयोग भएको छ ।

### ४.७.५ सारवस्तु

प्रस्तुत कथाको सारवस्तु युद्धकालीन समयमा देशका सर्वसाधारण, कर्मचारी, व्यापारी, उद्योगी, किसान, मजदुर, सुरक्षाकर्मी, पत्रकार आदिले भोग्नु परेको मानसिक र शारीरिक पीडाको कारूणिक चित्रण गर्नु रहेको छ । कथाका सन्दर्भमा खासगरी प्रशासनिक निकाय र कर्मचारीवर्गमा छाएको सन्त्रासको उद्घाटन गर्नु मूल उद्देश्य बनेर आएको छ । मानव जन्मँदै स्वतन्त्र प्राणी भएको हुँदा ऊ निर्वाध रूपबाट बाँच्न, हिँड्न, डुल्न, काम गर्न पाउनुपर्छ । युद्ध र आतङ्कले मानिसको अधिकार कुण्ठित गराउँछ । मानव भयरहित तवरले शान्ति र सुरक्षित वातावरणमा बाँच्न पाउनु पर्छ जसको आवश्यक व्यवस्था राज्यले अर्थात् सरकारले गराउन सक्नुपर्दछ । न्याय अन्यायको उचित छानविन गरी दोषीलाई सजाय र निर्दोषीलाई शान्ति सुरक्षाको प्रत्याभूति दिनुपर्दछ भन्ने विचार प्रस्तुत गर्नु यस कथाको सारवस्तु रहेको छ ।

## ४.८ 'हाकिमी अठोट'

### ४.८.१ कथावस्तु र ढाँचा

प्रस्तुत कथाको कथानक विषयवस्तु हाकिमको मानसिक निर्णय बनेर आएको छ । यसमा ठूलाबडाले गर्ने सोचाइ र देखाउने व्यवहारको भिन्न चारित्रिक प्रवृत्तिको चित्रण गरिएको छ । आदि भागमा कथानक थालनी यसरी गरिएको छ 'जतिसुकै जवान र कलकलाउँदो देखिन खोजे पनि हाम्रो हाकिमको उमेरको पारो भने चढिसकेकै हो ।' कर्मचारीहरू हाकिमको उमेरको बारेमा 'कमेन्ट' गर्नुपर्दा यस्तै-यस्तै मिलाएर, घुमाएर भन्ने गर्छन् । तर हाकिम भने कर्मचारीको भन्दा भिन्न पाराले सोच्छन् । अझ घुम्ने कुर्सीमा भएको बेला र त्यसमा पनि 'अफिस फस्ट आवरमा कर्मचारीहरूलाई भाषण, उपदेश, गाली दिने बेलाको उनको फुर्तिफार्ती र रवाफ हेर्न लायककै हुन्छ (शाह, पृ.३८) । यहाँसम्म कथानक आदि खण्ड हो ।

त्यसैगरी मध्य खण्डमा घटनाको विकास-विस्तार यसरी अघि बढेको छ । कर्मचारीहरूले आपसमा हाकिमको उमेरको वृद्धपन र हाकिम साहेबको सोह्र वर्षे तडकभडक, फेसन, हेयर ड्रेसअप आदिको बारेमा कुरा काट्छन् । हाकिम अफिसका समस्या र उमेरको 'टेन्सन' अफिसमै थाती राखेर 'रोमान्टिक मुडमा' सुसेली हाल्दै कोठामा छिर्छन्

र स्वास्नी पनि 'कसौटी जिन्दगीका' मा सुसेली हाल्दै कोठामा छिर्छिन् । हाकिम स्वास्नीको गन्थन सुन्ने मोडमा छैनन् । मौसमले जो च्यालेन्ज गरी सकेको छ । 'यी स्वास्नी मान्छेहरू ... ।' उनी धारे हात स्वास्नीतर्फ देखाउँछन् । उनी हाफ पेन्ट भिर्छन् र रोयल स्टागको एक 'लार्ज पेग' बनाउँछन् र फ्रिजबाट आइस हाली चुस्कीसँग चुरोट तान्छन् । चुस्कीले शरीरलाई स्फूर्ति र आनन्द दिने कुराको अनुभव गर्छन् । यसले थप ऊर्जा दिने कुरामा उनी विश्वस्त हुन्छन् ।

सोच्दासोच्दै हाकिमको सोच दिमागका लाखौं नशाहरू मध्ये बिजुलीको झट्का लागे झैं 'उमेर' भन्ने नासोमा गएर ठोकिन्छ । उनी त्यो झट्काले थ...र ... र ...र काँप्छन् र डरलाई ख्वार्लाप्पै निल्न घुप्लुकै सिङ्गै पेग एकै सासमा रित्याउँछन् । पुनः सोचमग्न र चिन्तित भएर सोच्न लाग्छन् । आफ्ना जमानका नामुद जँड्याहाका रूपमा आफूलाई सम्झन्छन् । साथीले खाना खान बोलाउँछ । हाकिम उठेर जान्छ । पुनः फर्केर एउटा गीत 'सोह्र वर्ष उमेरैमा म पनि झिल्के हुँदो हुँ' गाउँदै तीन फन्का नाच्दै आफ्नो बाटो लाग्छन् । कम्मर दुःखेर बसेपछि उठ्न नसक्ने र उठेपछि बस्न नसक्ने कारण हाकिम डाक्टरलाई गाली गर्छन् ।

डाक्टरले रिपोर्ट हेर्दै भनेको सुगर अर्थात् हाकिमहरूलाई हुने रोगले समातेकोले सोमरस पान नगर्ने, चिल्लो पिरो नखाने, आलु नखाने, भात कम खाने, व्यायाम गर्ने कुरा झल्याँस्स सम्झिन्छन् । उनी जोड घटाउ ठीकै भएकोमा अर्को एक पेग बनाउँछन् । 'भोलिदेखि ६ बजे नै उठेर व्यायाम जने दृढताका साथ श्रीमतीलाई बोलाउन आदेश दिन्छन् । 'हेरौंला' भावमा श्रीमती मुन्टो बटार्छिन् । भोलि नहुनु पर्नेमा हाकिमले अठोट गरेको भोलि भएरै छोड्छ । हाकिम घडी हेर्छन् । घडीमा पाँच बजेर एकतीस मिनेट गएको हुन्छ । उनी ५:४५ मा ठ्याक्कै उठ्ने सोच बनाउँछन् । अँध्यारो अँध्यारो छ । अँध्यारोको कल्पना गर्दा गर्दै उनी तकिया च्यापेर घुर्न लाग्छन् र उनको योजना पनि विफल हुन्छ ।

त्यसरी नै अन्त्य खण्डमा स्वास्नी नुहाइसकेर कोठामा फर्किन्छिन् र जोडजोडले चिच्याउन लाग्छिन् । हाकिम टाउको समान्दै ओछ्यानमा बस्छन् । हतार हतारमा उठ्छन् । अल्याङमल्याङ गर्दा गर्दै सात बज्छ । उनी ट्रेक भिरेर जुत्ता लगाई अफिस तर्फ लाग्छन् । मनमा भोलिपल्ट ६ बजे पक्का उठ्ने बाचा गर्छन् । १५ मिनेट मर्निङ वाक र १५ मिनेट व्यायाम गर्ने सोच बनाउँछन् । उनी नेपाली नेताले नेपाललाई स्वीट्जरल्यान्ड बनाएर छाड्ने प्रण गरे जस्तो अठोट गर्दै लुरूलुरू टाउको निहुँराउँदै कोठामा छिर्छन् र कथानक पनि समाप्त हुन्छ ।

यस कथाको कथावस्तुगत ढाँचा आदि, मध्य र अन्त्यको रैखिक क्रममा संरचित छ। कथाको आदि भागमा कथानक घटनाक्रमको उठान, मध्य खण्डमा विस्तार र चरमोत्कर्ष तथा अन्त्य भागमा ह्रास तथा निष्कर्षीकरण रहेको छ। यसरी प्रस्तुत कथामा आदिदेखि अन्त्यको क्रममा कथावस्तुको कलात्मक संयोजन रहन पुगेको देखिन्छ।

### ४.८.२ चरित्र र दृष्टिविन्दु

यस कथामा विभिन्न पात्र र तिनको रोचक चरित्राङ्कन गरिएको छ। यहाँ उल्लेख भएका पात्रहरूमा हाकिम, उसकी स्वास्नी, अफिसका कर्मचारीहरू खरिदार, एकाउन्टेन्ट पियन रामदेव (साङ्केतिक पात्र), द्रष्टा पात्र (समाख्याता) वा वाचक आदि छन्। यी मध्ये हाकिम कथाको प्रमुख चरित्र हो। यसैगरी उसकी श्रीमती सहायक पात्र तथा कर्मचारी, खरिदार, एकाउन्टेन, पियन आदि गौण पात्रहरू हुन्। यहाँ मुख्य चरित्र र सहायक चरित्रको चित्रण यसप्रकार क्रमशः गरिएको छ :

हाकिम कथामा पुरुष लैङ्गिक पात्र हो। उसले आदिदेखि अन्त्यसम्म उपस्थित भई आफ्नो गहन भूमिका निर्वाह गरेकोले प्रमुख पात्र हो। उसकै केन्द्रीयतामा कथानक संरचित भई उद्देश्यसम्म पुगेको छ। प्रवृत्तिका दृष्टिले हेर्दा हाकिम अर्थात् ऊ पात्र अनुकूल चरित्र हो। उसले अफिसमा सबै कर्मचारी र घरकी श्रीमतीलाई सत् व्यवहार प्रदर्शन गरेको छ। स्वभावका आधारबाट हेर्दा हाकिममा गतिहीन स्वभाव रहेको छ। कथानक आरम्भदेखि अन्त्यसम्मका घटना क्रमममा उसको एकै खाले व्यवहार देखिएको छ। विचार, व्यवहार, कार्यशैली आदिमा परिवर्तन आएको छैन। जीवन चेतनाका दृष्टिले हाकिम वर्गीय चरित्र हो। उसले हरेक सरकारी कार्यालयका हाकिमको प्रतिनिधित्व गरेको छ। मोजमस्ती, आनन्द, बडापन, घमण्ड आदि हाकिमका परिचायक हुन्। आसन्नताका आधारमा हेर्दा प्रमुख पात्र मञ्चीय पात्र हो। कथानक वर्णनका क्रममा ऊ आदि, मध्य र अन्त्य सबैतिर छाएको पात्र हो। आबद्धताको आधारमा हेर्दा हाकिम बद्ध चरित्र हो। उसको भूमिका कथानक आदिदेखि अन्त्यसम्मै आएको र उसको अभावमा कथाको संरचनामा खलल पुगी उद्देश्यविहीन समेत बन्ने हुँदा अनिवार्य र मह□वपूर्ण प्रमुख पात्र हो।

हाकिमकी श्रीमती कथाको सहायक चरित्र हो। लिङ्गका दृष्टिले ऊ स्त्रीलिङ्गी चरित्र हो। कार्य भूमिका सहायक भूमिका वहन गर्ने पात्र हो। उसले कथाको मूल पात्रलाई विभिन्न रूपबाट सहयोग गरी कथानक उद्देश्यमा पुऱ्याउन मह□वपूर्ण भूमिका खेलेकी छ। प्रवृत्तिका दृष्टिले प्रतिकूल चरित्र हो। उसले श्रीमानलाई उपेक्षा भावले हेर्ने र उनका कुरा नखाने स्वभाव चित्रणबाट श्रीमती प्रतिकूल सहायक चरित्र हुन् भन्न सकिन्छ। स्वभावका आधारमा हेर्दा ऊ गतिशील स्वभावकी नारी हो। उसमा आफ्ना श्रीमानलाई समय सापेक्ष

फरक-फरक व्यवहार गर्ने र आफ्नो स्वार्थ र खुसीमा काम गर्ने, रमाउने चरित्र रहेको छ । जीवन चेतनाको रूपमा हाकिमकी श्रीमती वैयक्तिक चरित्र हो । ऊ आफूभित्रका स्वचालित इन्द्रिय र मस्तिष्कद्वारा निर्देशित कार्यहरू गर्दछे । आसन्नताका कोणबाट हेर्दा उनी मञ्चीय चरित्र हुन् । कथानक वर्णनका क्रममा जहाँतहीँ उनको उपस्थिति देखिएको छ । आबद्धताको आधारमा उनी बद्ध चरित्र हो । ऊ कथानक आरम्भदेखि अन्त्यसम्म आई विभिन्न सन्दर्भ, प्रसङ्गमा आफ्नो भूमिका निर्वाह गरेकी छे ।

कथाकारले कथा वाचनको क्रममा अँगालेको कथनशैली र त्यसको प्रस्तुति गर्ने पात्रको स्थान दृष्टिविन्दु हो । मूलतः कथानक वर्णनमा समाख्यानात्मक शैलीको तृतीय पुरुष बाह्य सर्वदर्शी दृष्टिविन्दुको समुचित प्रयोग गरिएको हुन्छ । कथाको शीर्षकीकरणमा नै यस दृष्टिविन्दुको स्पष्ट निर्देशन गरिएको छ । यसरी हाकिम (ऊ) पात्रको एकालापीय संस्मरणात्मक, संवादात्मक, विवेचनात्मक, विश्लेष्य र पूर्वदीप्ति सन्दर्भका कथानक माध्यमबाट विविध पात्रहरूको मनोविश्लेषण गरिएकोले तृतीय पुरुष दृष्टिविन्दु कथन ढाँचाको सफल प्रस्तुति रहेको छ ।

### ४.८.३ परिवेश

कथाकार दिलीप शाह सामाजिक र प्रशासनिक दुवै विषयमा कथा सिर्जना गर्न रूचि राख्ने कथाकार हुन् । उनका कथाहरूमा ग्रामीण जनजीवनका सामाजिक-आर्थिक समसयबाट उत्पन्न जटिल र सङ्घर्षपूर्ण मानवीय संवेदनाको चित्रण एकातर्फ पाइन्छ । त्यसैगरी अर्को पाटोको रूपमा सहरी-प्रशासनिक, राजनीतिक आदि पक्षले निम्त्याएका विविध समस्याहरूलाई कलात्मक र व्यङ्ग्यधर्मी शैलीबाट पाठकसामु प्रस्तुत गर्नु उनको रूचिगत वैशिष्ट्य रहेको देखिन्छ । यसरी हेर्दा यस हाकिमी अठोट कथामा मूलतः प्रशासनिक तहमा कार्यरत उच्च तहको सरकारी कर्मचारीहरूको तडकभडक, ढिलासुस्ती, हेलचेक्राइँ, रवाफ, बडेपन आफ्नो कर्तव्य र जिम्मेवारीभन्दा वैयक्तिक जीवनप्रतिको ज्यादा चिन्ता गर्ने प्रवृत्ति जस्ता मानसिक नियतको यथार्थ अभिव्यक्ति गर्नु शाहको रूचि रहेको छ । नेपाली पर्रिवेशकै सहरी-प्रशासनिक बेथिति, अनियमितता, गैरजिम्मेवार ढङ्गको कार्यालय नेतृत्व र कर्मचारीहरूका उदासीपन, हाकिमप्रतिको नकारात्मक धारणा जस्ता मनोपरिवेशले यस कथालाई उजिल्याएको छ । यसरी कथानक चित्रणका क्रममा नेपालभित्रकै सहरी-प्रशासनिक परिस्थितिअन्तर्गतका भौतिक तथा मानसिक परिवेश कथामा देखिएको छ ।

### ४.८.४ भाषाशैली

भाषाशैलीका दृष्टिले हेर्दा यस कथामा भण्डार, विचलन, व्याकरणिक, पदक्रम, अर्थतालिका, शब्द भण्डार (तत्सम, आगन्तुक, तद्भव, कथ्य शब्द) को उचित संयोजन

रहेको पाइन्छ । व्याकरणिक विचलनअन्तर्गत घामले पनि (पृ.३९), चरी जस्तो (पृ.३८), अर्थतात्विक विचलन-यो भुत हो कि मान्छे ? (पृ.५०), तत्सम शब्द-वसन्त, श्रावण, शरीर, राष्ट्र, आस्था (पृ.३८-४२), आगन्तुक शब्द- रोयल स्टाग, फ्रेस, मर्निङ वाक, मिनेट, ट्रेक, टेबुल आदि (पृ.३८-४३) । तद्भव- सूर्य, तालु, नुहाइधुवाइ, मुख, जीउ, अठोट, छाती, रौं (पृ.३८-४२) आदि । कथ्य शब्द चयन-धतेत्तरी !, राक्षस जस्तो, चुत्थो डाक्टर, अलच्छिनी, जँड्याहा, विडम्बना, (पृ.३८-४२), काव्यात्मकताअन्तर्गत आलङ्कारिकता (प्रतीकात्मकताजन्य)- 'उनी गिलासमा भएको सोमरस स्वात्तै रित्याउँछन् ।' एक बाल्टिन पानी जीउमा खन्याइ दिनु,(पृ.४१-४२), शब्दचयन (टुक्का र उखान) - कसौटी जिन्दगीका, भलाद्मी जँड्याह, चुत्थो डाक्टर, भूत कि मान्छे, एयरपोर्ट तालु (पृ.३८-४३) । यसरी कथानक वर्णनमा शिष्ट, सरल, आकर्षक, काव्यात्मक-व्याकरणिक, कथ्य भाषिक प्रयोगले कथाको भाषाशैली विशिष्ट बन्न पुगेको छ ।

### ४.८.५ सारवस्तु

यस कथामा प्रशासनिक सरकारी उच्च तहका हाकिम बनेका व्यक्तिहरू मनोविश्लेषण गर्नु र तिनका यथार्थ मनोवृत्ति चित्रण गर्ने सन्दर्भबाट सारवस्तु आएको छ । उक्त सन्दर्भमा कर्मचारीहरूले सहनु परेका हाकिमी शासन र तिनले भोग्नु परेका विविध मानसिक पीडाको अभिव्यक्त गर्नु यस कथाको उद्देश्य रहेको छ । तल्लो तहका कर्मचारीहरू आफ्नो जागिर जोगाउनकै निम्ति पनि ठूलाबडा, उच्च कर्मचारी, प्रशासनक, हाकिमकको भक्तिभजन गर्नुपर्ने नेपाली कर्मचारी तन्त्रको पीडादायी मर्मलाई कथामा प्रस्तुत गरिएको छ । यसकारण सर्वसाधारण नेपालीहरूले सरकारी तहबाट पाउनु पर्ने विविध सेवा सुविधा, हक अधिकार जस्ता आधारभूत कुराहरूबाट समेत वञ्चित हुनु परेको छ भन्ने मूल विचार व्यक्त गर्नु नै यस कथाको सारवस्तु हो ।

## ४.९ 'लोग्नेमान्छे'

### ४.९.१ कथावस्तु र ढाँचा

प्रस्तुत कथाको कथानक पुरुष मनोवृत्तिको चित्रणमा आधारित छ । पुरुष जातिहरू बाहिर जे भन्छन् जस्तो गर्छन् त्योभन्दा भिन्न सोचाइ र विचारबाट हिँडेका हुन्छन् भन्ने भावबाट कथा निर्मित छ । यस कथामा लोग्नेमान्छेले आफ्ना जीवनका विविध अवस्था, उमेर, समय आदिमा गरेका कार्य, जीवनका भोगाइ, अनुभव, अनुभूति, सुख, दुःख आदिको क्रमबद्ध वर्णन कथानक बनेर आएको छ । यस दृष्टिले हेर्दा कथामा कार्य वा घटना, परिवेश, पात्र र तिनका कार्य व्यापार र त्यसबाट उत्पन्न क्रियाप्रतिक्रिया (मनोद्वन्द्व) को कलात्मक वर्णन गरिएको छ ।

प्रस्तुत कथामा कथानक सूत्रका रूपमा एकजना लोग्नेमान्छे, उसकी मृत श्रीमती र जवानीमा सहपाठीका रूपमा आएको केटी साथीहरू कथानक विस्तारका पक्षहरू छन् भने तिनकै स्मृतिमा भौतिक तथा आन्तरिक (मनोद्वन्द्व) रूपमा उत्पन्न मानसिक विश्लेषणको योजनाबद्ध, सनसनीपूर्ण कथोपकथन उक्त कथाको कथानक हो । लामो समयको बिमारपछि उसकी स्वास्नीले आँखा चिम्लिन्छे । स्वास्नी मरेकोमा उसलाई पीडा र पश्चतापको सट्टा मुक्ति मिलेको अनुभव हुन्छ । यसरी कथामा घटना, पात्र र तिनका मनोद्वन्द्वको क्रमिक विन्यासको कथानक रहेको देखिन्छ । कथानक वर्णनका क्रममा विविध घटना, स्मृति, अव्यवस्थित रूपबाट अगाडि बढेका छन् । कथानकको प्रारम्भमा मूल पात्र ‘लोग्नेमान्छे’ लाई समस्याको द्वन्द्वमा उभ्याइएको छ । मध्य भागमा पात्रलाई समस्यासँगको द्वन्द्वात्मक सङ्घर्षमा पुऱ्याइएको छ । अन्त्य भागमा सङ्घर्षमाथि पात्रको विजयी वा समस्यामुक्ति गराइएको छ ।

कथानको अन्त्य भागमा सङ्घर्ष ह्रास र समस्या समाधान वा विजयीका कथानक वर्णन गरिएको छ । आधा बाटोबाट फर्किएर ऊ मैयाँको कोठामा प्रवेश गर्छ । मैयाँ एक्लै खाटमा बसेर रूमाल बुन्दैछे । उसलाई दुःखद् घटना थाहा छ । उसले सहानुभूति दर्साउँछे । लोग्नेमान्छे उसको व्यवहारले स्वास्नीको मृत्युको पीडालाई भुल्दछ ।

कथा विस्तारको आदि, मध्य र अन्त्यको व्यवस्थित, क्रमिक र तारतम्य श्रृङ्खलाको विन्यास शैली कथावस्तुगत ढाँचा हो । प्रस्तुत कथाको वर्णित कथावस्तु रैखिक शैलीको ढाँचामा रहेको छ । कथानक आरम्भ, विकास, विस्तार, सङ्घर्ष र सङ्घर्ष ह्रास क्रमिक रूपमा आएको छ । यसरी प्रस्तुत कथामा आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा कथानक वस्तुयोजना सङ्गठित छ ।

### ४.९.२ चरित्र र दृष्टिविन्दु

यस कथामा पात्र र चित्रहरूको कलात्मक विन्यास रहेको छ । कथामा बहुपात्रको चयन गरिएको छ । तिनका विविध कार्य प्रकृति र स्वाभाविक चरित्र विश्लेषणमा कथा सारवस्तुमा पुगेको छ । कथानक वर्णनमा आएका पात्रहरू यसप्रकार रहेका छन्- लोग्नेमान्छे, उसकी श्रीमती (मृत्युपूर्व र पश्च रूपमा), ब्राहमण, विधुवा दिदी, मलामीहरू, लोग्नेमान्छेको छोराछोरी, छिमेकी युवती मैयाँ, थेप्चे, नोकर आदि छन् । त्यसैगरी संस्मरणका रूपमा आएका स्त्री पात्रहरू-काली, निलु, सिला, शान्ति, बन्दना, शर्मिला देखिन्छन् । ती मध्ये ‘लोग्नेमान्छे’ कथाको मूल पात्र हो । त्यसैगरी उसकी स्वास्नी मैयाँ सहायक पात्र हुन् । यसरी नै ब्राहमण, गाउँलेहरू, स्मृतिमा आएका सुकुमारी युवती स्त्रीहरू, छोराछोरी, विधुवा दिदी, थेप्चे, नोक आदि गौण पात्र हुन् । कथामा विविध पात्रहरूले आ-आफ्नो स्थानबाट

सहयोग गरी कथालाई उद्देश्यमा पुऱ्याएका छन् । लोग्नेमान्छेको चारित्रिक स्वभावलाई उद्घाटन गर्न मह[illegible]वपूर्ण भूमिका खेलेका छन् । यी मध्ये प्रमुख पात्रको चरित्र विश्लेषण यस्तो रहेको देखिन्छ :

यो कथाको 'लोग्नेमान्छे' प्रमुख वा मूल पात्र हो । ऊ पुरुष लैङ्गिक पात्र हो । ऊ कथामा आदिदेखि अन्त्यसम्म आई सबै कार्य/घटना उसकै मानसिक अन्तर्द्वन्द्व र कार्यव्यवहारमा केन्द्रित रहेकाले प्रमुख, अनिवार्य पात्र हो । 'लोग्नेमान्छे' वा पुरुष जातिको यौन मनोवृत्तिको प्रतिनिधित्व गर्ने सन्दर्भबाट उसको भूमिका निर्देशित छ । स्वभावका आधारमा गतिशील रहेको छ । श्रीमतीको मृत्यु भएकै दिनमा छिमेकी युवती मैयाँको कोठामा गई भोगेच्छा पूरा गरेबाट उसमा अस्थिर स्वभावको मनोवृत्ति भएको स्पष्ट हुन्छ । प्रवृत्तिका रूपमा ऊ प्रतिकूल चरित्र हो । आफ्नी अर्धाङ्गिनी श्रीमतीको मृत्युमा पनि संवेदना प्रकट नगर्ने उसले आफ्नो प्रेमको बाटो खुलेको भाव उसको अभिव्यक्तिमा झल्किएको छ । आफू मुक्त भइस् । मलाई पनि मुक्ति दिइस्, (शाह, पृ.४५) । जीवन चेतनाको रूपले हेर्दा ऊल वर्गीय चरित्र हो । कथानक आरम्भदेखि अन्त्यसम्म सबैतिर उसको उपस्थिति र चरित्र वर्णन गरिएको हुँदा ऊ मञ्चीय पात्र हो । कथाको आदिदेखि अन्त्यसम्म नै विधि भूमिका निभाएको र उसको अभावमा कथानक उद्देश्यपूर्ण नहुने भएको हुँदा ऊ कथामा बद्ध र अनिवार्य पात्र हो । यसरी कथामा प्रमुख पात्र (लोग्नेमान्छेको) भूमिका मह[illegible]वपूर्ण रहेको छ
।

यस कथामा प्रयुक्त विविध पात्र मध्ये मैयाँ एक सहयोगी नारी पात्र हो । उसले भौतिक र मानसिक दुवै रूपबाट लोग्नेमान्छेलाई सहयोग गरेको छ । यस आधारमा ऊ प्रमुख सहयोगी पात्र हो । प्रवृत्तिका दृष्टिले हर्दा मैयाँ अनुकूल पात्र हो । ऊ सोझी, सरल, दयालु, सहयोगी देखिन्छे । स्वभावका आधारमा मैयाँ स्थिर स्वभावकी नारी हो । सुरुदेखि अन्त्यसम्मै एउटै कार्यव्यवहार रहेको छ । जीवनचेतनाका रूपमा ऊ वर्गीय चेतना बोकेकी पात्र हो । संवेदनाको भाव समग्र नारीहरूमा बढी हुन्छ र तत्क्षण नारीले पुरुषहरूलाई देखाउने माया, स्नेह, सहानुभूति र सहयोग उसले पनि दर्शाएकी छ । आसन्नताको रूपमा हेर्दा ऊ मञ्चीय पात्र हो । उसको कार्य भूमिका ज्वलन्त छ - भौतिक र मानसिक दुवै रूपमा ऊ जीवन्त बनेर आएकी छ । आबद्धताका रूपमा ऊ बद्ध पात्र र अनिवार्य सहायक पात्र हो ।

यसरी लोग्नेमान्छे कथामा विभिन्न प्रमुख, सहायक र गौण पुरुष स्त्रीपात्रहरूको कार्य भूमिका रोचक र आकर्षक रहेको छ ।

प्रस्तुत कथामा दृष्टिविन्दुको कलात्मक संयोजन गरिएको छ । कथानक वर्णनमा कथाकारले आफ्नो विचार प्रस्तुत गर्न तृतीय पुरुष कथनशैलीको बाह्य सीमित दृष्टिविन्दुको समुचित प्रयोग गरेका छन् । 'लोग्नेमान्छे' अर्थात् ऊ पात्रको केन्द्रीयतामा समाख्याताले नेपाली पुरुष जातिको वर्गीय चेतनाको उजागर गरेका छन् । यसरी प्रस्तुत 'लोग्नेमान्छे' कथा दृष्टिविन्दुका रूपमा सार्थक र कलात्मक बन्न पुगेको छ ।'

### ४.९.३ परिवेश

प्रस्तुत कथाका परिवेश सामाजिक क्षेत्र वा ग्रामीण समाज रहेको देखिन्छ । कथामा नेपाली समाजका स्थान क्षेत्र र स्थान निर्देश नगरिए तापनि कथाकारको रूचि क्षेत्र मूलतः ग्रामीण परिवेश भएबाट यस कुरालाई पुष्टि गर्दछ । सामाजिक यथार्थको भौतिक पक्ष र तिनबाट सिर्जित विविध मानसिक प्रभावको मनोद्वन्द्व र तिनका जटिल स्थितिहरूको कारूणिक संवेदना कथामा आन्तरिक परवेश बनेर आएको छ । मूलतः 'लोग्नेमान्छे' ले जीवन भोगाइका क्रममा देखेका, सुनेका, हेरेका, विविध सामजिक-भौतिक, प्राकृतिक सेरोफेरो कथामा बाह्य परिवेश हो भने तिनबाट उसमा (ऊ पात्रमा) परेको मनोप्रभाव मानसिक उत्प्रेरणाको छाप अन्तः परिवेश हो ।

प्रस्तुत कथामा कथानक दुःखान्त चित्रणमा आधारित भौतिक परिवेश र त्यसले पारेको मानसिक प्रभाव यसरी गरिएको छ - 'बाह्मणको निर्देशनमा छिमेकीहरूले लासलाई सेतो कपडाले बेर्छन् र बाँसको शैया बनाएर बाँधबुँध पार्छन् । मलामीहरूलाई हतार छ । उनीहरू मनमनै हिसाब लगाउँदैछन् - 'घाट पुग्न एक घण्टा । फर्किदा रात पर्ने भो बा ! कर्फ्युको समय छ । ' मट्टितेल र टायर पनि बोक्नुपर्छ है (शाह, पृ.४४५) । यसरी माथिका कथनबाट ग्रामीण क्षेत्र र परिवेश सशक्त बनेर आएको देखिन्छ । कर्फ्युको समय निर्देश गरेबाट नेपालको दस वर्षे जनयुद्धको सङ्कटकाल घोषणाको भय र त्रासयुक्त नेपाली ग्रामीण-सामाजिक परिवेश कथामा जीवन्त बनेर आएको स्पष्ट हुन्छ ।

### ४.९.४ भाषाशैली

कथानकलाई रोचक बनाउन वर्णनात्मक तथा दृश्यशैली सरल र सहयोगी वातावरण सिर्जना गरेको छ । काव्यात्मक, उखान टुक्का, कथ्य भाषा, आगन्तुक शब्दका भाषा, तत्सम र तद्भव स्रोतका भाषिक शब्दचयन कथामा आकर्षक शैलीमा प्रयोग गरिएको छ । व्याकरणिक विचलन 'तर जोइ मरेको दिनमै अर्को ?', 'यस्ता दिनहरूमा उसकी स्वास्नी उत्कर्षमा पुग्थी र अहा ... र उहु .... गर्ने लाग्थी (शाह, पृ.४८) । पदक्रम विचलन 'तिमीले के भन्न खोज्या दिदी ?', हैन काकी ल्याउने विचार छ कि क्या ? (पृ.४६-४७) । अर्थतात्विक विचलन 'लोग्नेको खुइया' लाई मलामीहरू अर्थ्याउँछन् (पृ.४ ६), 'उडूँ उडू लाग्यो मलाई' (

पृ.४५) लोग्नेमान्छे पनि त सधैँ बालखै हुन्छ (पृ.४७) । शब्दभण्डारगत प्रयोगका रूपमा तत्सम स्रोतका शब्द- शरीर, मृत्युशैयामा, मृत्युञ्जय, ब्रह्माण, तिलाञ्जली, क्षणहरू, मृताका आदि । आगन्तुक शब्दहरू - क्वार्टर, मोटरसाइकल, फिल्म, हिरोइन, प्रेमिका, ऐना आदि तद्भव शब्द - स्वास्नी, चाँडो, नुहाउन, औंला, टाउको, ज्यान, पहाड जस्तो, घर-घर, जिब्रो, कथ्य भाषाका शब्दहरू - बुढो, च्वाँक, इ...स्, अहा र उडुँ, म्वाइँ (पृ.४४-४७) आदि । काव्यात्मक भाषा - 'उडूँ उडूँ लाग्यो मलाई' । जीउ भूइँकटहर जस्तो, जाँघ र पिँडुला अण्डाको पहेँलो भाग जस्तो (पृ.४४-४५) । यसरी कथामा विविध भाषाका शब्दहरू र तिनका संवाद र संस्मरणात्मक शैलीको कलात्मक प्रस्तुतिले कथालाई सम्प्रेष्य र भावसंवेद्य तुल्याएको छ ।

### ४.९.५ सारवस्तु

कथाको समग्र आख्यान प्रस्तुतिबाट पाठकले प्राप्त गर्ने सन्देश वा वैचारिक तत्त्व नै सारवस्तु हो । कथाकारले विभिन्न पात्रका माध्यमबाट सारवस्तु प्रस्तुत गरेको हुन्छ । यसरी हेर्दा यस कथामा 'लोग्नेमान्छे' को स्वाभाविक मानोविज्ञान र मनोभावको विविध पक्षलाई प्रकाश पार्नु यस कथाको सारवस्तु रहेको देखिन्छ । लोग्ने मान्छेलाई नारीहरू हरपलमा आवश्यक हुन्छ । नारी वा स्त्रीविना पुरुषहरू जिउन सक्दैनन् । घर व्यवहार चलाउनदेखि आफ्नो सुखद दाम्पत्य जीवन र प्रेमानन्दको निमित पुरुषहरूले चाहेर वा नचाहेरै पनि विवाह गर्ने नेपाली सामाजिक संस्कारको चित्रण गर्नु यस कथाको उद्देश्य हो । यस कथामा श्रीमतीको मृत्यु पश्चात् तत्काल भौतिक र मानसिक आवश्यकता पूरा गर्न अर्को नारीको सोचाइ र रोजाइमा नेपाली विधुर पुरुष तल्लीन रहन्छन् भन्ने प्रतीकात्मक सारवस्तु झल्किएको छ ।

## ४.१० 'मातृत्व छचल्किन्छ यसरी'

### ४.१०.१ कथावस्तु र ढाँचा

प्रस्तुत कथाको विषयवस्तु मानवीय मातृत्व र प्रेमभावसँग सम्बन्धित छ । आफ्ना नवजात शिशुप्रति आमाहरूको प्रगाढ, माया, प्रेम, वात्सल्य भाव व्यक्त हुन्छ भन्ने सन्दर्भबाट कथानक संरचना निर्माण गरिएको छ । यो कथा आदि, मध्य र अन्त्यको श्रृङ्खलाबद्ध संरचनामा बाँधिएको छ । घटनाहरूको तारतम्य, तिनको कथानक सम्बन्ध पात्रहरूका स्वभावजन्य घटना वर्णनको आकर्षक प्रस्तुति कथानकमा देखिएको छ । कथानकमा देश र परिस्थिति सुहाउँदो परिवेश वा कार्यपिठिका पात्र र तिनका चरित्रचित्रण, कार्यव्यापारको मनोद्वन्द्व, घटना, घटना दृश्यहरूको रोचक प्रस्तुतिमा आधारित कथानक रहेको छ ।

कथानक वर्णन अनुसार म पात्रले श्रीमतीलाई प्रसव व्यथा लागेपछि बुटवल अस्पताल लिएर जानु, अस्पतालमा बिरामीहरूको भीडभाड हुनु, 'म' पात्रको लामो प्रतीक्षापछि श्रीमती मेरी ह्विल चियरमा तथा नर्सले पोल्टामा बच्चा लिई आउनु, मेरीको अनुहारमा तेन्जिङको मुस्कान देख्नु, सगरमाथामा झण्डा गाँडेर ओर्ले जस्तो, चेहरामा चञ्चल मुसकान देख्नु, मनमा रिस र आवेग भए पनि हातमा फूल थमाउँदै 'बधाई दिनु, सन्तान जन्मलाई हिन्दु धर्मको एउटा संस्कारगत प्रक्रिया ठान्नु, आफ्ना बाबुका ५ सन्तानमध्ये मृत्युवस्थामा एकभाइ मात्र साथमा रहेको स्मरण गर्नु, जवान भएपछि आमाको भन्दा स्वास्नीको काख मायालु र कोमल हुने कुराको अनुभूति गर्नु, समय बितेको याद नहुनु, पहाडमा एक्लो र असहाय अवस्थामा बसेकी वृद्धाआमालाई सम्झनु र उनलाई चाडवाडमा धोती चोलो पठाएर छोराको कर्तव्य पूरा गरेको ठान्नु ।

दोस्रो बच्चा जन्मेकोमा म पात्रलाई बेखुसी लाग्नु, मनमा निराश भाव लिएर पनि हँसिलो मुद्रामा देखिनु, आफ्ना विद्यालय र कलेज स्तरका सहपाठीहरू सम्झनु, न्यौपाने बेङ्ग्लोर पढ्दाको साथी (गोल्ड मेडलिष्ट) अमेरिकाबाट पी.एच.डी गरी त्यहीँ जागिर खाएको-भएकी एउटी छोरी पनि बितेको र अर्को बच्चा पाउन नहुने कुरा सम्झनु, प्रसाई पनि बेङ्ग्लोर पढ्दाकै साथी-आठवर्ष बित्दा पनि स्थायी नोकरी नभएपछि अलैंची खेती सुरु गरेको, अमर-अनन्त रङ्ग साथी दुई छोरी पछि छोरा पाउने धुनमा सबै पैसा खर्च गरी नाङ्गो रूख बनेको, विक्रम-भैरहवा बैंकको मेनेजर भएर पनि एउटा सानो घर बनाउन नसकेको, दिवाकार-दुवैजना (दम्पत्ति) सरकारी नोकरी गरी प्रशस्त धन कमाएको तर दस वर्षसम्म पनि सन्तान नभएको कुरा स्मृतिमा आउनु, श्रीमती मेरीले उनको प्रतीक्षा गरिरहनु, मेरी गर्भावस्थामा हुँदा केही दिन अगाडि बिल्डिङ्ग हुनु, दुवै हतारिँदै बुटवल, नेपालगञ्ज दौड्नु, श्रीमतीलाई व्यथाले च्यापेर कोठाबाटै चिच्याउनु, 'म' पात्र सशङ्कित हुनु, दम्पत्ति बुटवलतर्फ आउनु, हतार हतार डेलिभरी वार्डमा भर्ना गराउनु र केही क्षणमा मेरीले सग्लो बच्चा लिएर फर्कनु, बच्चाको माया ममतामा उनले संसारलाई भुल्नु, दिन, रात आफ्ना स्नेही सन्तानमै बिताउनु र 'म' पात्र उनको दूधको मुन्टोबाट बगेको दूधको धारो जस्तो मातृत्व स...र...र...र... र बगेको लाटोकोसेरो जस्तो हेरिरहनु सम्मका कथानक घटनाक्रमको तारतम्य योजना रहेको छ ।

प्रस्तुत कथाको कथानक ढाँचा विकृति शैलीमा रहेको छ । कथानक विन्यास सरल नभई घुमाउरो वा वक्र शैलीमा रहेको छ । कथानक अन्त्यपछि कथानक आरम्भतर्फ फर्किएको वर्णन प्रस्तुति कथामा देखिन्छ । यद्यपि कथाको भाव, प्रस्तुतीकरण र सम्प्रेषणमा प्रभावकारिता र आकर्षक स्थिति पाइन्छ । कथानक आदि भागमा विषयवस्तुका घटनाको आरम्भ वा उठान गरिएको छ जहाँ घटना, पात्र, सङ्घर्ष सङ्केत, परिवेश वा कार्य पीठिका

निर्देश रहेको छ । त्यसैगरी कथानक मध्य भागमा घटना विस्तार, सङ्घर्ष, सङ्घर्ष विकास र चरमोत्कर्ष रूप रहेको छन् । कथाको मुल समस्याको रूपमा यो खण्ड संरचित छ । जहाँ घटना वा कार्यका क्रिया-प्रतिक्रिया स्वरूप पात्रहरूको मानसिक द्वन्द्व रहेको छ । त्यसरी नै कथानक ढाँचाको अन्त्यमा ह्रास र समस्या समाधानको घटना वर्णन रहेको छ ।

यसरी कथामा आदि, मध्य र अन्त्यको श्रृङ्खलामा कथानक वस्तु योजना रहेको छ । साथै कथावस्तुको ढाँचा भने विवृत वा वक्र शैलीको रहेको छ । घटनाहरूको तारतम्य, तिनको कथानक सम्बन्ध पात्रहरूका स्वभावजन्य घटना वर्णनको आकर्षक प्रस्तुति कथावस्तुगत विन्यासमा देखिएको छ ।

### ४.१०.२ चरित्र र दृष्टिविन्दु

प्रस्तुत कथामा पात्र संयोजन र तिनका कार्य वर्णनको कलात्मक चित्रण गरिएको छ । मूलतः पात्रको मनोभाव र घटनाको विषयवस्तुनुरूप भावजन्य अभिव्यक्ति बोकेको चरित्रहरूले कथालाई निश्चित उद्देश्यमा पुऱ्याएका छन् । यसरी हेर्दा कथामा 'म' पात्र, श्रीमती (मेरी), रामजनम र उसकी श्रीमती तथा नवजात शिशु, दिलमाया, अस्पतालका विरामीहरू, नर्स, चिकित्सक, 'म' पात्रकी आमा, 'म' पात्रका छोराछोरी लगायत स्मृतिका रूपमा आएका पात्रहरू - तेन्जिङ शेर्पा, 'म' पात्रका मृत बाबु, पाँच दाजुभाइ, कक्षाका सहपाठी साथीहरू - न्यौपाने, प्रसाई, अमर, विक्रम, दिवाकर, नृप दम्पत्ति, धर्म दम्पत्ति, आदि छन् । तीमध्ये 'म' पात्र कथाको मुख्य पात्र हो भने उसकी श्रीमती (मेरी), नर्स, डाक्टर, चिकित्सक सहायक पात्र हुन् । अन्य सबै गौण पात्र रहेका छन् । कथानक विस्तारबाट सक्दो सहयोग गरेका छन् । यहाँ प्रमुख, सहायक र गौण पात्रको भूमिका चित्रण यसरी गरिएको छ :

प्रस्तुत कथाको 'म' पात्र पुरुष पात्र हो । कार्य भूमिकाका रूपमा हेर्दा ऊ प्रमुख कार्यवहन गर्ने पात्र हो । ऊ कथाको आरम्भदेखि अन्त्यसम्म आएको छ । उसकै मानसिक सेरोफेरो र मनोवृत्तिको विविध भावहरू प्रस्तुत गर्ने सन्दर्भबाट कथानक वर्णन गरिएबाट ऊ केन्द्रीय तथा सहायक पात्रलाई शीर्षकअनुरूप उद्देश्यमा पुऱ्याउने पात्र हो । प्रवृत्तिका रूपमा उसमा अनुकूल प्रवृत्ति पाइन्छ । श्रीमतीलाई प्रसव पीडा लाग्दा उसले अस्पताल पुऱ्याएर त्यसबाट मुक्ति दिएको छ । स्वभावका दृष्टिले म पात्र गतिहीन स्वभावको पात्र हो । जीवनमा जे-जस्ता पारिवारिक समस्या र चुनौति आए पनि विचार, व्यवहार र कार्यमा दृढतापूर्वक लागि परेको छ ।  जीवनचेतनाको आधारमा हेर्दा ऊ वर्गीय चरित्र हो । हरेक दाम्पत्य जीवनको आधा अंश मानिने विवाहित पुरुष जातिको वर्गीय प्रतिनिधित्व उसले गरेको छ । श्रीमानले श्रीमतीलाई दुःख पीडामा सहयोग गर्ने वर्गका असल र इमानदार र

कर्तव्यनिष्ठ पुरुषवादी चेतनाबाट 'म' पात्र सञ्चालित छ । आसन्नको रूपमा ऊ मञ्चीय पात्र हो । कथामा ऊ सबैतिर उपस्थित भएको छ । आबद्धताका रूपमा भने बद्ध पात्र हो । ऊ कथामा प्रारम्भदेखि अन्त्यसम्मै आएकोले ऊ बद्ध पात्र हो ।

यसैगरी कथामा विविध सहायक पात्रहरूको उपस्थिति पाइन्छ । 'मेरी' 'म' पात्रको जीवन सङ्गिनी हो । ऊ कथाकी नायिका प्रमुख नारी पात्र वा स्त्रीलिङ्गी चरित्र हो । कथामा उसको केन्द्रीय भूमिका रहेको छ । प्रवृत्तिका आधारमा ऊ अनुकूल पात्र हो । उसले दाम्पत्य व्यवहारको आदर्श रूप देखाएकी छ । एउटा असल गृहिणी, श्रीमानको भौतिक र मानसिक आवश्यकतामा सहयोग गर्ने, मातृत्व र सन्तानप्रतिको उचित जिम्मेवारी बोध, नारीको गुण, स्वभाव र धर्म जस्ता सत् आचरणहरू उसमा पाइन्छ । स्वभावका रूपमा गतिशील पात्र हो । ऊ परिस्थिति अनुकूल कार्य गर्ने परिवर्तनशील स्वभाव भएकोले गतिशील पात्र हो । जीवन चेतनाका दृष्टिले हेर्दा ऊ वर्गीय चरित्र हो । उसले सबै विवाहित नारी र पत्नीको सफल भूमिका निर्वाह गरेकी छ । आसन्नताका रूपमा हेर्दा ऊ मञ्चीय तथा आबद्धताका आधारमा बद्ध पात्र हो ।

यसैगरी कथामा थुप्रै गौण पात्रहरू रहेका छन् । स्मृतिका पात्र, म पात्रका छोराछोरी, आमा, बाबु, दाजुभाइ, विरामीहरू, आफन्तजन लगायतका पात्रहरू, गौण पात्र हुन् । कथामा तिनको भूमिका सामान्य र नगन्य रहकौ छ । यद्यपि तिनिले सहायक पात्र र प्रमुख पात्रलाई विविध रूपबाट सहयोग पुऱ्याएका छन् । अतः कथामा प्रमुख, सहायक र गौण पात्रहरूको उचित सयोजन र तिनको कार्य-व्यवहार तथा मनोवृत्ति चित्रणले कथालाई रोचक, कौतुहलपूर्ण र आकर्षक रूपमा कथानक उद्देश्यलाई सार्थक तुल्याएका छन् ।

प्रस्तुत कथाको दृष्टिविन्दु आन्तरिक केन्द्रीय प्रथम पुरुष ('म' पात्र केन्द्री) शैलीमा रहको छ । कथाकार स्वयम् समाख्याताको रूपमा उपस्थित भई कथा वाचन गरिएको छ । यस दृष्टिले हेर्दा यहाँ प्रथम (म) शैलीको केन्द्रीय दृष्टिविन्दु पाइन्छ । 'म' पात्रकै जीवन भोगाइ, चिन्तन सोचाइ र विचारमा कथाले उद्देश्य/विचार पक्रेको हुँदा यस कथामा प्रथम पुरुष दृष्टिविन्दुको समुचित उपयोग हुन पुगेको छ ।

### ४.१०.३ परिवेश

प्रस्तुत कथाको रूचि क्षेत्र ग्रामीण-सामाजिक परिवेश रहेको छ । कथाकार मूलतः यिनै पृष्ठभूमिबाट प्रेरित सन्दर्भबाट यथार्थ चित्रण गर्न उनको रूचिगत परिवेश क्षेत्र हो । नेपालको मध्यपश्चिम क्षेत्रका सामाजिक, भौगोलिक, प्राकृतिक लगायत सहरी क्षेत्रका सथनहरूलाई कथानक पृष्ठभूमिगत परिवेशका रूपमा उठान गरेका छन् । यसरी हेर्दा बुछटवल, नेपालगञ्ज, भैरहवा, पाल्पा आदि स्थानको सङ्केत कथानक वर्णनमा आएको छ ।

बुटवल अस्पताल अचम्मै भीड छ । भीड हेर्दा लाग्छ - यो देशका जनता जति सबै बिमार छन्, रोगी छन् । भीडमा आमाको काखका च्याँ...च्याँ... गर्न बालकदेखि लौरोको सहायताविना हिँड्न नसक्ने वृद्धवृद्धा छन् (शाह, पृ.४९) । भन्ने कथनबाट कथाको परिवेश नेपालकै मध्यपश्चिमका विविध ग्रामीण, सामाजिक तथा सहरी क्षेत्र र स्वास्थ्य क्षेत्रको सचित्र झल्किन पुगेको छ ।

### ४.१०.४ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली सरल, रोचक र सम्प्रेष्यमूलक रहेको छ । पात्रहरू बिचका संवाद, 'म' पात्रको एकालाप, चित्रात्मक, वर्णनात्मक तथा काव्यात्मक शैलीको भाषिक प्रयोग कथामा पाइन्छ । यसअनुरूप कथामा मूलतः व्याकरणिक, काव्यात्मक भाषाको विशेष उपयोग गरिएको देखिन्छ । व्याकरणिक विचलनयुक्त भाषा 'अब अर्को बच्चा नपाउने', (पृ.५०), पत्तो पनि लागोस् कसरी ? (पृ.५०) याने कि पूरै पाँच हजारको झट्का (पृ.५२) । आलङ्कारिक भाषा आमाको न्यानो काख पाएर होला बच्चाले पहिलोपल्ट च्याँ ... गर्छ । (पृ.४९) । 'हनिमुन पिरियड' (पृ.५०), कुनै पनि बेला गर्भ पतन हुन सक्छ वा उनको .. (पृ.५२), तत्सम शब्द -वृद्धवृद्धा, प्रतीक्षा, शिक्षित, विक्षिप्त, अन्तःरङ्ग, जीउभरि, महिनावारी, विवाह, निधार (पृ.५०-५२), आगन्तुक शब्द-ह्विलचेयर, लिट्मस टेस्ट, प्लान, कम्पाउण्ड, हस्पिटल, चेक अप, (५०-५२), कथ्य भाषा- कसेर झापड हान्नु जस्तो झोक चल्छ (पृ.५०) । यसरी कथामा विविध भाषाका शब्द प्रयोग र तिनका कलात्मक प्रस्तुतीकरण शैलीको उपयोग भएको देखिन्छ ।

### ४.१०.५ सारवस्तु

प्रस्तुत कथाको सारवस्तु मातृत्व भावको अभिव्यक्ति गर्नु रहेको छ । आफ्ना सन्तानप्रति (विशेषतः नवजात शिशुप्रति) आमाले गर्ने कोमल, स्निग्ध, निश्छल र पवित्र वात्सल्य प्रेमभाव प्रकट गर्नु कथाको सारवस्तु हो । यस कथामा अभिधात्मक रूपबाट सारवस्तु झल्किएको छ । सोझो र सिधा आर्यबाटै कथाको सार/सन्देश प्रष्ट देखिएको छ । शीर्षकले नै यसलाई प्रष्ट पारेको पाइन्छ । अतः प्रस्तुत कथामा आमाको मातृभाव प्रगाढ रहेको कुरा स्पष्ट हुन्छ ।

### ४.११ 'श्रद्धासुमन'

### ४.११.१ कथावस्तु र ढाँचा

एउटा सफल, सार्थक र आकर्षक कथा निर्माणको निम्ति आवश्यक कथनतत्त्व वा घटक कथावस्तु हो । कथानकमा पात्र, घटना, परिवेश, क्रिया, द्वन्द्व जस्ता अवयवहरू

आवश्यक हुन्छन् । तिनै घटकहरूको आदिदेखि अन्त्यसम्मका कथानक सम्बन्ध सञ्जाल नै कथावस्तु हो । 'श्रद्धासुमन' कथाको मूल पात्र हिमराज मध्यम वर्गीय पात्र हो । हिमराजका बाबु परिवारका सदस्यलाई इमानदार बन्नु, दुःखमा हरेश नखानु, सुखमा नमात्तिनु, लोभ मोह त्याग्नु, घाम नडुब्दै घरमा आई पुग्नु जस्ता उपदेश दिन्छन् । हिमराजले चुपचाप बाबुको अमृतवाणी सुन्छन् । तर आमा भने श्रीमानले उन्नति गर्न नसकेकोमा रिस, क्रोध र आवेगयुक्त देखिन्छिन् र छोरालाई दिएको उपदेशको विरोध गर्छिन् । देवरले अंशवण्डामा राम्रो जमिन राखेकोमा श्रीमानलाई लाछी भन्नु, पोइ त लाछी भए, छोराछोरी पनि कस्ता पानी मरूवा भए भनी आफूलाई धिक्कार्छिन् । उता हिमराज छोरोलाई आशाको केन्द्रविन्दु मान्दछन् ।

हिमराजले आई.ए.सम्म पढेपछि बैंकमा जागिर पाउँछ । उसका मनमा खुसी र अनन्दका स्वप्नहरू छाउन थाल्छन् । उसले अप्सरा जस्ती श्रीमती पाएको, मन्त्री भएर आफ्ना वरिपरि गार्डले पहरा दिएको सपना देखेर हिमराज एक्कासी चिच्याउँछ । आमाले - हिमराजलाई डर लाग्दो सपना देखिस् कि क्या हो ? भनी कराउँछिन् र उसको सपना भङ्ग हुन पुग्दछ । भोलिपल्ट नियुक्ति पत्र बोकेर अफिस जान्छ । हाकिमले कसको सोर्सबाट जागिर खानु भो ? भनी प्रश्न गर्नु र काम राम्ररी नगरे ... भन्दै चोर औंला ठड्याउनु र त्यसपछिका दिनहरूमा हिमराजले मिहिनेतपूर्ण, इमानदारपूर्वक काम गर्नु, उसको लगनशीलता, मृदुभाषीपन, इमानदारिता देखेर हाकिम लोभिनु र उसलाई कार्यालयबाट स्थायी नै प्रयास गर्नु र असफल हुनु, हिमराजलाई मिहिनेत गरेर पढ्ने सल्लाह दिनु, हिमराजले स्थायी कोटामा नाम निकाल्नु, सांसद भिनाजुको पहुँचबाट भन्सारमा पर्नु, भन्सारको अफिस समयपछि हाकिमले पैसा हिमराजलाई दिने प्रयास गर्नु, हिमराज नमान्नु र एकदिन खल्तीमा हालि दिनु, त्यसपछिका दिनहरूमा उसलाई यसप्रति मोह जाग्नु, आठ महिना भित्रै धेरै सम्पत्ति आर्जन गर्नु, यसको क्षेय पुरानो हाकिमलाई दिनु, उसले आफूलाई हाकिमले विदाइ गर्दाको सामूहिक फोटोबाट हाकिम फोटो 'इन्लार्ज' (ठूलो बनाउनु) गर्नु, बेलुकी घरमा सजाउनु र बिहान धूप बालेर पूजा गर्नु र मन्त्र उच्चारण, परे झैं हाकिमले आफूलाई विदाइ गरेर भन्सार पुगेकोमा श्रद्धा, सम्मान गर्नु र मन्त्रोच्चारण गर्नु र श्रीमतीले शङ्का व्यक्त गर्नुसम्मका घटनाक्रमहरू कथानक रहेको छ ।

आदिभाग - 'आफूभन्दा माथिल्लो तहको मान्छेलाई हेर्नुको सट्टा आफुभनद तल्लो स्तरका मान्छेलाई हेरेर चित्त बुझाउनुपर्छ' भन्ने हिमराजको बाबुको उपदेशबाट कथानक प्रारम्भ र विकास भएको छ । मध्यमा भागमा - घटना विकास, विस्तार र सङ्घर्ष रहेको छ । हिमराजको आमाले गरेको यस कथन सङ्घर्षको स्थिति देखिन्छ - 'पोइ त लाछी भए, भए । छोराछोरीपनि कस्ता पानी मरूवा निक्ले भनें ... । कथानक अन्त्य भागमा - सङ्घर्ष

ह्रास, उद्देश्य प्राप्ति र कथानक समाप्ति रहेको छ । यसरी प्रस्तुत कथामा कथानक र कथानक ढाँचाको वस्तुचित्रण तथा प्रस्तुतीकरण शैली रैखिक रहेको छ ।

यस कथाको कथावस्तुगत ढाँचा सरल र रैखिक रहेको छ । कथानक आदि, मध्य र अन्त्यको क्रममा रहेको छ । घटना, परिवेश, पात्र, द्वन्द्व आदिको योजनाबद्ध विन्यास रहेको छ । कथानक ढाँचाको आदि भागमा कथानक आरम्भ र विकास, मध्य भागमा घटना विस्तार, सङ्घर्ष, चरमोत्कर्ष रहेको छ । अन्त्य भागमा ह्रासोन्मुख स्थिति र कथानक समापन रहेको छ । यसमा फलप्राप्ति वा उद्देश्यपूर्ण कथानक रहेको छ ।

### ४.११.२ पात्र र चरित्र चित्रण

प्रस्तुत 'श्रद्धासुमन' कथामा पात्र र तिनका कलात्मक चरित्र चित्रण भएको छ । मूलतः बाह्य घटना, दृश्यर कार्य प्रकृतिका कारण पात्रहरूका मनोद्वन्द्वले कथानकलाई सशक्त बनाएको छ । कथामा प्रयुक्त पात्रहरू - हिमराज, उसको बाबुआमा, हिमराजका उमेरका केटाकेटहिरू, भाउजू, बैंकको हाकिम, (हिमराजको काका, सि.डि.यो, इन्सपेक्टर, स्मृतिका पात्र) आदि रहेका छन् । ती मध्ये यहाँ प्रमुख र सहायक पात्रको सङ्क्षिप्त चर्चा गरिएको छ -

हिमलाल यस कथाको प्रमुख पुरुष पात्र हो । ऊ कार्यका आधारमा प्रमुख भूमिका प्रदान गर्ने अनिवार्य पात्र हो । उसकै केन्द्रीयतामा कथा संरचति छ र उद्देश्यपूर्ण बनेको छ । उसको प्रवृत्ति अनुकूल छ । सोझो, इमान्दार, कर्तव्यनिष्ठ, लगनशील भावना उसमा पाइन्छ । स्वभाव गतिशील छ । ऊ प्रारम्भमा बाबुको उपदेश पालन गर्ने र कर्तव्य पूरा गरी लक्ष्यमा पुग्ने पात्र हो । सुरुमा सत्, आदर्श स्वभाव र आदत रहे पनि देखासिकी, परिस्थिति अनुकूल धनप्रति मोह राख्ने पात्र हो । जीवन चेतनाका रूपमा ऊ वर्गीय पात्र हो । समग्र कर्मचारीहरूको अदृश्य बदनियतलाई उसले अङ्गीकार गरेको छ । आसन्नताका रूपमा ऊ मञ्चीय पात्र हो । कथामा सबैतिर उसको उपस्थिति र कार्य भूमिकाको वर्णन रहेको छ । आबद्धताका रूपमा ऊ बद्ध पात्र हो । ऊ कथामा प्रारम्भदेखि अन्त्यसम्मै आएको छ । उसको अभावमा कथा अपूर्ण बन्दछ ।

त्यसैगरी 'म' पात्रको बाबु, आमा, हाकिम, श्रीमती कथामा सहायक पात्र हुन् । ती मध्ये 'म' पात्रको बाबु कथाको प्रमुख सहायक पात्र हो । उनी लिङ्गको रूपमा पुरुष, प्रवृत्ति अनुकूल (छोरालाई सत्यकोपाठ सिकाउने) गतिहीन स्वभाव-प्रारम्भदेखि अन्त्यसम्मै सत्, इमानार, पुण्य पात्रको रूपमा उनको उपस्थिति रहेको छ । उनमा लोभ, मोह, छैन - 'मरी लानु के छ र ?' पाप-धर्म त्यसैले बेहोरोस' (शाह, पृ.२५) भन्ने कथनबाट उनी सत् पात्र र गतिहीन पात्र देखिन्छ । उनी वर्गीय जीवनचेतना बोकेका पात्र हुन् । बुढापाका,

धर्मात्मा, स्वभावका वर्गीय प्रतिनिधित्व उनले गरको छन् । आसन्नता मञ्चीय रहेको छ । आबद्धाका रूपमा बद्ध पात्र हुन् । उनको अभावमा कथानक अपूरो हुन्छ र उद्देश्यमा पुग्न सक्दैन । यसैगरी कथामा गौण पात्रहरू भाउजू, केटाकेटी, हिमराजका काका, सि.डि.ओ., इन्सपेक्टर र अन्य छन् । तिनको भूमिका कथामा नगन्य रहेको छ ।

प्रस्तुत कथामा प्रथम पुरुष ('म' पात्र केन्द्री) कथन शैलीको दृष्टिविन्दुको प्रयोग भएको छ । कथाकारले आफ्ना अनुभव, विचार, चिन्तन आदिलाई म पात्रको परिधीय दृष्टिविन्दुबाट प्रस्तुत गरेका छन् । 'म' पात्रको एकल संस्मरणात्मक कथन तथा अन्य संवादको प्रयोग कथामा पाइन्छ । यसरी यहाँ मूलतः प्रथम पुरुष परिधीय दृष्टिविन्दुको समाख्यानात्मक प्रस्तुत रहेको छ ।

### ४.११.३ परिवेश

प्रस्तुत कथाको परवेश नेपाली समाजको सहरी क्षेत्र र त्यहाँका आर्थिक-प्रशासनिक परिवेशहरू रहको छन् । कथामा परिवेश स्थानको स्पष्ट किटान नगरिए पनि कथानक घटना प्रवृत्तिबाट यस कुराको बोध हुन्छ । मूलतः सहरी क्षेत्रमा हुने राजनीतिक चलखेल, भ्रष्टाचार, आर्थिक अनियमिता, प्रशासनिक दुरूपयोग जस्ता पक्षहरू कथामा परिवेश बनेर आएको छ । यी विविध भौतिक/दृश्यात्मक पक्षले पात्रको मनस्थितिमा पारेको प्रभाव, द्वन्द्व र त्यसको समाधानका रूपमा आन्तरिक परवेश र बाह्य परवेशको संयोजन हुन पुगेको छ । "बैङ्कमा करारको नियुक्तिपत्र हातमा परेको साँझमा हिमराजले डायरीका पानामा लेख्यो - 'करारकै भए पनि नोकरी पाएँ । नोकरी पाएकोमा जुन उत्साह हुनुपर्ने हो, त्यो लेश मात्र पनि छैन (शाह, पृ.५७) भन्ने हिमराजको अभिव्यक्तिमा सहरी परिवेशको भौतिक दृश्य र मानसिक उपजको आन्तरिक परिवेश प्रस्तुत भएको छ ।

### ४.११.४ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली सरल, चेतन प्रवाह र सरस रहेको छ । पात्रहरूका संवादशैली, पूर्वस्मृति शैली, म पात्रको एकालापी वर्णनात्मक शेलीको प्रयोग कथामा पाइन्छ । भाषाका दृष्टिले तत्सम, तद्भव, आगन्तुक शब्द चयन, व्याकणिक, अलङ्कारिक भाषिक उपयोग, कथ्य अभिव्यक्तिपूर्ण भाषा, विचलनयुक्त भावको कलात्मक उपयोग हुन पुगेको देखिन्छ । कथामा मूलतः संस्मरणात्मक र वर्णनात्मक शैलीको विशेष उपयोग भएको छ जसले गर्दा कथा रोचक र आकर्षक, जीवन्त र मार्मिक बन्न पुगेको छ । कथामा प्रयुक्त तत्सम शब्द-ऋणी, प्रमाण, पुण्य, भाषण, शङ्का, श्रद्धासुमन, श्रीमती आदि । आगन्तुक भाषाका शब्दहरू -अफिस, आई.ए., सि.डि.ओ., इन्सपेक्टर, बैङ्क, सर्टिफिकेट, डायरी (पृ.५४-५९), तद्भव- रिस, क्रोध, बुबा, आमा, मुख, बुढो, केटाकेटी आदि ।

काव्यात्मक/आलङ्कारिक भाषा - पाप पुण्य त्यसकै हातमा, दूध पोखियो कहाँ ? आफ्नै भागमा (पृ.५५), व्याकरणिक विचलन आउने बित्तिकै कत्रो स्वागत सत्कार (पृ.५६), उखानयुक्त भाषा - जो होचो उसकै मुखमा घोचो (पृ.५७) आदि । यसरी कथामा विविध भाषाशैलीको विशिष्ट प्रयोग भएको छ जसले गर्दा कथा जीवन्त बन्न पुगको छ ।

### ४.११.५ सारवस्तु

कथाले दिन खोजेको मूल विचार सारवस्तु हो । प्रस्तुत कथामा प्रतीकात्मक रूपबाट उद्देश्य व्यक्त गरिएको छ । 'म' पात्रले हाकिमलाई गरेको श्रद्धा भाव उसको तस्विरमा झल्एिको छ । कर्मचारीहरूले गुनको बदला गर्ने विविध सम्माना, सेवक, चाकरीको व्यङ्ग्य चित्रणको रूपबाट कथामा सारभाव प्रकट हुन पुगेको छ । नेपालका सरकारी कार्यालयहरूमा हुने भ्रष्ट, अनियमितता, चाकरी संस्कार, मान-समान्न जस्ता कुसंस्कारको विराध गरी आदर्श, स्वच्छा निष्पक्ष, सेवामुखी, सहयोगी र न्यायिक कार्यालय र कर्मचारीहरू हुनुपर्ने, विचार प्रस्तुति गर्नु यस कथाको उद्देश्य देखिन्छ । यसरी कथाको शीर्षक प्रतीकात्मक रूपले सारवस्तु व्यक्त गर्न सफल देखिन्छ ।

## ४.१२ 'नियमितता'

### ४.१२.१ कथावस्तु र ढाँचा

'नियमितता कथामा घटनाक्रमहरूको शृङ्खलाबद्ध क्रमिक विन्यास रहेको छ । कथा निर्माणमा पात्र, घटना, परिवेश, पात्रहरूका द्वन्द्व (आन्तरिक-बाह्य) आदिको अन्योन्याश्रित संयोजनले कथानक सरल, आकर्षक र सनसनीपूर्ण बनेको छ । कथानक सूत्रका रूपमा म पात्रको संस्मरणहरूले उचित स्थान प्राप्त गरेका छन् ।

कथानकको सन्दर्भ एउटा अफिसको कर्मचारी 'म' पात्रले भोग्दै गएको दुःखपीडा वा आर्थिक अभावको दैनिक आगमन 'नियमितता' हो । कथानुसार म पात्र दैनिक अफिस जानु, घरायसी खर्च टार्न जागिर खानुपर्ने बाध्यता हुनु, महिना मरेपछि पाइने तलब छिट्टै सकिनु, आर्थिक अभावले सताइरहनु, साँझ भाँसामा श्रीमती गुनगुनाइरहनु माग्ने जस्ता भइसके भन्नु, दाजु मर्दा समेत माइत जान नपाएको गुनासो गर्नु, 'म' पात्रलाई ती तीता वचन मुखमा भातको गाँसमा ढुङ्गा लागे झैं हुनु, छोराछोरीलाई सरकारी स्कुलमा जेनतेन पढाउनु, हाकिमले लोसे भेनको सम्झनु, साथीहरू हाकिमको चाकरी गरेर ठूला मान्छे भएको सोच्नु, आफूलाई आत्म स्वाभिमानले त्यसो गर्न नदिएको ठान्नु, जीवनमा पैसा नै ठूलो भएको महसुस हुनु, दाई आर्थिक अभावमा असह्य रोगको पीडा लिएर बाँचेको सम्झनु, दाइले भाइको आशमा आयु लम्बाउँदै गरेको दृश्य स्मरण हुनु,

सरूवाको निम्ति काठमाडौं आएको अनर्थ ठान्नु, सोच्दासोच्दै ६ महिना बित्नु, सबै समस्याको पोको लिएर 'म' पात्र साथी अमरको कोठामा पस्नु, ऊ पनि विषय परिस्थितिमा बाँचेको देख्नु, उसले ज्यादा सोच्नु स्वास्थ्यका लागि हानिकारक मान्नु, दिन जसरी जान्छ, रात पनि त्यसरी नै बित्ने कुरा सम्झनु, साठी पुगेकी आमा, दमले बिमार बाबु, निरह स्वास्नी र केटाकेटी सम्झनु, म पात्रको सोचाइहरू क्रमशः बलियो र जरा गाडेर बसनु, अमरले हामी त्यसरी आत्तिनु हुन्न भनी सहानुभूति दिनु र भोलिको सुनौलो जीवनको आशामा बस्नु उसले आजको समस्या पनि समस्या नै रह्यो भन्नु, ऊ जवाफमा नियमितता हो भनी स्पष्ट पार्नु, 'म' पात्र भोलिका सुन्दर जीवनका कल्पनामा समय बितेको पत्तो नहुनु, अमरले 'म' पात्रको आर्थिक अभावलाई एउटा नियमित प्रक्रिया वा दुःख, पीडा (आर्थिक अभाव) को प्रतिच्छाया देख्नु र कथानक सकिनुसम्मका कथानक वस्तु सङ्गठन कथाको कथानक वस्तु योजना हो ।

प्रस्तुत कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको रैखिक क्रममा रहेको छ । संवृत ढाँचामा प्रमुख पात्र 'म' का आत्मपीडाको एकालाप कथनको सरल र सोझो अभिव्यक्ति शैली कथामा पाइन्छ । यसरी कथाको आदि भागमा घटना आरम्भ, मध्य भागमा घटना विकास, विस्तार, सङ्घर्ष, चरमोत्कर्ष तथा अन्त्य भागमा कथानक ह्रास, सामान्यीकरण र फलागमको स्थिति रहेको छ ।

## ४.१२.२ चरित्र र दृष्टिविन्दु

यस कथामा बहुसङ्ख्यक पात्र र तिनका मनोवैज्ञानिक विश्लेषणमा चरित्र चित्रण गरिएको छ । यहाँ प्रयुक्त पात्रहरू 'म' पात्र, उसकी श्रीमती, छोराछोरी, साथी अमर, वृद्ध आमा बिमारी दाजु, दमग्रस्त बाबु, डाक्टर, श्रीमतीका आमा मृत्यु भइसकेको दाजु, कार्यालयको हाकिम, हाकिमनी, अफिसका साथीहरू छन् । ती मध्ये 'म' पात्र कथाको केन्द्रीय चरित्र हो । उसकै आर्थिक-व्यवहारिक अभावले सिर्जना गरेका मानसिक सेरोफेरो र पीडा व्यक्त गर्ने क्रमबाट उसको भूमिका मह□वपूर्ण देखिन्छ । साथै कथामा प्रमुख, सहायक र गौण पात्रहरूको सफल स्रयोजन पाइन्छ । प्रमुख र सहायक पात्रको मनोविश्लेष्णात्मक चरित्र चित्रण यसरी गरिएको छ :

यस कथाको प्रमुख पुरुष पात्रको रूपमा 'म' पात्र रहेको छ । उसको मुख्य भूमिका भएकोले ऊ कथाको केन्द्रीय चरित्र हो । प्रवृत्तिका आधारमा सत् वा अनुकूल पात्र हो । सत्य, इमानदारिता, लगनशीलता, कर्तव्यनिष्ठता, सेवाको भावका उसमा रहेको छ । ऊ गतिहीन चरित्र हो । उसमा प्रारम्भदेखि अन्त्यसम्मै एकै खाले स्वभाव देखिन्छ । जीवन चेतनाका रूपमा वर्गीय पात्र हो । समग्र जागिरे कर्मचारीका आर्थिक अभाव र समस्या

बोकेको प्रतिनिधि पात्र हो । आसन्नता मञ्चीय हो । ऊ कथामा सबैतिर देखा परेको छ । आबद्धताका रूपमा बद्ध पात्र हो किनकी ऊ कथाको आदि, मध्य र अन्त्यसम्म नै आएर सम्पूर्ण कथानक प्रस्तुति गरेको छ र उद्देश्य केन्द्री तुल्याएको छ (शाह, ६३-६५) । अतः म पात्रको भूमिका मह□वपूर्ण रहेको छ ।

'अमर' म पात्रको सुखदुःखको साथी हो । दुवेका भावना, विचारर समस्या समान देखिन्छन् । 'म' पात्रले आफ्नो आर्थिक समस्याको पीडा वकालत गर्ने र त्यसप्रति सान्त्वनारर्प सामान्य प्रतिक्रिया दिने पात्र हो । 'अमर' । कथा अनुसार ऊ प्रमुख सहायक पुरुष पात्र हो । कथाको शीर्षकीय मूलभाव वा विचार वाक्य प्रस्तुत गर्ने अमर कथामा अनिवार्य र 'म' पात्रलाई मानसिक पीडाबाट शान्ति दिने पात्र हो । जीवन दिन रात जस्तै नियमित चल्छ । दुःखबाट वा आर्थिक समस्याबाट छुट्कारा नपाउनु गरिब, न्यून वर्ग, विपन्न र वेरोजगारी मानिसको दिनचर्या वा दैनिकी हो भन्ने विचार प्रकट गरी पात्रलाई मानसिक राहात प्रदान गरेको छ । यसर्थ ऊ कथामा अनुकूल प्रवृत्ति, गतिशील स्वभाव, वैयक्तिक चरित्र, मञ्चीय तथा बद्ध चरित्र हो । ऊविना कथाको उद्देश्य अपूर्ण हुने हुँदा ऊ अनिवार्य पात्र हो ।

कथामा कथाकारको समाख्यान दृष्टिविन्दुको प्रयोग भएको छ । कथाकारले आफ्ना विचार, अनुभव जीवन कथा प्रस्तुत गर्न रोजेको पात्र विशेष दृष्टिविन्दु मानिन्छ । प्रस्तुत कथामा कथाकारले प्रथम पुरुष (म पात्रकेन्द्री) परिधीय दृष्टिविन्दुको प्रयोग गरेका छन् । आफूले देखेका, भोगेका, सुनेका यथार्थ घटनाहरूलाई 'म' पात्रले संस्मरणात्मक शैलीमा प्रस्तुत गरेको छ । यसरी कथाकारको आत्मकेन्द्री अभिव्यक्तिमार्फत् कथा संवेद्य, कारूणिक बनी पाठकको हृदय छाम्न पुगेको छ ।

### ४.१२.३ परिवेश

यस आधारमा हेर्दा प्रस्तुत कथाको रूचि क्षेत्र ग्रामीण-सामाजिक परिवेश रहेको देखिन्छ । कथामा 'म' पात्रको श्रीमतीले वर्णन गरेको गद्यांश - 'खेतबाट आउने ५ मुरी धान हो । कति धान्छ र ? मकैं बेसाउन पाए केही दिन सन्चो हुन्थ्यो । छोराछोरी माग्ने जस्ता भइसके (शाह, पृ.६३) ।' बाट कथामा गाउँले न्यूनवर्गीय सामाजिक जनजीवनको उद्घाटन भएको देखिन्छ । सामान्यतः सहरी परिवेशको पनि झलक कथामा रहेको पाइन्छ । 'म' पात्रले - "अफिस पनि जानै पर्‍यो महिना मार्नलाई वैशाखमा बढुवाको भनसुन गर्नलाई काठमाडौं गएको थिएँ (शाह, पृ.६३) ।" गरेको कथनबाट कथामा सहरी, भनसुन, चाकरी, संस्कृतिको पनि व्यङ्ग्यात्मक परिवेश चित्रण पाइन्छ । यसरी भौतिक तथा बाह्य ग्रामीण सहरी परवेश र तिनबाट उत्पन्न मानसिक पीडाको आन्तरिक परिवेश कथामा व्याप्त देखिन्छ । अतः परिवेश चित्रणले कथालाई रोचक, आकर्षक र जीवन्त तुल्याएको छ ।

### ४.१२.४ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली सरल, स्वाभाविक र रोचक रहेको छ । हृदय संवेद्य भाषिक उपयोग कथामा पाइन्छ। व्याकरणिक भाषा विचलन, शब्द चयन, तत्सम, तद्भव र आगन्तुक शब्द प्रयोग, काव्यात्मक (विम्ब प्रतीक, अलङ्कार मिश्रित) भाषा, पूर्वदीप्त वा संस्मरयुक्त भाषाशैली, दृश्यात्मक वा प्रत्यष शैलकिो उपयोग कथाको भाषाशैली प्रस्तुतिमा पाइन्छ । वर्णनात्मक एवं दृश्यशैली शैलीले कथाको भाव सम्प्रेषणमा सरलता र गहनता प्रदान गरेको छ । आगन्तुक शब्द - अफिस, भोलेन्टिर, सिग्नल, नोट । तत्सम शब्दका भाषाशैली- शिक्षा, भविष्यवाणी, प्रतीक्षा, कमण्डलु, आश्वस्त (पृ.६३-६५) । काव्यात्मक वा आलङ्कारिक भाषा - पेटले भोको सिग्नल, स्वाास्नी फाटेको धोती, पेटीकोट र ब्लाउजले काम चलाउन सक्छे । दिन जसरी बित्छ, रात पनि (शाह, पृ.६३-६५) । यसरी भाषाशैलीले कथालाई संवेद्य, सरल, प्रवाहमय, सम्प्रेष्य र चेतनधर्मी तुल्याएको छ ।

### ४.१२.५ सारवस्तु

सिङ्गो कथाले समग्र पाठक वर्गलाई दिन खोजेको मूल सन्देश नै सारवस्तु हो । यसलाई उद्देश्य पनि भनिन्छ । एउटा सारवस्तुबाट नै विविध उद्देश्य निस्कन्छन् । यस कथाको उद्देश्य मानिसको जीवन आर्थिक समस्याले ग्रस्त छ । नेपाल सरकारको जागिर खाएर ग्रामीण-सामाजिक पृष्ठभूमिमा रहेका तल्लो तहका कर्मचारीहरूलाई महिनापछि पाएको तलबले आफ्नो घरखर्च र न्यूनतम आवश्यकता पनि पूरा गर्न धौ धौ परेको छ भन्ने भाव व्यक्त गर्ने सन्दर्भबाट कथाको सारवस्तु झल्किएको छ । अतः यसको समाधानको उपाय राज्यले खोज्नुपर्छ भन्ने विचार कथामार्फत व्यक्त गरिएको छ ।

## ४.१३ 'भोक'

### ४.१३.१ कथावस्तु र ढाँचा

कथाका मूल घटनाहरूलाई जोड्ने सम्बन्ध सूत्रलाई कथावस्तु भनिन्छ । घटनाका स-साना रूपको अन्योन्याश्रित सञ्जाल नै कथानक हो । 'भोक' कथामा म पात्र र सिरिकिट र कान्तिका, जीवन भोगाइका सांवेदिक घटना विन्यास नै कथावस्तु रहेको छ । कथानक विस्तारका क्रममा विरानो देशमा 'म' पात्र र सिरिकिट भेट हुन्छ र उनीहरू एक अर्काका आत्मीय साथी बन्छन् । 'म' पात्र नेपालबाट केही पैसा कमाउने लोभमा विदेश पुगेको पात्र हो भने सिरिकिट विदेशी युवती हो । सिरिकिटले यौनको भावस्वरूप 'म' पात्रलाई "तिमी आकर्षक र सम्मोहित गराउने खाले लोभ लाग्दो फक्रेको रातो गुलाफसरि म लोग्नमान्छे भइदिएको भए तिमीलाई 'म' सग्लै टोकेर काँच्चै निल्थैं हुँला भन्छे । जवाफमा 'म' पात्रले

आफूलाई मेसिनसँग तुलना गर्छ । सिरिकिटले उसको प्रेमी साथीले गरेको प्रेमका अद्भूत आनन्द र खुसी भाव सुनाउछे र 'म' पात्रको मृत प्रेम जीवलाई व्युँताउन प्रयास गर्छे । आफ्नो विगतका कथा व्यथा सुनाउँछे ।

उसले आफ्नो घर नेपालको पश्चिम क्षेत्रको न्यून वर्गीय परिवारमा भएको बताउँछे । टेस्ट पास भएपछि बोर्ड (एस.एल.सी.) दिन जिल्ला आएको, चार वर्ष निरन्तर पढेको र जिल्लाको पहिलो ग्राजुएट महिला बनेको, भाग्यले डोऱ्याउँदै राजधानी ल्याएको, विश्वविद्यालयमा पहाडी जिल्लाबाट उच्च शिक्षा हासिल गर्न आएको पुरुषसँग परिचय भएको र आपसी घनिष्ठतापछि प्रेम विवाह गरेको कुरा बताउँछे । विवाह पछिका दिनहरू प्रेमका दृष्टिले सुखद भए पनि आर्थिक-व्यवहारिक जीवन कठिन बन्दै गएको, कलेज पछि दुवैले जागिर गरेको सिरिकिट कामको सिलसिलामा एक हप्ता बाहिर गएको, उसलाई सात वर्ष बिताउन परे जस्तो अतेस लागेको, काम सकेर कोठामा आउँदा प्रेमीले अर्को परस्त्रीसँग प्रेमालाप गरिरहेको देखेको र रिसले चुर हुँदै प्रेमीलाई विभिन्न औजारले पिटेको प्रेमीले शान्त होऊ, प्रिय । यौन भनेको नभई नहुने दालभात जस्तै हो । मलाई भोक लाग्यो र ... भनी सम्झाएको अनि सिरिकिट त्यहाँबाट रिसले भौतारिँदै सहर प्रवेश गरेको कुरा गर्छे । 'म' पात्रले उसलाई पनि तिम्रो अनुपस्थितिमा भोक लाग्यो भने 'के गर्छ्यौ भनी प्रश्न गर्छ, म पात्रले प्रश्नको जवाफ फेला नपारी घोसे मुन्टो लाउँदै छुट्टिन्छ । 'म' पात्र विक्षिप्त मन लिएर कोठामा पुग्छ र कथानक पनि अन्त्य हुन्छ ।

कथानक ढाँचाको अन्त्य खण्डमा कथानक ह्रास र उद्देश्य प्राप्ति रहेको छ । यसरी कथावस्तुको  ढाँचा क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ । यस कथाको कथानक शृङ्खला विवृत ढाँचामा रहेको छ । कथामा कथा योजना आदि, मध्य र अन्त्यको घुमाउरो श्रृङ्खलामा बाँधिएको छ । मध्य भागमा घटना विस्तार, सङ्घर्ष, चरमोत्कर्ष र अन्त्य भागमा कथानक ह्रासोन्मुख स्थिति रहेको छ ।

## ४.१३.२ चरित्र र दृष्टिविन्दु

प्रस्तुत कथामा अल्प पात्र र तिनका विविध जीवन भोगाइको कारूणिक विश्लेषण गरिएको छ । मूलतः कथामा प्रयुक्त मुल पात्रहरू - प्रमुख र सहायकको मानसिक उद्घाटन गर्न कथाको औचित्य रहेको छ । यसरी कथामा प्रयुक्त पात्रहरू - 'म' पात्र, सिरिकिट, कान्ति, सिरिकिटका बाबुआमा र भाइ, सिरिकिटको प्रेमी (श्रीमान) छन् । तीमध्ये सिरिकिट कथाको प्रमुख पात्र हो भने 'म' पात्र सहायक पात्र हो । अन्य गौण पात्र छन् । यहाँ 'म' पात्रले सिरिकिट प्रमुख पात्रको मानसिक चरित्र खोतल्ने प्रयास गरेको छ र उसले मौन र

अन्य संवादमै उसको मनस्थिति खोतल्न सफल बनेको छ । कथामा प्रयुक्त प्रमुख र सहायक पात्रको चरित्र चित्रण यसरी गरिएको छ -

सिरिकिट यस कथाको मुख्य पात्र हो । ऊ स्त्रीपात्र हो र कार्य भूमिका दृष्टिले प्रमुख भूमिका बहन गर्ने पात्र हो । ऊ कथाकी नायिका वा केन्द्रीय पात्र हो कथाको सम्पूर्ण घटना उसकै जीवन वृत्तान्तमा घुमेको छ । यस अनुसार ऊ अनुकूल प्रवृत्ति बोकेकी पात्र हो । उसमा स्वाभाविक चाहना, इच्छा, भावना र आवश्यकता रहेका छन् । ऊ सत् पात्र हो । दुःखमा पनि धर्य गर्ने र अरुबाट भएको कमजोरीलाई क्षमा दिएर आफ्नो नारी दृढतामा लाग्ने पात्र हो । स्वभाव गतिशील भएकी पात्र उसमा समय सापेक्ष विचार, व्यवहार परिवर्तनशील छन् । जीवनचेतनाका आधारमा वर्गीय नारी चरित्र हो । कथामा सबैतिर आएकोले मञ्चीय तथा उसको अभावमा कथा अपूर्ण बन्ने हुँदा ऊ कथाको बद्ध र अपरिहार्य पात्र हो ।

यस कथाको 'म' पात्र सहायक पुरुष पात्र हो । उसले प्रभुत्व पात्रको जीवन भोगाइको अभिव्यक्त गर्ने क्रममा विविध रूपले सहयोग गरेको छ । यस अनुरूप ऊ अनुकूल प्रवृत्ति, गतिहीन स्वभाव, वैयक्तिक चेतना, मञ्चीय तथा बद्ध पात्र हो । कथानक वणृनमा म पात्रलाई उपयुक्त वातावरण, सहज परिस्थिति, आवश्यक सहयोग गरी सिरिकिटको मानसिक (यौन मानसिक) वृत्तिको कलात्मक उद्घाटन गरेको छ । यसैगरी कथामा गौण पात्रहरू- सिरिकोटको बाबुआमा, भाइ, कलेजका साथीहरू, उसको प्रेमी र परस्त्री आदि छन् । यसरी कथामा प्रमुख, सहायक र गौण पात्रहरूको विधि कार्यव्यवहारबाट कथाालाई उद्देश्यमा पुऱ्याएका छन् ।

प्रस्तुत कथामा प्रथम पुरुष आन्तरिक परिधीय दृष्टिविन्दुको कलात्मक प्रस्तुत गरिएको छ । म पात्रको संस्मरणात्मक शैलीमा कथाको शीर्षकीय भाव यस दृष्टिविन्दुबाट व्यक्त भएको छ । समाख्याताद्वारा जीवन भोगाइका सन्दर्भमा देखेसुनेका, अनुभव, अनुभूति गरेका विविध दृश्याङ्कनलाई कथामा सरल, सहज र चेतनप्रवाह रूपमा अभिव्यक्त गरिएको छ । यसरी कथा दृष्टिविन्दुको रूपबाट सार्थक बन्न पुगेको छ ।

### ४.१३.३ परिवेश

प्रस्तुत कथामा नेपाली समाजको सहरी क्षेत्र र त्यहाँका आर्थिक-प्रशासनिक परिवेशहरू रहेका छन् । कथामा परिवेश स्थानको स्पष्ट किटान नगरिए पनि कथानक घटना प्रवृत्तिबाट यस कुराको बोध हुन्छ । मूलतः सहरी क्षेत्रमा हुने राजनीतिक चलखेल, भ्रष्टाचार, आर्थिक अनियमिता, प्रशासनिक दुरूपयोग जस्ता पक्षहरू कथामा परिवेश बनेर

आएको छ । यी विविध भौतिक/दृश्यात्मक पक्षले पात्रको मनस्थितिमा पारेको प्रभाव, द्वन्द्व र त्यसको समाधानका रूपमा आन्तरिक परवेश र बाह्य परवेशको संयोजन हुन पुगेको छ ।

### ४.१३.४ भाषाशैली

प्रस्तुत कथामा पात्रहरू बिचका संवाद शैली, एकालापीय शैली, संस्मरणात्मक तथा चित्रात्मक वा दृश्य शैलीको विशेष उपयोग भएको छ । कथानकलाई रोचक बनाउन वर्णनात्मक तथा दृश्यशैली सरल र सहयोगी वातावरण सिर्जना गरेको छ । विम्बात्मक, प्रतीकात्मक, अलङ्कारिक, उखान टुक्का, कथ्य भाषा, आगन्तुक शब्दका भाषा, तत्सम र तद्भव स्रोतका भाषिक शब्दचयन कथामा आकर्षक शैलीमा प्रयोग गरिएको छ । विचलनयुक्त भाषा (व्याकरणिक, पदक्रम, अर्थतात्विक) वाक्यगठन (सरल, संयुक्त, र मिश्र वाक्य सङ्गठन) को व्यवस्थित विन्यास कथामा पाइएबाट कथाको भाव गहन, प्रस्तुतिमा सरलता र अभिव्यक्तिमा सहजता सिर्जना भएको छ ।

### ४.१३.५ सारवस्तु

प्रस्तुत कथाको सारवस्तु प्रतीकात्मक रूपबाट व्यक्त भएको छ । मानिसलाई सहज, प्राकृतिक रूपले भोक लाग्छ । त्यसको निम्ति खानकेरा आवश्यकता पर्छ । खानाविना मानिस बाँच्न सक्दैन । तसर्थ पेटकै निम्ति जस्तो सुकै कठिन काम पनि गर्नुपर्छ भन्ने उद्देश्य एकातर्फ झल्किएको छ भने अर्को तर्फ गाँस, वास, कपास जस्तै अर्को मानसिक वा आत्मिक सन्तुष्टिका निम्ति अर्को भोकसँग आएको हुन्छ जुन आत्मिक भोक वा यौनको चाहना हो भन्ने प्रतीकात्मक सारवस्तु वा सन्देश व्यक्त भएको छ ।

## ४.१४ 'विरोधाभास'

### ४.१४.१ कथावस्तु र ढाँचा

कथामा प्रयुक्त विविध घटनाहरूलाई एकै सम्बन्ध सूत्रमा बाँधिएको आख्यान संरचना कथावस्तु हो । प्रस्तुत कथाको शीर्षक मानिसका असहमति, अस्वीकार, प्रतिकार वा इनिच्छा भाव प्रकट गर्ने सन्दर्भबाट रचिएको छ । कथामा घटना, पात्र, परिवेश, चरित्र (क्रिया-द्वन्द्व) आदिको अभिन्न सम्बन्ध रहेको छ । कथामा मूलतः तिन पात्रहरू - अनिल, गिरिश र ऊ (श्याम) छन् । परिवेश/देश भारतको बेङ्गलोर विश्वविद्यालय र आसपासका सहरी जीवनशैली र त्यसले पारेको मानसिक प्रभाव अन्तः परिवेश बनेर आएका छन् । सन्दर्भको रूपमा 'नेपाल' आएको छ ।

कथावस्तुको आरम्भ यसरी अगाडि बढेको देखिन्छ - श्याम (ऊ) पात्रको जन्म घर पश्चिम नेपालको अति दुर्गम जिल्ला जाजरकोट हो । उसले २०३१ सालमा एस.एल.सी. तथा २०३४ सालमा आई.एस.सी. विशिष्ट श्रेणीमा पास गरेको हुन्छ । नेपाल सरकारबाट कोलम्बो प्लान पाई ऊ बेङ्गलोर युनिभर्सिटीमा उच्च शिक्षा पढ्न जान्छ र सफलतापूर्वक डिग्री हासिल गर्दछ । पढाइ सकिएर आ-आफ्नो घर फर्कनुपूर्व अन्तिम भेट र विदाइपूर्व साथीहरूले सहपाठी भोज आयोजना गर्छन् । सबैले आफ्नो आदर्श छाँट्ने क्रममा श्यामले नेपाल फर्केर नोकरी गर्ने, पैसा कमाउने र बिहा गर्ने कुरा गर्छ । ऊ स्वदेश फर्कन्छ र चार महिनामै नोकरी पाउँछ - प्राविधिक (हाकिम तहको) । ऊ प्रथमतः घरबाट अर्थात् बिहा गर्ने सोच बनाउँछ र आफन्तजनमा सूचना पठाउँछ । साथै विज्ञापन पनि जारी गर्दछ जसमा शिल्पा शेट्टी, माधुरी, ऐश्वर्या, विपासा, प्रीति, रानी मुखर्जी, करिना कपुरको नाम राखिएको हुन्छ । अर्थात् ऊ सबै हिरोइनहरूका साझा रूप, गुण भएकी सुन्दरी युवती चाहन्छ ।

तर बाबुआमाका सोच भिन्न हुन्छ - जातभात, उच्च घरानियाँ, शिक्षित र सम्पन्न, दाइजो दिन सक्ने, एउटी छोरी भए वेश । विडम्बना ! ऊ र परिवारले सोचे जस्तो कन्या भेट्टाउन गाह्रो पर्छ । कतिलाई उसले अस्वीकार गर्छ त कतिलाई बाबुआमाले । अन्ततः शिक्षित र खानदानी उच्च घरानियाँबाट कुरा आउँछ । केटाकेटी भेटेरै कुरा गर्छन् तर केटीले २ वर्ष अध्ययनको निम्ति कर्नुपर्ने शर्त राख्छे । केटो (श्याम) ७ वर्ष पछिको अन्तिम सम्झौतालाई पनि थाती राख्दै आफ्नो भावी सुनौलो दाम्पत्य जोडकिो कल्पनामा रमाउँछ । हरेक साँझ होटलमा खाना खाएपछि भोड्का (रक्सीको बोतल) खल्तीमा राखेर कोठमा जानु अनि त्यस युवतीको फोटोलाई चौघेराबाट नियाल्दै विभिन्न स्वर्णिम कल्पनाका सुन्दर अक्षरहरूबाट कपी सजिन्छ । उसले कल्पनामा सजाएका र पात्रमा कोरेका सुन्दर भावका रूपमा फलतः उसको विवाहको साइत आउँछ । श्याम मुस्कानसहित ऊ ओछ्यानमा जान्छ र नव वधुबाट बोलाउने, चलाउने प्रयत्न गर्छ । तर उनी ढुङ्गा जस्तै अटल र मृत जस्तै बेश्वास बन्छिन्  असह्य पीडाले छटपटिँदै ऊ (श्याम) अर्थात् बेहुला अर्को दिशा फर्किएर सुत्छ । श्रीमतीले निसासिएको स्वरमा कृपया म ज्यादै थाकेको छु भनी याचना गर्दै आँसु खसाउँछिन् । बेहुला यति लामो समयदेखि सजाएर राखेको विवाहको पहिलो रातको सपना चकनाचुर भएकोमा अव्यक्त आवेगमा लल्याकलुलुक परेर आफैँले लेखेका शब्दहरूसँग न्यानो खोज्दै निदाउने प्रयत्न गर्छ  र कथावस्तुको अन्त्य हुन्छ ।

यसप्रकार प्रस्तुत कथाको कथावस्तुगत ढाँचा आदि मध्य र अन्त्यको प्रेमिल, अन्तरङ्ग एकालापीय कथनशैलीको रैखिक ढाँचामा संरचित छ ।

### ४.१४.२ चरित्र र दृष्टिविन्दु

प्रस्तुत कथामा अल्पसङ्ख्यक पात्र र तिनका यौनजन्य भावहरूको कलात्मक चित्रण गरिएको छ । कथामा ऊ (श्याम), अनिल, गिरिश, ऊ पात्रको बाबुआमा, आफन्तजन, विवाहको निम्ति पहिलो भेट सम्पर्क भएकी युवती (कन्या), विज्ञापनमा आएका नायिकाहरू लगायत नातापाता, आफन्त, इष्टमित्र, कुटुम्ब आदि आएका छन् ।

तीमध्ये 'ऊ' (श्याम) कथाको प्रमुख पात्र हो । सहायक पात्रहरू अनिल, गिरिश, बाबुआमा, विवाहपूर्व भेटिएकी युवती (पछि दुलही), इष्टजन आदि सहयोगी पात्र हुन् । प्रस्तुत कथामा प्रमुख, सहायक/बाबुआमा-प्रमुख सहायक) र गौण पात्रको चरित्रचित्रण यसप्रकार गरिएको छ -

कथानक अनुसार ऊ पात्र पुरुष पात्र हो । ऊ कार्य भूमिकाका आधारमा प्रमुख पात्र हो । ऊ केन्द्रीय पात्र हो । उसको जीवनको लक्ष्य र मानसिक चाहनाको स्वप्निल भाव अङ्गीमा कथानक संरचना र सिङ्गो कथा निर्माण भएको छ । ऊ अनुकूल प्रवृत्ति र गतिहीन स्वभावको पात्र हो । आफूले सोचे जस्तो कन्या नपाउँदा ७ वर्षसम्म पर्खन सक्ने धैर्यशील पात्र हो । चेतनाको आधारमा ऊ वर्गीय पात्र हो । आदर्श, नैतिकता, कुल घरान, सम्पन्न वर्गका मानिसको साझा प्रतिनिधि मनोधारणा/विचार उसले बोकेको छ । मञ्चमा जहाँतहीँ उसको उपस्थिति रहेकोले ऊ मञ्चीय तथा प्रारम्भदेखि अन्तयसम्म विभिन्न भूमिकामा कार्य सम्पन्न गरी कथाको उद्देश्य पूरा गराएको हुँदा ऊ बद्ध पात्र हो ।

यस कथामा प्रयुक्त बाबुआमा सहायक पात्र हुन् । लिङ्ग स्त्री/पुरुष, कार्य भूमिका प्रमुख सहायक, प्रवृत्ति अनुकूल, स्वभाव गतिहीन-एकै स्वभाव र स्थिर स्वभाव रहेको । आदर्श घर परिवार रहेको कन्याको सोच भएकोबाट यी गतिहीन पात्र हुन् । जीवन चेतनाका आधारमा वर्गीय चरित्र हुन् । तिनले समग्र सत्य, धर्म, आदर्श समाजका परिवारको सामूहिक/वर्गीय प्रतिनिधित्व गरेका छन् । जवान छोरालाई आदर्श, सत्य, शिक्षित र चरित्रवान् कन्या खोज्ने क्रममै सात वर्ष बिताउनु, जातभात र कुल घरानको, सभ्य र शिक्षित परिवार अनि सम्पन्नताको सोच भएबाट ती वर्गीय चरित्र हुन् । मञ्चमा प्रत्यक्ष उपस्थित भएकाले मञ्चीय तथा प्रारम्भदेखि अन्त्यसम्म आएकाले ती बद्ध सहायक पात्र हुन् ।

यसैगरी गौण पात्रका दृष्टिले हेर्दा 'ऊ' पात्रको संस्मरणमा आएका हिरोइनहरू, कल्पनाका अन्य सुन्दरीहरू, कलेजका अन्य साथहिरू, दर्शक, आफन्तजन आदि रहको छन् । यहाँ तिनको भूमिका सामान्य रहेको छ । यसप्रकार प्रस्तु कथामा प्रमुख, सहायक र गौण पात्र र तिनको उचित, रोचक, प्रभावकारी र विशिष्ट प्रयोग भएको पाइन्छ ।

प्रस्तुत कथामा तृतीय पुरुष आन्तरिक सीमित दृष्टिविन्दुको कलात्मक प्रस्तुत गरिएको छ । ऊ पात्रको संस्मरणात्मक शैलीमा कथाको शीर्षकीय भाव व्यक्त भएको छ । यसरी ऊ पात्र (श्याम) को प्रेम, विवाह र सुन्दर दाम्पत्य जीवनको स्वर्णिम काल्पनिक दृश्य विम्बचित्रहरू कथामा शिष्ट, सरल, रोचक र प्रभावकारी ढङ्गले अभिव्यक्त भई कथाको दृष्टिविन्दु सार्थक बन्न पुगेको छ ।

### ४.१४.३ परिवेश

प्रस्तुत कथाका परिवेशको कलात्मक चित्रण गरिएको छ । कथामा नेपाली देश, काल, परिस्थिति अनुकूल सहरी  र ग्रमीण दुवै परिवेश वा वातावरणको उपयोग भएको । समाज र प्रकृतिको सचित्र प्रस्तुत चित्रात्मक वा दृश्यशैलीको परिवेशले कथालाई जीवन्त तुल्याएको छ । लोक समाजको जीवन भोगाइ र यथार्थको मनोभावपरक आन्तरिक तथा बाह्य दुवै परिवेशले कथाको भावलाई गहन र संवेद्य तुल्याएको छ

### ४.१४.४ भाषाशैली

प्रस्तुत कथामा पात्रहरू बिचका संवाद शैली, एकालापीय शैली, संस्मरणात्मक तथा चित्रात्मक वा दृश्य शैलीको विशेष उपयोग भएको छ । कथानकलाई रोचक बनाउन वर्णनात्मक तथा दृश्यशैली सरल र सहयोगी वातावरण सिर्जना गरेको छ । विम्बात्मक, प्रतीकात्मक, अलङ्कारिक, उखान टुक्का, कथ्य भाषा, आगन्तुक शब्दका भाषा, तत्सम र तद्भव स्रोतका भाषिक शब्दचयन कथामा आकर्षक शैलीमा प्रयोग गरिएको छ । विचलनयुक्त भाषा (व्याकरणिक, पदक्रम, अर्थतात्विक) वाक्यगठन (सरल, संयुक्त, र  मिश्र वाक्य सङ्गठन) को व्यवस्थित विन्यास कथामा पाइएबाट कथाको भाव गहन, प्रस्तुतिमा सरलता र अभिव्यक्तिमा सहजता सिर्जना भएको छ ।

### ४.१४.५ सारवस्तु

कथाले दिन खोजेको सार सन्देश नै सारवस्तु हो । प्रस्तुत विरोधाभास कथामा शीर्षकीय रूपमा सारवस्तु झल्किएको छ । अर्थ क्षेपणका विविध प्रकारमध्ये प्रतीकात्मक विधिका रूपमा यहाँ अर्थोभिव्यक्ति हुन पुगेको छ । त्यसरी नै मानिसले राखेको सोचाइ र यथार्थ जीवनमा धेरै भिन्नता छ । हामी जे सोच्छौं र कल्पना गर्छौं, मह□वाकाङ्क्षी सपना देख्छौं, ती केवल वास्तविकता बन्न सक्दैनन् । जीवनमा हरेक कुरामा सम्झौता गर्नुपर्छ भन्ने भाव व्यक्त गर्नु यस कथाको उद्देश्य रहेको देखिन्छ । कथामा ऊ पात्रले आफ्नी नववधुसँग पहिलो प्रेमसम्बन्ध राख्ने वर्षौंदेखिको सुन्दर सपनाहरू यथार्थमा यसरी विपरीत रूपमा देखिएका छन् - उनले दबेको र घाँटी निस्सासिएको स्वरमा फुसफुसाइन - प्लिज, आई एम

भेरी मच टायर्ड । विल यु स्पेर मी टुनाइट ? (शाह, पृ.७७) बाट कथाको उद्देश्य वा सारवस्तु व्यक्त भएको छ ।

## ४.१५ 'जिउँदो सालिक

### ४.१५.१ कथावस्तु र ढाँचा

प्रस्तुत कथाको कथावस्तु विभिन्न घटना संयोजनमा संरचित छ । प्रारम्भदेखि अन्तयसम्मका थुप्रै स-साना घटना, कार्य, चिन्तन, सोचाइ, कल्पना, विचार, भावना, अनुभव, तर्क/वितर्क, प्रश्न, जिज्ञासा, शङ्का आदि घटना सूत्रबाट यस कथाको संरचना तयार भएको छ । खासगरी घटना स्थल वा परिवेश, पात्र र तिनका चरित्र प्रदर्शन, भौतिक र मानसिक द्वन्द्व पार गर्दै यो कथा उद्देश्यमा पुगेको छ ।

'जिउँदो सालिक' कथाको कथानक संरचनालाई यसरी हेरिएको छ - कथानुसार 'म' पात्र र उसकी श्रीमती रहेका छन् । उनीहरू ग्रामीण समाजका न्यून वर्गीय दम्पत्ति परिवार हुन् । उनको श्रीमतीलाई कपाल दु:ने रोगले समातेको छ । श्रीमतीको कपाल दुख्ने रोगको उपचारका निम्ति उनीहरू काठमाडौं आउँछन् । यस अघि थुप्रै डाक्टर, धामी, झाँक्रीलाई समेत देखाउँदा उपचार नभएपछि उनीहरू यहाँ आउन बाध्य बन्दछन् । काठमाडौंको धुवाँ, धुलो, फोहोरमैला र दुर्गन्धबाट दिक्क भएकी श्रीमतीले "काठमाडौं त मर्नै लागे पनि आउन नपरोस् । राजधानी भनेर के गर्नु र ? भनी नमिठो अभिव्यक्ति गर्दछिन् । जवाफमा 'म' पात्र (श्रीमान) ले मलाई मात्र बस्न कहाँ रहर लाग्या छ र ? डाक्टर मोराहरू घाँटी निचोर्न बसेका जस्ता छन् सेतो एप्रोन लगाएर र विनासित्तिमा विभिन्न जाँच भन्दैमा ऋण-कर्जा गरेर ल्याएको पैसो सकिइ सक्यो । तिम्रो रोग भने टसमस भएको होइन भनी झर्को व्यक्त गर्छ ।

यसै क्रममा अनेक सोचाइबाट भौतिारिँदै गर्दा 'रघु !' काठमाडौंको धरहरामा एकजना अपरिचित व्यक्तिको नाम सुनिन्छ । माघको महिना अत्यास लाग्दो मुटु कमाउने जाडो हुन्छ । सहर निकै व्यस्त देखिन्छ । 'लौ खा, कत्रो वर्षपछि मौकाले भेट भएको । आज अति जरूरी काम लिएर हिँडेको छु । घरमै आउनु ल । बा...ई भन्दै हिँड्छ । उसको जवाफ राम्ररी दिन नपाउँदै ऊ छुट्छ र केही क्षणमा कसैले बोलाएकोमा सुखद आश्चर्य लाग्छ ।

ऊ (सम्झना) काठमाडौंकी बासिन्दा, धनीमानी बाबुआमाकी एक्ली छोरी थिइन् । कलेज पढ्दा सानोतिनो जागिर खाने क्रममा कीर्तिपुर यात्रा गर्दा भेटघाटपछिको क्रममा उनीहरूमा मित्रता र अन्तत: प्रेमभाव समेत घनिष्ठ बनेको थियो । तर सम्झनाको विवाह काठमाडौंको धनीको छोरोसँग हुने पक्का पक्का भएपनि सम्झनाले आफूलाई भगाएर लैजाने

आग्रह गरेकी थिई । तापनि सहरकी धनीमानीकी एक्ली छोरी भएकी हुँदा म पात्र (रघु) ले विवाह गर्न सक्दैन । फलस्वरूप समयको दौडानसँगै उनीहरूका आत्मीय प्रेम र मीठा सपनाहरूमा तुषारापात लाग्न पुग्दछ । 'म' पात्र निरीह प्राणी झैं भावुक बन्न पुग्छ र त्यसको विरोध गर्ने साहस पनि गर्न सक्दैन । अन्त्यमा विवाहमा रूझेको बिरालो जस्तो जन्तीसँग पछि पछि जान्छ र दुलहीको गेटमा 'कुकुरदेखि होसियार' भन्ने बोर्ड देख्छ । ऊ झस्किन्छ र फरक्क कोठामा पुगी काठमाडौं र यहाँका आडम्बरी मान्छेलाई सराप्दै प्रथम प्रेमको अनुभव बोकेर निराश भावमा आफ्नो जिल्ला फर्किन्छ ।

पुनः दस वर्षपछि सम्झना र रघु (म पात्र) काठमाडौंमा भेट हुन्छ । उसले पुरानो स्मृति खोतल्छे । विवाहपछिका दिनहरूमा आफूले शारीरिक तृप्ति नपाएकोले अब म धेरै दिनसम्म हजुरलाई दुःख दिन चाहन्न । मलाई यो पिँजडाबाट मुक्ति दिनुहोस् भन्छे । ऊ असहज हुन्छ । अन्ततः श्रीमानबाट अलग्गिएर स्वतन्त्र बाटोमा हिँड्छे । यसरी उसले अतृप्त प्रेम चाहनामा आफ्नो जीवन निराशमय बन्न पुगेको तीतो यथार्थ व्यक्त गर्दछे । उसको हृदय विदारक कारूणिक कथनबाट 'म' पात्रको मन कुँडिन्छ । उसलाई सान्त्वना दिने शब्दहरू पनि नभएकोले हावा फुकेको बेलुन मन लिएर लजमा फर्की घरतर्फ लाग्ने निर्णय गर्दछ र कथानक पनि समाप्त हुन्छ ।

प्रस्तुत कथाको कथावस्तुको ढाँचा विवृत शैलीमा रचिएको छ । कथामा घटनाक्रमहरू आदि, मध्य र अन्त्यको श्रृङ्खलाविहीन वा घुमाउरो शैलीमा प्रस्तुत गरिएको छ । कथाकारले कथाको भावलाई प्रेमको रोमाञ्चकारी, कलात्मक चित्रणमा नारी मनोविज्ञानको सशक्त उद्घाटन गरेका छन् जुन प्रतीकात्मक, विकृत शैलीबाट अभिव्यञ्जित छ ।

### ४.१५.२ चरित्र र दृष्टिविन्दु

प्रस्तुत कथामा अल्प पात्रको संयोजन गरिएको छ । पात्र र तिनका प्रेमका सुन्दर, रोमाञ्चक विगत स्मृतिलाई पात्रहरूको माध्यमबाट आकर्षक रूपमा वर्णन गरेका छन् । कथामा 'म' पात्र (रघु), उसकी श्रीमती, रघुकी कलेजकी सहपाठी पूर्व प्रेमिका (सम्झना), सम्झनाको विहपछिको लोग्ने, डाक्टर आदि रहको छन् । ती मध्ये कथानक प्रस्तुतीकरणमा 'म' पात्र र उनी (सम्झना) बीचको आत्मीय प्रेमको एकालपीय तथा संवाद शैलीको माध्यमबाट पात्रहरूको (नारी/पुरुषको) यौन मनोभाव खोतल्ने प्रयास गरिएको छ । यहाँ प्रमुख, सहायक र गौण पात्रको चरित्र यसप्रकार विश्लेषण गरिएको छ -

प्रस्तुत कथाको मूल पात्र सम्झना हो । ऊ कथामा केन्द्रीय पात्र, लिङ्गका रूपमा स्त्री पात्र हो । कथा वर्णनका सम्पूर्ण घटनाक्रम उसकै जीवन भोगाइमा रचिएको छ । प्रेम र

विवाहपछिका दिनहरूका सुखद र दुःखद अनुभव/अनुभूतिको रामोञ्च्क सुनौला क्षणहरूको कलात्मक वर्णन ऊ पात्रकै परिधिमा केन्द्रित छ । उसले कथाको सिङ्गो भाव व्यक्त गरेकी छ । ऊ सबैको नारी यौन मनोविज्ञान बुझ्ने प्रतिनिधि चरित्र हो । प्रवृत्तिका आधारमा अनुकूल प्रवृत्ति, स्वभाव गतिशील, जीवन चेतना वर्गीय, आसन्नता मञ्चीय र बद्ध पात्र हो । ऊ कथामा आदिदेखि अन्त्यसम्म विभिन्न नारी भूमिका बहन गर्ने पात्र हो । कहिले प्रेमिका बनेर त कहिले श्रीमती भएर अनि कहिले दुवै जीवनबाट स्वतन्त्र वा मुक्त भएर नारीका विविध जीवन भोगाइका साझा अनुभवको प्रतिविम्वन गर्ने नारी हो । उसकै केन्द्रीयतामा कथानक सार व्यक्त भएको छ ।

यस कथाको सहायक पात्रको रूपमा 'म' पात्र आएको छ । ऊ पुरुष लिङ्गको पात्र हो । भूमिकामा आधारमा प्रमुख सहायक भूमिका भएको पात्र हो । प्रवृत्तिमा अनुकूल पात्र हो । उसले विवाहपूर्वका प्रेमीलाई धोका दिएको छैन । साथै विवाहपछि पनि उसप्रतिको सद्भाव उस्तै देखिन्छ । मूलतः श्रीमतीलाई कपाल दुख्ने रोगको कारण विविध डाक्टर, धामी अस्पताल पुऱ्याई धन, मन र तन सर्वस्व गुमाउने पात्र हो । यसबाट ऊ अनुकूल  पात्र बुझिन्छ । स्वभावमा ऊ गतिहीन पात्र हो । उसको चरित्र र व्यवहारमा एकरूपता छ ऊ वर्गीय चेतना बोकेको पात्र हो । उसले समग्र विवाहित पुरुषले आफ्नी जीवन सङ्गिनीको दुःख सुखमा सम्पूर्णता खर्च गर्ने साझा वर्गीय चेतना प्रस्तुत गरेको छ । मञ्चमा सबैतिर उसको उपस्थिति र भूमिका रहेकाले ऊ मञ्चीय पात्र हो । आवद्धताका रूपमा ऊ बद्ध पात्र हो । उसले कथामा आदिदेखि अन्त्यसम्म सम्झनाको प्रेमी, सुखदुःखको साथी र  एक असल श्रीमान बनेर विभिन्न कार्य भूमिका प्रदान गरेको छ ।

यसैगरी अन्य गौण पात्रहरू - डाक्टर, अपरिचित साथी, सम्झनाको बाबुआमा, उसको लोग्ने आदि रहेका छन् । कथामा तिनको भूमिका न्यून रहेको छ । यसर्थ कथामा प्रमुख, सहायक र गौण पात्र र तिनका चरित्र प्रस्तुतीकरण कथाको शीर्षकीय भावसंवेद्य रहेको छ ।

प्रस्तुत कथामा दृष्टिविन्दुको समुचित प्रयोग भएको देखिन्छ । कथाकारले कथा वाचनको क्रममा बाह्य तृतीय पुरुष सर्वदर्शी दृष्टिविन्दुको रोचक प्रयोग गरेका छन् । मूलतः 'ऊ' पात्र को पूर्व प्रेमिका सम्झनाका माध्यमबाट सबै विवाहित नारीको यौन मनोभावको यथार्थ चित्रण गरिएको छ । उसले प्रेमिकाकै माध्यमबाट आफ्नी श्रीमतीको रोगको निदानसम्बन्धी उचित मार्ग दर्शन प्राप्त गरेको छ । खास गरी कथामा प्रेमिका सम्झना र श्रीमती दुवैको अतृप्त प्रेम चाहना अर्थात् विवाह पूर्वको प्रेमको कारण नारीहरू बेचैन हुन पुगी मानसिक रोगी बन्न पुग्दछन् भावबाट दृष्टिविन्दु सार्थक रहेको छ ।

### ४.१५.३ परिवेश

प्रस्तुत कथामा परिवेशको सरल, सहज र आकर्षक प्रयोग भएको छ । कथानक चित्रणका क्रममा ग्रामीण र सहरी दुवै परिवेश, पश्चिम नेपालको भौगोलिक ग्रामीण परिवेश तथा काठमाडौं सहरको भौतिक परिवेश कथामा आएको छ । घटनाको बाह्य परिवेश र त्यसले पात्रको मनस्थितिमा पारेको विविध प्रभावको स्थिति मानसिक परिवेश बनेर आएको छ । मूलतः बाह्य र आन्तरिक (प्रेम प्रणयमूलक) मनोभावको कलात्मक परिवेश कथामा आई कथालाई संवेद्य, कलात्मक र प्रभावकारी तुल्याएको छ ।

### ४.१५.४ भाषाशैली

प्रस्तुत कथामा पात्रहरू बिचका संवाद शैली, एकालापीय शैली, संस्मरणात्मक तथा चित्रात्मक वा दृश्य शैलीको विशेष उपयोग भएको छ । कथानकलाई रोचक बनाउन वर्णनात्मक तथा दृश्यशैली सरल र सहयोगी वातावरण सिर्जना गरेको छ । साथै अलङ्कारिक, उखान टुक्का, कथ्य भाषा, आगन्तुक शब्दका भाषा, तत्सम र तद्भव स्रोतका भाषिक शब्दचयन कथामा आकर्षक शैलीमा प्रयोग गरिएको छ । विचलनयुक्त भाषा ( व्याकरणिक, पदक्रम, अर्थतात्विक) वाक्यगठन (सरल, संयुक्त, र  मिश्र वाक्य सङ्गठन) को व्यवस्थित विन्यास कथामा पाइएबाट कथाको भाव गहन, प्रस्तुतिमा सरलता र अभिव्यक्तिमा सहजता सिर्जना भएको छ ।

### ४.१५.५ सारवस्तु

प्रस्तुत कथाको उद्देश्य नारी यौन मनोविज्ञानको कलात्मक चित्रण गर्नु रहेको छ । नारीहरू प्रेमको अभावमा जस्तोसुकै चुनौति र सङ्घर्ष झेल्न विवश हुन्छन् भन्ने विचार एकातिर प्रकट गरिएको छ । अर्कोतर्फ प्रेमको अपूर्णता र पहिलो प्रेम वा प्रेमिका अन्तरङ्ग प्रेमलाई जीवन्त नपाउँदा विवाहपछिको जीवन नैराश्य र दुःखदायी बन्न पुगी विभिन्न मानिसक रोगहरू उत्पन्न हुन सक्दछन् भन्ने सार कथाले व्यक्त गरेको छ । सम्झनाले कथामा गरेकी संवाद कथनले सारवस्तु यसरी प्रस्तुत गरेको छ - “विवाह गरेको पहिलो रातमै मेरो जिन्दगीमा भयङ्कर आँधी आयो । ... म रातभर तिमीलाई र तिम्रो नामर्दगीलाई प्याचप्याचती थुकिरहेँ । ... म दिनप्रतिदिन मूर्ति बन्दै गएँ - जिउँदो लास बन्दै गएँ (शाह, पृ.८२) । यसरी ‘म’ पात्र (प्रेमी) सँगको लामो अन्तरालमा प्रेमिका सम्झनाले गरेकी प्रेमप्रणय विलापले कथाको शीर्षकीय सारवस्तु स्पष्ट पारेको छ ।

## ४.१६ 'बगर'

### ४.१६.१ कथावस्तु र ढाँचा

'बगर' कथाको कथानक संरचना आदि, मध्य र अन्त्य क्रममा रहेको छ । बगर शव्दले शुन्य, मरूभूमि, गरम, टन्टलापुर, उजाड, रूखो र उब्जाउहीन जमिन भन्ने अभिधा अर्थ प्रदान गर्दछ । यद्यपि यहाँ जीवशुन्य तथा सन्तानविहीन भन्ने प्रतीकात्मक अर्थ यस कथाको शीर्षकबाट व्यक्त भएको छ । प्रस्तुत कथामा मूलतः पण्डित श्याम प्रसाद, उसको छोरो, कमैया पुत्री काली आदि पात्रको केन्द्रीयतामा यस कथाको कथानक विन्यास हुन पुगेको छ । कथाअनुसार-मध्यपश्चिम नेपालको दाङ जिल्ला र त्यहाँका प्राकृतिक-भौगोलिक सेरोफेरो घटनाको पृष्ठभूमिको रूपमा आएको छ । पुषको ठण्डी र हुस्सुले ढकमक्क ढाकेकोले वातावरण चिसो बनेको छ । ऊ पात्र (श्यामप्रसादको छोरो) बिहान उठेर झ्यालबाट प्राकृतिक स्वच्छ दृश्य स्थलहरूमा आँखा पुऱ्याउँछ । चिसोका कारण ऊ निकै जाडोको अनुभव गर्छ । जिन्दगीलाई पातु खोलाको निर्जीव बगर (निरस/बेकार, बेकम्मा' जस्तै ठान्दछ । उसले बगरबाट आँखा उठाउँदै लामो सास तानेर आफ्नो बाबु (श्यामप्रसाद) गाउँको ठूलो जमिनदार भएको कुरा सम्झन्छ ।

जमिनदार भएकाले उसले घरमा नोकर चाकर राखेको हुन्छ । तीमध्ये रोल्पाबाट बसाइँ सरी आएको काले गुरुङको टुहुरी छोरी 'काली' हुन्छे । ऊ स्याउलापात गर्न जङ्गलमा जान्छे । उसको समान उमेरको जमिनदारको छोरो स्कुल जान्छ । उमेर बढ्दै जाँदा 'काली' मा रूप र यौवन भरिँदै जान्छ । ऊ जमिनदारको छोराको बालसखा भएको र उसको फक्रिँदो जवानी देखेर ऊ (मालिकको छोरो) विद्यालय छोडेर कालीलाई खोज्दै जङ्गल जान्छ र घरभित्र भन्न नसकेका कुराहरू प्रेमको भावमा बताउँछ । कालीमा डर, त्रास, भय, शङ्का आदि भाव सिर्जना हुन्छ । थोरै विश्वास र धेरै अविश्वास पैदा हुन्छ । तर पहिलो पल्ट कसैले मायालु भावमा बोलेको र सुम्सुम्याएकोले जीउमा अनौठो रोमाञ्च र झनझनाहट भई ऊ ओइलिएको कर्कलाको पात हुँदै जान्छे । अन्तमा आफूलाई धोका नदिन अनुनय गर्दछे ।

दिन बित्दै जान्छन् । कालीको महिनावरी रोकिन्छ । घटनाले चारैतीर प्रचा बाँड्छ । यो कुरा बाबु जमिनदार (श्यामप्रसाद) को कानमा पर्छ र आफ्नै छोराबाट भएको अपराध बोध गर्छ । उसले आफूले जवानीमा गरेका त्यस्ता कृकृत्य सबै बिर्सिन्छ तर छोराले गरेको त्यस गल्तीले उसलाई तड्पाउँछ । उसले भर्खरै स्वास्नी मरेकी अर्धबैंसे रामबहादुरलाई सम्झाई रातको अँध्यारामो कालीलाई एउटा बाखी सहित पठाइ दिन्छ । छोरो आफ्नो आत्मीय प्रेम सङ्गिनीलाई कारूणिक भावमा झ्यालबाट हेरिरहन्छ । यसको एक महिनाभित्रै

जमिनदारले छोराको विवाह धुमधामसँग गरिदिन्छ । घरमा जातभातकी बुहारी भित्रिन्छे । विवाह गरेको पन्ध्र वर्षसम्म पनि ऊबाट सन्तान हुँदैन । श्यामप्रसादले बुहारीको खोट देख्छ । देवीदेवताको भाकल गर्छ । कैयौं बोका, कुखुरा चढाउँछ तर कुनैउपाय निस्कदैन । उसले कालीको श्राप मान्छ र दोस्रो विवाह नगर्ने अठोट गर्छ । श्यामप्रसाद नाति खेलाउने रहर बोकेरै आँखा चिम्लिन्छ ।

नोकरले 'मालिक चिया' भन्दै चियाको गिलास हातमा टक्रयाउँछ । चिया पिउँदै जमिनदारको छोरो अर्थात् मालिक सकीनसकी झोला बोकर स्कुल हिँड्दै गरेको बच्चाहरूको भीडतर्फ दृष्टि लगाउँछ । उसले त्यहाँ आफ्नो र कालीको अनुहार मिल्ने बालक खोज्छ । तर भेट्टाउन सक्दैन ।  उसका अगाडि कालीको चञ्चल आकृति र पानी मरूवा चेहरा मिश्रित अनुहारलाई घृणाले आफूतिर हेरिरहेको बालक देख्छ । केवल त्यहाँ पातु खोला र खोलामा पानीविनाको निर्जीव बगर हुन्छ र कथानक अन्त्य हुन्छ ।

### ४.१६.२ चरित्र र दृष्टिविन्दु

यस कथामा नारी र पुरुष दुवै लिङ्गका पात्र हुन् । तिनका विविध मनोभाव, अनुभव, प्रकृति र कार्या (सत् असत्को कलात्मक विश्लेषणका रूपमा चरित्र चित्रण गरिएको छ ।) कथामा प्रयुक्त पात्रहरू-श्यामप्रसाद (जमिनदार), उसको छोरो, कमैया काले गुरुङ र उसकी छोरी काली, रामबहादुर, गाउँलेहरू आदि छन् । कथामा प्रमुख, सहायक र गौण पात्रहरूको समुचित प्रयोग पाइन्छ । यहाँ प्रमुख र सहायक पात्रको चरित्र वर्णन यसरी गरिएको छ -

यस कथाको प्रमुख पात्र ऊ (जमिनदारको छोरो) हो । ऊ पुरुष पात्र हो । कार्य भूमिकाका दृष्टिले प्रमुख, केन्द्रीय पात्र हो । उसकै विविध कार्य चित्रणमा कथानक संरचना र सिङ्गो कथा निर्माण भई कथा उद्देश्यमा पुगेको छ । ऊ कथाको मुल विचार प्रस्तुत गर्ने पात्र हो । ऊ प्रतिकूल पात्र हो । असत् पात्र हो । घरकी नोकर्नी कालीलाई अवैध प्रेम गर्ने र धोका दिने पात्र हो । ऊ गतिशील पात्र हो । समय सापेक्ष परिवर्तन हुने पात्र हो । प्रारम्भमा कालीसँगै जीवन जिउने कसम खाए पनि अन्ततः बाबुको कारण दोस्रो विवाह गर्ने पात्र हो । जीवन चेतनाका रूपमा ऊ वर्गीय पात्र हो । धनीमानी, जमिनदार, उँच जातिका सामाजिक परिवेशमा हुने घटनाको साझा विचारको प्रतिनिधित्व उसले गरेको छ । कथाको सबैतिर आएकोले मञ्चीय पात्र हो । आरम्भदेखि अन्त्यसम्मै आएकोले ऊ बद्ध पात्र हो । उसको अभावमा कथा अपूर्ण र उद्देश्यविहीन हुन्छ ।

श्यामप्रसाद (जमिनदार) कथाको सहायक पुरुष पात्र हो । उसले कथामा नकारात्मक भूमिकाबाट कार्य सम्पन्न गरेको छ । कार्यका आधारमा प्रमुख सहायक खलपात्र हो ।

प्रवृत्तिमा असत् पात्र हो । गाउँका छोरी-बुहारीलाई समेत आफ्नो यौनको तृष्णा मेट्ने साधन उसले बनाएको छ । छोरोको गर्भ बोकेकी नोकर्नी कालीलाई रूवाउँदै विधुर अर्धबैंसे रामबहादुरलाई उपहार सहित सुम्पेको छ । स्वभावमा गतिशील छ । ऊ जवानीमा गर्ने व्यवहार वृद्ध भएपछि त्यागेको छ । तर विचार, स्वभाव र नियतमा फरक आएको छैन । काली र छोरा बिचमा रहको आत्मीय सम्बन्ध र भर्खरै शिशु बन्दै गरेको गर्भावस्थाकी कालीलाई पराईको जिम्मा लगाउनुले उसमा असत्, व्यभिचारी, वदनियत र पापको भाव छताछुल्ल पोखिएको छ । सामन्ती जमिनदार वर्गका व्यक्तिले गर्ने थुप्रै व्यभिचारी कार्यका आधारमा ऊ वर्गीय जीवन चेतना बोकेको पात्र हो । आसन्नताका रूपमा ऊ मञ्चीय पात्र हो । कथाको सबैतिर उसको खल भूमिका प्रदर्शित छ । कथानक आरम्भदेखि अन्त्यसम्मकै घटनाक्रममा बाँधिएको पात्र हुँदा ऊ बद्ध र अनिवार्य पात्र हो । यसरी कथामा प्रमुख, सहायक र गौण पात्रको कलात्मक चरित्र चित्रण हुन पुगेको छ । चरित्रले कथाले जीवन्त तुल्याई कथा पात्रकै माध्यमबाट विशिष्ट बनेको छ ।

प्रस्तुत कथाको दृष्टिविन्दु बाह्य सर्वदर्शी तृतीय पुरुष (ऊ पात्र केन्द्री) कथन शैलीमा रचिएको  छ । कथानक घटना वर्णन र उद्देश्य प्रदान गर्ने सन्दर्भमा जमिनदार (श्यामप्रसाद) र जमिनदारको छोरो (ऊ) पात्र आएका छन् । कथामा मूलतः बाबु छोराको चारित्रिक भूमिका विश्लेषण गरी तिनका दुष्प्रवृत्तिको चित्रण गर्नु तथा अन्य पीडित पात्रहरूको कारुणिक यथार्थ अभिव्यक्त गरी कथामा सर्वदर्शी दृष्टिविन्दुको समुचित प्रयोग गरिएको छ ।

### ४.१६.३ परिवेश

यस कथामा ग्रामीण दुवै परिवेशको कलात्मक स्थिति रहेको छ । मूलत : कथाको घटना स्थलका रूपमा आएका बाह्य परिवेश तथा त्यसबाट उत्पन्न मानसिक द्वन्द्वको आन्तरिक परिवेशले कथानक प्रस्तुतिमा सरलता, सहजता, आकर्षण र प्रभावकारिता सिर्जना गरेको छ । यसरी कथानकलाई जीवन्तता प्रदान गर्दै कथा उद्देश्यमा पुगेको छ । समग्रमा नेपाली समाजको विविध भौतिक, प्राकृतिक तथा मानसिक स्थितिको वातावरणीय परिवेश निकै रोमाञ्चक रूपमा प्रस्तुत भएको छ ।

### ४.१६.४ भाषाशैली

प्रस्तुत कथामा पात्रहरू बिचका संवाद शैली, एकालापीय शैली, संस्मरणात्मक तथा चित्रात्मक वा दृश्य शैलीको विशेष उपयोग भएको छ । कथानकलाई रोचक बनाउन वर्णनात्मक तथा दृश्यशैली सरल र सहयोगी वातावरण सिर्जना गरेको छ । विम्बात्मक, प्रतीकात्मक, अलङ्कारिक, उखान टुक्का, कथ्य भाषा, आगन्तुक शब्दका भाषा, तत्सम र

तद्भव स्रोतका भाषिक शब्दचयन कथामा आकर्षक शैलीमा प्रयोग गरिएको छ । विचलनयुक्त भाषा (व्याकरणिक, पदक्रम, अर्थतात्विक) वाक्यगठन (सरल, संयुक्त, र मिश्र वाक्य सङ्गठन) को व्यवस्थित विन्यास कथामा पाइएबाट कथाको भाव गहन, प्रस्तुतिमा सरलता र अभिव्यक्तिमा सहजता सिर्जना भएको छ ।

### ४.१६.५ सारवस्तु

प्रस्तुत 'बगर' कथाले प्रतीकात्मक अर्थ व्यक्त गरेको छ । सोझो र अभिधा अर्थ नदिई मनोभाव वा मनोविम्बात्मक विचार यस कथाले प्रस्तुत गरेको छ । जीवनमा जस्तो कर्म गरिन्छ, त्यस्तै फल पाइन्छ भन्ने भाव कथामा व्यञ्जित छ । असत् कर्मको फल पाप र सत् कर्मको फल पुण्य हुन्छ भन्ने विचार नै यस कथाको सारवस्तु हो । जमिनदार र उसको छोरोले गरेको पापकर्मको रूपमा जीवन्त सन्तानको मुख नदेख्नु कथाको वैचारिक पक्ष हो । विद्यार्थी-बालबालिकाहरू विद्यालय जाँदा काली र आफ्नो रूप मिल्ने कुनै बच्चाको दृश्य नदेखिएकोमा खिन्न भाव चित्रित ऊ पात्रको मनोभाव यसरी सारवस्तुको रूपमा व्यक्त भएको छ - उसले छाया ठम्याउने प्रयत्न गऱ्यो । तर त्यहाँ मात्र पातु खोला थियो र पातु खोलामा पानीविनाको निर्जीव बगर (शाह, पृ.८७) । यसरी कथामा सारवस्तु वा उद्देश्य स्पष्ट देखिएको छ ।

## ४.१७ 'नागरिकता'

### ४.१७.१ कथावस्तु र ढाँचा

नेपाल राष्ट्रभित्र बसोबास गर्ने नेपाली नागरिक हुन् भन्ने पहिचान युक्त प्रमाण नागरिकता हो । यहाँ एकातिर वास्तविक नागरिकले मौलिक अधिकारको रूपमा पाउनुपर्ने नागरिकता नपाउनु र अवास्तविक नागरिकले नागरिकताविना नै राजनीतिक हैकम चलाउने नेपाली राजनीतिक कुसंस्कारप्रति तिखो व्यङ्ग्य प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथाको कथावस्तु अनुसार नेताजी गाउँमा आउँछन् । कार्यकर्ता, आयोजक, समाज, दर्शक आदिको सहयोगमा कार्यक्रमको भव्य तयारी हुन्छ । उनको स्वागतका निम्ति बच्चादेखि बुढासम्म र युवायुवती सबैको आकर्षक उपस्थिति हुन्छ । अङ्गरक्षक, वैयक्तिक सहयोगी, कार्यकर्ता आदिको साथमा नेताजी मञ्चमा उपस्थित हुन्छन् । नेताजीको चेहरामा थकान र आँखामा गहिरो चिन्तन झल्किन्छ । उद्घोषक गुलियो शब्दले सम्बोधन गर्छन् । तालिको स्वागतसँगै नेताजी उठ्छन् र झुकेर, नुहेर सम्पूर्णलाई अभिवादन गर्छन् । मञ्चको अगाडि टुक्रुक्क बसेको बुढो मृगको फूर्तिमा ड्यास अगाडि आउँछ र थरथर काँप्दै तेरो नागारिकता देखा, नत्र भाषण गर्न पाउँदैनस् भन्छ । नेता अल्मल्ल पर्दै मेरो नागरिकता र

भाषणमा के सम्बन्ध छ ? भन्छन् । नेतालाई बुढोको केटाकेटी व्यवहारमा हाँसो र रिस दुवै उठ्छ ।

पुलिसले बुढालाई पक्राउ गरेर लैजान्छ । बुढो निधारमा पसिना पुछ्दै चारवर्ष (करिब पाँच वर्ष) अघिको कुरा सम्झिन्छ । बुढो गाउँको गन्यमान्य भद्र भलादमी र हर्ताकर्ता व्यक्ति हुन् । उनका परिवारमा पच्चीस जनाको जनसङ्ख्या छ । सबैले पशुपालन, खेती किसानी गरी सामान्य जीवन सुखद ढङ्गले चलाएका छन् । जेठो छोराको छोरो (नाति) दस कक्षा पनि उत्तीर्ण हुन्छ । यस समयदेखि बुढालाई नाति कुर्सीमा बसेको हेर्ने इच्छा हुन्छ । कुर्सीको लागि नागरिकता र नागरिकताको लागि नेताको सिफारिस अपरिहार्य भएको उसले बुझेको छ । चार वर्ष अघि नेता उसको घरमै आएको र घण्टौं भलाकुसारी गरेको सम्झना उसमा ताजै हुन्छ । गाउँभरिको भोट एकछापे भोट उसैलाई हाल्न लगाएको त हो । बुढो विश्वस्त हुन्छ । ठूलो आशा र भरोसा बोकेर बुढो बिहानै नेताको घर अगाडि उभिन्छ । चौरमा समर्थकहरूको राजनीतिक बहस चल्छ । बुढाले खोजेको नेता नभेटेपछि घर फर्किन्छ । छैंटौँ दिनमा भने बुढोले नेतालाई नभेटी नछाड्ने कसम खान्छ र अनसन मुद्रामा गेटमा बस्छ ।

नेताजी गाडीमा चढेर अफिस आउँछन् । बुढोले साष्टाङ्ग दण्डवत गर्छ । नेताजी आशीर्वाद मुद्रामा हात उठाउँदै गाडी अगाडि बढाउँछ । बुढोलाई पहिलो पल्ट गलत ठाउँमा गलत मान्छेलाई गलत ठाउँमा भेट्न आएको लाग्छ । दसौँ दिन उसले फैसला गरी छाड्ने निर्णय गर्छ । बिहानै नुहाइधुवाइ गरी हनुमानलाई लड्डु चढाई ठीक दस बजे सिधै नेताजीको कोठामा पस्छ ।

नेताजीले लामो फोन वार्तापछि झोलाबाट कागज निकालेर टेबुलमा राख्छन् । ए ! नागरिकता बनाउन आको ? कति पढ्या छौ बाबु ? भनी सोध्छ जवाफमा आज दसौँ दिन हो हजुर । जसरी भए पनि ... बुढाले दयनीय भाव व्यक्त गर्छन् । बुढा, तिम्रो नागरिकता छ ? भन्दै नेताजी जीउ तन्काउँछन् । हामीलाई नागरिकतै चाहिएन । यसले नोकरी खान्छु भनेर पो त । बाबु बाजेको नागरिकतै नभए मैले कसरी यसको नागरिकतामा सिफारिस गर्न मिल्छ ? भनेर नेता बम्किन्छ । बुढोको नातिको नागरिकता नबनेपछि निराश हुँदै घरतर्फ फर्किन्छ । त्यो नेताले पनि नागरिकता देखाउनुपर्छ । ...झुट्टा आस्वासन ...भोट... विकास ... नागरिकता... भन्दै बुढो एकनासले अँध्यारो कुनामा चिच्याइरहन्छ र कथानक समाप्त हुन्छ ।

यस कथाको कथावस्तु आदि, मध्य र अन्त्यको सरल रेखीय ढाँचामा रहेको छ । आदि भागमा विषयवस्तु, पात्रगत परिचय र घटना विकास, मध्य भागमा विस्तार

सङ्घर्षवस्था तथा अन्त्य भागमा ह्रासोन्मुख स्थिति र उद्देश्य प्राप्तिको क्रमिक विन्यास रहेको छ । यसरी कथामा कथानक निकै कारूणिक, व्यङ्ग्यात्मक, सरल र सनसनीपूर्ण रूपमा वर्णन गरिएको छ ।

### ४.१७.२ चरित्र र दृष्टिविन्दु

प्रस्तुत कथामा पात्र र चरित्रको कलात्मक संयोजन रहेको छ । कथामा बुढो मान्छे, नेताजी, कार्यकर्ता, वैयक्तिक सहयोगी, सुरक्षाकर्मी, बुढाको चार छोराहरू, बुहारी, नातिनातिनीहरू, जेठो छोराको छोरो, बालक, जवान, वृद्ध, नेताको कार्यालयका कर्मचारी, चौकीदार, घरको पाले आदि पात्रहरू रहेका छन् । तिनका विविध क्रियाकलापले कथानकलाई सरल, आकर्षक, कारूणिक तुल्याएको छ । कथामा प्रमुख, सहायक र गौण पात्रहरूको भूमिका महत्वपूर्ण रहेको छ । यहाँ प्रमुख र सहायक पात्रको विश्लेषण यसप्रकार गरिएको छ -

'बुढो' यस कथाको मूल पात्र हो । ऊ पुलिङ्ग पात्र हो । कथामा ऊ प्रमुख भूमिका बोकेको पात्र हो । सम्पूर्ण कथानक घटना उसकै केन्द्रीयतामा संरचित छ । आदिदेखि अन्त्यसम्म विविध रूपमा उसको उपस्थिति देखिन्छ । प्रवृत्तिका आधारमा ऊ सत्, आदर्श, सोझो, सरल पात्र हो । तराईको ग्रामीण न्यून वर्गीय समाजको प्रतिनिधित्व उसले गरेको छ । शिक्षाबाट वञ्चित, नागरिकता समेत नभएको सुकुम्बासी नागरिकको प्रतिविम्ब उसबाट झल्किन्छ । स्वभाव गतिहीन छ । आफूले जागिर नखाए पनि नातिले जागिर खान इच्छा गरेकाले नागरिकता बनाउन भनी एउटै कामलाई दसौँपटक खर्चने प्रवृत्ति/स्वभाव उसको देखिन्छ । नेतालाई आफूले सक्दो सहयोग गरी जिताएकोमा गाउँ, समाज र परिवारको सुनौलो भाविष्यको सपना उसले बोकेको छ । उसमा प्रारम्भदेखि अन्त्यसम्म सत्, आदर्श, इमानदारिता जस्ता गुणहरू विद्यमान छन् । जीवन चेतनाको रूपमा ऊ वर्गीय आवश्यकता र चाहनाको साझा विचार उसबाट व्यक्त भएको छ । कथामा सबैतिर उसको उपस्थिति आएकोले ऊ बद्ध पात्र हो । उसको अनुपस्थितिमा कथा अपूर्ण र उद्देश्यविहीन बन्ने हुँदा उसलाई कथाको प्रमुख, बद्ध, सत्, मञ्चीय पात्र मान्न सकिन्छ ।

यस कथामा प्रयुक्त नेताजी खल पात्र हुन् । उनले चुनावमा गुलिया आश्वासन र झुटा भ्रमरूपी भाषण छाँटेर चुनाव जित्छन् । गाउँमा सबैतिर विकास, यातायात, विजुली, खानेपानी, स्वासथ्इ शिक्षाको सुविधा उपलबध गराउने प्रतीज्ञा गरे पनि त्यो पूरा हुन सक्दैन । पात्रका दृष्टिले हेर्दा उनी पुरुष लिङ्ग, कार्य भूमिका खल भूमिका रहेको छ । उनका भाषण र व्यवहारबाट उक्त कुरा स्पष्ट भएको छ । त्यसरी नै प्रतिकूल प्रवृत्ति उनमा छ - झुटो आश्वसनमा चनुाव जितेका छन् । स्वभाव उनको गतिशील छ । मौका परिस्थिति,

नागरिक/जनताको भावना र मर्मअनुसार चिल्ला र गुलिया भाषण गर्ने तर व्यवहारमा नउतार्ने आफ्नो स्वार्थलाई प्राथमिकता दिने उनको बानी छ । चेतनाका आधारमा उनी वर्गीय जीवन चेतना बोकेको पात्र हुन् । सबै नेताहरूले भन्ने र गर्ने व्यवहारको चरित्राङ्कन उनले गरेका छन् । कथाको सबैतिर उनको उपस्थित छ, घटनावर्णन छ । यसर्थ उनी मञ्चीय पात्र हुन् । कथाको आदिदेखि अन्त्यसम्म आई आफ्नो कर्तव्य पुरा गर्ने र चरित्र स्पष्ट पार्ने पात्र भएको हुँदा उनी बद्ध पात्र हुन् । उनको अभावमा कथानक अपूर्ण बन्दछ । कथा उद्देश्यमा पुग्न सक्दैन । अतः उनी बद्ध अपरिहार्य प्रमुख खलपात्र हुन् ।

कथामा गौण पात्रहरू पनि रहेका छन् । ती बुढाको परिवारका सदस्य-छोरा, बुहारी, नातिनातिना, नेताको अङ्गरक्षक (पुलिस), कर्मचारी, चौकीदार, गाउँले समाज, सभाका बालक, जवान बृद्ध सबै गौण पात्र हुन् । तिनले कथामा समान्य भूमिका निर्वाह गरेका छन् । यद्यपि तिनका कार्य कथामा सहायक सिद्ध रहेको पाइन्छ । यसप्रकार कथामा प्रमुख, सहायक र गौण पात्रहरूको समुचित विन्यास र कलात्मक चित्रणले कथालाई जीवन्त तुल्याएको छ ।

यस कथामा दृष्टिविन्दुको समुचित प्रयोग भएको छ । कथानक वर्णनमा तृतीय प्ररुष शैलीको (ऊ पात्र केन्द्री) उपयोग देखिन्छ । बुढाले नेताजीसँग गरेको वार्तालाप वा संवाद शैलीको कथोपकथनको दृष्टिविन्दु कथामा पाइन्छ । अतः कथामा तृतीय पुरुष सीमित दृष्टिविन्दुको कलात्मक संयोजन रहेको छ । बुढाको माध्यमबाट कथाकारले जीवन भोगाइ, देखाइ र सुनाइ लगायत विविध राजनीतिक व्यङ्ग्योद्‌घाटन गरेका छन् ।

### ४.१७.३ परिवेश

प्रस्तुत कथाको परिवेशलाई हेर्दा नेपाली समाजभित्रकै मध्य तराई र आसपासका ग्रामीण-सामाजिक, भौगोलिक-प्राकृतिक सेरोफेरो रहेको पाइन्छ । निम्न वर्गीय समाजका आर्थिक, सामाजिक, राजनैतिक पक्षको यथार्थ प्रतिम्बिम्बित वातावरणीय परिवेश कथामा आकर्षक रूपमा प्रयोग भएको छ । यसरी घटनाको बाह्य परिवेश र त्यसले पात्रको मानसपटलमा पारेका पीडादायक मनोपरिवेशले कथालाई जीवन्त, प्रभावकारी, चेतनप्रवाहमय तुल्याएको छ । यसले गर्दा कथा उद्देश्यमूलक र सार्थक बन्न थप टेवासमेत पुगेको छ ।

### ४.१७.४ भाषाशैली

प्रस्तुत कथामा पात्रहरू बिचका संवाद शैली, एकालापीय शैली, संस्मरणात्मक तथा चित्रात्मक वा दृश्य शैलीको विशेष उपयोग भएको छ । कथानकलाई रोचक बनाउन वर्णनात्मक तथा दृश्यशैली सरल र सहयोगी वातावरण सिर्जना गरेको छ । काव्यात्मक तथा

अलङ्कारिक, उखान टुक्का, कथ्य भाषा, आगन्तुक शब्दका भाषा, तत्सम र तद्भव स्रोतका भाषिक शब्दचयन कथामा आकर्षक शैलीमा प्रयोग गरिएको छ । विचलनयुक्त भाषा (व्याकरणिक, पदक्रम, अर्थतात्विक) वाक्यगठन (सरल, संयुक्त, र मिश्र वाक्य सङ्गठन) को व्यवस्थित विन्यास कथामा पाइएबाट कथाको भाव गहन, प्रस्तुतिमा सरलता र अभिव्यक्तिमा सहजता सिर्जना भएको छ ।

### ४.१७.५ सारवस्तु

कथाले पाठकलाई दिन खोजेको वास्तविक सन्देश उद्देश्य वा सारवस्तु हो । यस कथाले नेपालको तराई क्षेत्रका ग्रामीण-समाजका निम्नवर्गीय, अशिक्षित व्यक्तिहरूका साझा समस्यालाई उतारेको छ । 'नागरिकता' विहीन नेताले देशमा ठीक सांसदको टिकट लिएर चुनाव जित्ने प्रवृत्तिको व्यङ्ग्य गरिएको छ । तर नेपाली खाटी नागारिकलाई नागरिकताको निम्ति बाबुबाजेको नागरिकता खोज्ने सरकारी, राजनीतिक व्यवस्थाप्रति प्रश्न उठाएको छ । कथानक अन्त्यमा बुढाले नेताप्रति गाली गरेको दुखेसो भावको एकालापीय कारूणिक गद्यांशले कथाको सारवस्तु प्रस्तुत गरेको छ । यसरी कथामा अर्थक्षेपणको प्रतीकात्मक विधिको समुचित प्रयोग गरिएको छ ।

## ४.१८ 'माओवादी समस्या समाधान भएमा'

### ४.१८.१ कथावस्तु र ढाँचा

प्रस्तुत कथामा दस वर्षे माओवादी जनयुद्धका घटनाक्रमहरूको श्रृङ्खलित कथानक रहेको छ । मूलतः युद्धकालमा भए गरेका विविध भौतिक क्षतिको घटना र त्यसले नेपाली जनतामा पुऱ्याएको मानसिक प्रभावको वस्तुस्थितिको सूक्ष्म संयोजन यस कथाको कथावस्तु बनेर आएको छ ।

कथावस्तु विन्यासको संरचना अनुसार शनिवार अफिस विदाको दिन हुन्छ । 'म' पात्र (हाकिम) आराम गरी बस्ने मनशायमा हुन्छन् । श्रीमतीले बिदाको एकदिन मात्र हो लोग्नेस्वास्नी सँगै बस्ने भन्दै आफ्नो अन्तः प्रेम चाहना प्रकट गर्दछे । यसको विपरीत श्रीमानलाई यो वर्षको प्रगति कसरी पुऱ्याउने भन्ने चिन्ताले सताउँछ । अफिसको सबै जिम्मेवारी हाकिमले लिनुपर्छ, स्पष्टीकरण हाकिमले दिनुपर्छ, खप्की हाकिमले खानुपर्छ भनी श्रीमतीलाई गुनासो पोख्छन् । श्रीमती (सम्झना) ले बिनसित्ति के को पीर गरेको होला । देश चलाउनेलाई चिन्ता छैन । उनीहरूलाई कुर्सीमा चम्किन पाए पुग्छ । मलाई त केही चिन्ता लाग्दैन भनी जवाफ दिन्छिन् । त्यसो भनेर हुन्छ र ? मेरो लागि त मेरै अफिस ठूलो नि । यही अफिसले समाजमा इज्जत दिएको छ । सयौंको नमस्कार ख्वाएको छ भनी श्रीमान

तर्क दिएर म यो अफिसको कमान्डर हुँ । अब हात बाँधेर संस्था चल्ने छैन भन्दै आफ्नो पदीय दायित्व र  जिम्मेवारी दर्साउँदै भोलिको कार्यालयीय योजना निर्माण गर्न थाल्छन् ।

आइतबार हाकिम दस बज्नु पूर्व नै अफिस पस्छन् । कर्मचारीहरू राजनीतिक भाषणमा व्यस्त देखिन्छन् । जनकपुरमा मेयरको उम्मेद्वारको हत्या भयो । मान्छेको जीउ ज्यानको सुरक्षा छैन, सरकारले उम्मेद्वार नपाएर हैरान छ । उठेका उम्मेद्वार असुरक्षित छन् । हे भगवान ! चुनाव गराउन जान नपरोस् । खुइय सुस्केरा हाल्छन् र आफू नपुंसक र लाचार हाकिम भएकोमा कपाल लुछ्दै बस्छन् ।

सोमबारको कार्यक्रम हाकिमको पुनः सोचाइमा आउँछ । सरकारको धितो फिर्ता टोली बनाई निरीक्षण गर्न जाने । सरकार सम्पत्ति वेचबिखन गर्न रेडर कमिटी बोलाउने । कर्मचारीले बिदामा बस्दा अग्रिम जानकारी दिनुपर्ने, अफिस बाहिर जाँदा अनिवार्य रूपमा लगबुक भर्नुपर्ने, राजनीतिक गफ अफिसमा गर्न नपाइने जस्ता बुँदाहरू टिपोट गर्छन् । मङ्लबार सदा झैं दस बजे हाकिम अफिसमा बस्छन् । हाकिमले फाइल पल्टाउनु पूर्व नै कर्मचारीहरूबिच हिजो राति माओवादीले पाल्पा आक्रमण गरेछन् नि । सि.डि.ओ.सहित अरु बाह्रजना अपहरणमा परेका छन् रे ! जस्ता बहस चलिसकेको हुन्छ ।

चर्काचर्की छलफल र बहसको बीचमा 'म' (हाकिम) पात्र लाटोकोसेरो जस्तै ध्यानमग्न भएर अरुहरू पनि मेरो अफिस जस्तै निष्कृय होलान् कि ? .... अब जिन्दगीको उत्तरार्द्धमा कहाँ गएर नोकरी खोज्नु ? कसको हातपाउ मल्न जानु ? जस्ता कुराहरू सोच्दै 'कमान्डर भनेको लडाइँको मैदानमा त चाहिन्छ । सामान्य अवस्थामा त जो सुकैले पनि 'कमान्ड' गर्न सक्छ । हालको देशको तरल अवस्थालाई 'चुनौती' का साथै 'अवसर' को रूपमा लिइनु पर्छ भन्दै भोलिपल्टको दैनिकी बनाउँछन् ।

बुधबार बगैंचाको फूलहरू गोड्न लगाउने पानी हाल्न लगाउने कोठाहरूमा माकुराको जालो हटाउन लगाउने । नचाहिने कागज पत्र जलाउने । समयमा कर्जा नतिरेका ग्राहकलाई फोन ताकेता गर्ने आदि । हाकिमले हिजोको बुँदामा विशेष जोड दिन्छ- यहाँका विशेषज्ञ भनेका हामी नै हौं । त्यसैले समस्यासँग जुध्दै लक्ष्य हासिल गर्न इमानदार प्रयास गर्नुपर्छ भन्छ । उनका शब्दहरू कर्मचारीहरूका निम्ति लठ्याउने औषधी जस्तै बन्छ । सबैका मुख बन्द हुन्छन् । विहीबार नेपाल बन्दको दिन हुन्छ । गाडी त के रिक्सासमेत चलेको हुँदैन । यद्यपि विभिन्न उद्देश्यका निम्ति अफिसमा ऋण लिने मान्छेको भने निकै भिडभाड हुन्छ ।

शुक्रबार हाकिम पहिलो पटक लिकबाट पर हटेर विहानीको शुभारम्भ गर्ने विचार गर्छ । त्यो विषय कर्मचारीहरूसँग आफ्ना अन्तरङ्ग र नितान्त व्यक्तिगत कुराहरूमा निर्दिष्ट

हुन्छ । चेहरामा प्रफुल्लता छाउँदै कुर्सीमा विराजमान हुन्छ । अनि स्टाफहरूलाई हेर्दै आज यतै रमाइलो गरौँ । पेट्रोल मोविल पिउने व्यवस्था गरौँ न, गफको सार त निस्किएन ? भनी सोध्छ । विजयले हो सर ! भनी जबाफ दिन्छ । हाकिमले त्यो कसरी भनी जिज्ञासा राख्छ र टीका खिस्स हाँस्दै माओवादी वार्तामा आए नि (शाह, पृ.९९-१००) भन्ने छोटो उत्तर दिन्छ । तर हाकिमलाई माओवादी वार्तामा आउँदैमा यो देशमा बहस रोकिने छैन । भोलिदेखि पुनः राजतन्त्र, संविधान सभाजस्ता विषयहरू सदाको जस्तै खुल्नेछन् र अनन्तसम्म चलिरहने छन् । ती पनि नभए गरिबी, भ्रष्ट्राचार, नातावाद, कृपावाद मुद्दा त कममा आउने चार पुस्तासम्म रहने छन् भन्ने विचार प्रस्तुत गर्छ र कथावस्तु पनि समाप्त हुन्छ ।

यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको रैखिक क्रममा रहेको छ । आदि भागमा, घटना विकास, मध्य भागमा विस्तार, सङ्घर्ष र चरमोत्कर्ष तथा अन्त्यमा ह्रास एवम् शीर्षकीय सार व्यक्त गरिएको छ ।

### ४.१८.२ चरित्र र दृष्टिविन्दु

प्रस्तुत कथाको वस्तुयोजना पात्र र तिनका चारित्रिक भूमिकामा आधारित छ । त्यस अनुसार पात्रहरू च्यन गरिएका छन् म पात्र (हाकिम), हाकिमकी श्रीमती सम्झना, कार्यालयका कर्मचारीहरू गोपाल गैरे, ज्ञवाली र पन्त गुरु, ताहिर र पङ्कज, बर्माजी, राजेशनी, विजय, टीका लगायत विभिन्न राजनीतिक पार्टीका व्यक्तिहरू (सन्दर्भका रूपमा) आदि रहेका छन् । तीमध्ये प्रमुख र सहायक पात्रको विश्लेषण यसरी गर्न सकिन्छ :

यस कथामा म पात्र अर्थात् हाकिम कथाका प्रमुख पुरुष पात्र हो । उनकै जीवन वृत्तान्तमा कथानक संरचना निर्माण भएको छ र कथा उद्देश्यमा पुगेको छ । उनको भूमिका कथामा आदिदेखि अन्त्यसम्मै रहेको छ । सबै खण्डमा उनको सक्रिय उपस्थिति रहेको छ । स्वभावका दृष्टिले उनी गतिहीन पात्र हुन् । देशमा भएको द्वन्द्व र तिनले निम्त्याएका भौतिक र मानसिक समस्याको समाधान गर्ने जिम्मा आफूजस्ता नेतृत्वशील व्यक्तिको जिम्मामा रहेको ठान्ने र सँधै आफ्नै सोच र निर्णयमा अगाडि बढ्ने पात्र हुन् । उनी अनुकूल प्रवृत्ति रहेको पात्र हुन् । देशमा हिंसा र अशान्तिको बदला, अहिंसा, शान्ति, सुरक्षा, भयरहित ( भौतिक र मानसिक) वातावरण चाहने पात्र हुन् । जस्तोसुकै कठिन परिस्थितिमा पनि अडिग निर्णय र कर्तव्य पथमा लागिरहने पात्र हुन् । जीवन चेतनाका रूपमा वर्गीय चरित्र हुन् । समग्रमा हाकिमी नेतृत्व बोकेका कर्मचारीको साझा प्रतिनिधि पात्र हुन् । उनी कथामा प्रत्यक्ष उपस्थित भएको हुँदा मञ्चीय तथा आबद्धताका आधारमा बद्ध पात्र हुन् । उनी कथामा आदिदेखि अन्त्यसम्म बाँधिएर रहेका छन् ।

सम्झना प्रस्तुत कथाको सहायक स्त्री पात्र हो । उसले कथामा म पात्र वा श्रीमान्लाई उसको मनोभाव, पीडा र समस्यामा मलम लगाउने काम गरेकी छ । प्रवृत्तिका आधारमा ऊ प्रतिकूल पात्र हो । श्रीमान्लाई आफू र आफ्नो वशमा राख्ने बदनियत उसमा देखिन्छ । प्रेम, आनन्द, मनोरञ्जनलाई नै जीवन देख्ने, सुख ठान्ने प्रवृत्ति उसमा छ । ऊ श्रीमान्को हरेक कार्य, विचार र भावनामा विपरीत ध्रुवमा देखिन्छे । स्वभावका दृष्टिले ऊ गतिशील पात्र हो । उसमा समय, परिस्थिति र इच्छा, आवश्यकतानुरूप विचार र व्यवहार परिवर्तित देखिन्छ । उसमा धैर्य, सहिष्णुता, सेवा, धर्मको भावना खासै देखिँदैन । जीवन चेतनाका आधारमा ऊ वैयक्तिक चरित्र हो । प्रेम, मनोरञ्जन, साथीत्वमा रमाउने आफ्नै निजी विचार भएकी स्वतन्त्र नारी चरित्र हो । कथामा आदिदेखि अन्त्यसम्मै प्रत्यक्ष उपस्थित रहेको हुँदा ऊ मञ्चीय पात्र हो । कथामा बाँधिएको, प्रमुख सहायक भूमिका बहन गरेबाट ऊ बद्ध पात्र हो ।

यसैगरी कथामा थुप्रै गौण पात्रहरू उपस्थिति छन् । तिनको भूमिका सामान्य रहेको छ । यसप्रकार कथामा प्रमुख, सहायक र गौण पात्रहरूको कार्यभूमिका मह[illegible]वपूर्ण, सार्थक र प्रभावपरक रूपमा रहेको पाइन्छ ।

कथावाचकले कथा प्रस्तुतिको निम्ति रोजेका स्थान, वस्तु वा पात्र विशेष नै दृष्टिविन्दु हो । कथाकारको कथन व्यक्त गर्ने माध्यम पात्रलाई दृष्टिविन्दु भनिन्छ । प्रथम पुरुष आन्तरिक केन्द्रीय दृष्टिविन्दुको समुचित उपयोग कथामा पाइन्छ । कथाकार स्वयम्ले भोगेका तीता सेवाकालीन, द्वन्द्वात्मक अनुभवलाई म पात्रको रूपमा सनसनीपूर्ण व्यक्त गरेका छन् । यसरी कथामा प्रथम पुरुष दृष्टिविन्दुको कलात्मक प्रयोग भएको छ ।

### ४.१८.३ परिवेश

यस कथाको परिवेश स्पष्ट किटान गरिए पनि समग्र नेपालको भौगोलिक सेरोफेरो आएको छ । ऋण लिने ग्राहकको चित्रण कथामा गरेबाट कथाकार शाह स्वयम् कार्यरत कृषि विकास बैंक, सिंहदरबार रहेको बोध हुन्छ । अतः कथामा ग्रामीण र सहरी दुवै परिवेशको कलात्मक चित्रण पाइन्छ । साथै भौतिक वस्तुस्थिति र तिनबाट उत्पन्न आन्तरिक मनोभावको कलात्मक परिवेश कथामा आएको देखिन्छ । यसले कथाको मूल मर्मलाई चित्रात्मक, आकर्षक, रोचक र प्रभावकारी बनाउँदै जीवन्तता प्रदान गरेको छ ।

### ४.१८.४ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली सरल, प्रेमप्रणयमूलक, आकर्षक र रोचक रहेको छ । तत्सम, तद्भव र आगन्तुक स्रोतका भाषिक चयन, सरल, संयुक्त र मिश्र वाक्यको संयोजन, कथ्य, ठटयौली भाषाको प्रयोग, संवाद, प्रेमालाप, पूर्वदीप्ति तथा चित्रात्मक भाषाशैलीले

कथालाई श्रुतिमधर र रमणीय तुल्याएको छ । कथामा काव्यात्मक शैली तथा अलङ्कारजन्य भाषाको उपयोग गरिएको छ । व्याकरणिक वाक्य सङ्गठन, स्मृति, कल्पना, मनोविम्बात्मक भाषाको प्रयोगले कथाको भाषाशैली विशिष्ट बन्न पुगेको छ । कथामा सङ्क्षिप्त, छरितो र चोटिलो भाषिक अभिव्यक्तिले कथालाई बोधगम्य र सम्प्रेष्यमूलक तुल्याएको छ ।

### ४.१८.५ सारवस्तु

सिङ्गो कथाले पाठकलाई दिन खोजेको सन्देश सारवस्तु हो । यो विचार वाक्य, उद्देश्य, सन्देश, भाव, आशय विविध रूपबाट व्यक्त हुन्छ । प्रस्तुत कथामा प्रयुक्त शीर्षक आफैमा व्यञ्जनात्मक वा काव्यात्मक रहेको छ । असमापिका क्रियाको रूपमा चयन यस कथा शीर्षकले कथाको भाव/सारवस्तु यसरी प्रकट गरेको छ । माओवादी वार्तामा आउँदैमा यो देशमा गफको खेतीमा ब्रेक लाग्नेवाला छैन । भोलिदेखि नै पुनः अर्को विषयले पेटारो राजतन्त्र, संविधानजस्ता विषयहरू सदाको जस्तै खुल्नेछन् र अनन्तसम्म चलिरहने छन् ( शाह, पृ. १००) । यसप्रकार जीवन जसरी समस्यायुक्त छ र एउटा समाधान पछि जसरी अर्को पैदा हुन्छ, त्यसैगरी माओवादी समस्या समाधान हुनु वार्ता वा युद्ध विराममा मात्र आउनु होइन । उनीहरूका मुख्य मागहरू- संविधान सभा राजतन्त्र खारेजी, संघीय राज्य जातीय राज्यजस्ता राज्य संरचना जस्ता समस्याहरू जटिल समस्या हुन् । तिनको समाधान हुन त्यति सहज छैन भन्ने भाव यस कथाको सारवस्तु हो ।

### ४.१९ 'इतिवृत्त'

### ४.१९.१ कथावस्तु र ढाँचा

इतिवृत्त शव्दले बितेका घटनाहरूको सविस्तार वर्णनलाई बुझाउँछ । प्रस्तुत कथामा समाख्याताले छिमेकी इलुलाई जीवन भोगाइका विविध दर्दनाक, पीडादायक करुणक्रन्दनलाई आत्मालापीय वर्णनात्मक शैलीमा रोचक ढङ्गमा प्रस्तुत गरेकी छिन् । श्रद्धासुमनभित्र सङ्कलित उन्नाइस कथाहरूमध्ये यो अन्तिम कथा हो । उक्त कथामार्फत् नारीका प्रेम, प्रणयमूलक अतृप्त यौन मनोविज्ञान सशक्त चित्रण गरिएको छ ।

यस कथाको कथावस्तु समाख्याताको जीवनका बाल्यकालदेखि वृद्धा कालसम्मका विविध पक्षमा घटेका प्रेम, विवाह, यौनजन्य घटना र तिनका कारुणिक अभिव्यक्तिमा आधारित छ । कथानक वर्णन अनुसार समाख्याता छिमेकी इलुकी सहयोगी नारी चरित्र हुन् । उनी बाल्यकाल छँदा घर परिवारको सुखद् छत्र छायाँमा फुर्किएर हुर्किएकी केटी हुन् । स्कुले जीवनका रमाइला क्षणहरू साथीसँगी माझ बिताउँछिन् । एकजना शिक्षक उनका शारीरिक व्यक्तित्व, सुन्दर रूप र फक्रिँदो जवानी देखेर आकर्षित हुन्छ । उता उनी पनि यौवनले भित्रभित्रै तरङ्गित हुन पुग्दछिन् र अनायासै शिक्षकप्रति आकर्षित हुन थाल्दछिन् । विभिन्न

वाहनामा शिक्षकले उनको कोमल शरीरमा स्पर्श समेत गर्दछ । यसबाट उनी लज्जा र कुतकुतीको रोमाञ्चक आनन्द प्राप्त गर्दछिन् ।

एकदिन उनी विद्यालयबाट घर फर्कँदा घर परिवारमा सामूहिक छलफल हुन्छ । उनी सशङ्कित बन्दछिन् । दिन पाए राम्रै हुन्छ । केटा लायक छन् । परिवारमा एक मानो खान पुग्ने छ भन्ने दाजुको अभिव्यक्तिबाट आफ्नो विवाहको अन्तिम निर्णयको सत्यता खुल्दछ र परिवारको सहमतिमा उनको विवाह हुन्छ । त्यसपछिका उनका सुखद् बाल्य जीवनमा तुषारापात छाउँछ । श्रीमानले मायाको बदला घृणा र तिरस्कारको भावले हेर्दछ । निराशा र जडशुन्य बन्दै दिनहरू बित्दै जान्छन् । घरको दुःखदायी क्षणहरूमा पनि माइती, आफन्त र स्कुलका साथी, आफूलाई माया गर्ने शिक्षकको मिठो सम्झनामा पीडा, कष्टलाई बिर्सिदिन्छिन् । यस्तै मधुर कल्पनामा डुब्दाडुब्दै एकरात उनी भुसुक्क निदाउने क्रममा आफूले पूर्वप्रेमी मास्टरलाई पानी छेपेको, लोलाले हिर्काई निथ्रुक्कै भिजाएको र केही क्षणमा आफूलाई अँगालो मार्दै चुम्बन गर्न लाग्दा उनी बिबाह अगाडि यस्तो पाप काम गर्न हुन्न भन्दै प्रतिकार गर्छिन् । यसपछि उनको सपान भङ्ग हुन पुग्दछ । आफ्नो आलिङ्गनमा उनी मास्टरको बदला श्रीमानलाई पाउँछिन् । उसले निर्दयी रूपमा सर्वाङ्ग लुटेर यौन प्यास मेटाई निःशव्द जुरुक्क उठेर जान्छ र भोलिपल्ट पढ्नको निम्ति गाउँ छोडेर सहरतर्फ लाग्दछ ।

विवाहको प्रथम सहवासमै उनका कोखमा राक्षसी श्रीमानको यौन विषरूपी गर्भ बस्दछ । मानसिक क्षोभ, वितृष्णा, पारिवारिक दमन, शोषण र शारीरिक कष्टकर जीवन जिउँदै नौ महिनापछि एउटी सुन्दर फुलजस्ती छोरीलाई जन्म दिन्छिन् । त्यही नवजात शिशुको वात्सल्यमयी प्रेमभावमा डुब्दै आफ्ना विगत र वर्तमानका तीता र पीडादायक दिनहरू बिताउँदै जान्छिन् । दसवर्षको लामो अन्तरालपछि श्रीमान सहरबाट पढेर, जागिर खाएर हाकिम बनी घर आउँछ तर आफ्नी श्रीमती लगायत सुकोमल नाबालक छोरीलाई समेत वास्ता गर्दैन । ऊ अर्की यौवनरूपी, धेरै पढे लेखेकी केटीसँग विवाह गर्ने सोचमा रहन्छ । बाबुआमा उसका कुरामा मौन बस्दछन् । यसबाट श्रीमतीलाई श्रीमानप्रति घृणा, रिस, क्रोध, आदिको भावना जागेर आउँछ । यद्यपि उनी मनलाई सह्माल्दछिन् र जिन्दगीलाई धिक्कार्दै आफ्नो भाग्य र निरीह स्थितिको बोध गर्छिन् । अन्ततः आफ्ना इतिवृत्त झर्को नमानी सुनिदिएकोमा छिमेकी इलुलाई धेरै धेरै धन्यवाद दिई आफ्नो हक अधिकारको निम्ति छिनोफानो गर्न न्यायलयतिर जान्छिन् । यसरी कथावस्तुको अन्त्य हुन्छ ।

प्रस्तुत कथाको कथावस्तुगत ढाँचा सरल रेखीय शैलीमा रहेको छ । आदि, मध्य र अन्त्यको क्रममा कथा वृतान्त पूर्ण भएको छ । आदि भागमा समाख्याताको स्कुले जीवनको सुखद् बाल्यकाल, मास्टरसँगको प्रेम, विवाह आदिका घटना प्रसङ्ग आएका छन् । मध्ये

भागमा विवाहपछिका कष्टकर जीवनशैली र दुःखदायी क्षणहरूको जटिल एवम् सङ्घर्षशील स्थिति तथा अन्त्य खण्डमा निष्कर्ष, समस्या समाधान केन्द्रित कथान्त रहेको छ ।

### ४.१९.२ चरित्र र दृष्टिविन्दु

प्रस्तुत कथामा धेरै पात्रहरूको प्रयोग गरिएको छ । समाख्याता, स्कुलका साथीहरू, शिक्षक, प्रेमी मास्टर, बाबुआमा, दाजु भाउजू, श्रीमान, छोरी, छिमेकी इलु आदि रहेका छन् । कथामा समाख्याताको जीवनका स्वतन्त्र बाल्यकाल, स्कुल पढ्दा यौवन उमेरमा भएका प्रेम, सुख, आनन्द, विवाहपछिका जटिल घरगृहस्थी जीवन, सन्तान जन्म र अतृप्त प्रेम प्रणय चाहना आदिको रोचक घटना चित्रण गरिएको छ । कथामा मुख्य चरित्र समाख्याता वा भोक्ता पात्र  र इलु श्रोता चरित्र बिचको संवाद वा नाटकीय विधिको वर्णनात्मक शैलीको कथोपकथन अँगालिएको छ । यसरी कथामा सहायक पात्रका रूपमा इलु आएकी छिन् । साथै  सहायक खलपात्र प्रेमी मास्टर र श्रीमान आएका छन् । गौण पात्रका रूपमा भने उनका घरपरिवार, माइती पक्ष र सानी छोरीको उपस्थिति रहेको छ ।

समाख्याता वा भोक्ता यस कथाकी प्रमुख स्त्री पात्र हुन् । उनी कथाकी केन्द्रीय चरित्र हुन् । उनकै प्रमुख भूमिका र कार्य वर्णनमा कथानक संरचित छ र कथाले सारवस्तु प्रदान गरेको छ । उनी अनुकूल प्रवृत्ति बोकेकी पात्र हुन् । उनमा नारीमा हुनुपर्ने सतकर्म, आचरण, कर्तव्यपरायणता, वात्सल्यप्रेम र नारी धर्म विद्यमान रहेका छन् । यसरी हेर्दा उनी गतिहीन स्वभावकी चरित्र हुन् । उनमा प्रारम्भदेखि अन्त्यसम्म नै एकै स्वभाव रहेको देखिन्छ । जीवन चेतनाका आधारमा उनी वर्गीय चेतना भएकी नारी पात्र हुन् । समग्र विवाहित गृहस्थी महिलाको साझा गुण उनमा देखिन्छ । कथामा सबैतिर प्रत्यक्ष उपस्थिति रहेको हुँदा मञ्चीय तथा प्रारम्भदेखि अन्त्यसम्म नै सक्रिय भूमिका बहन गरेबाट उनी बद्ध पात्र हुन् । उनका जीवन भोगाइका जटिल दुःखदायी घटनाहरू, प्रेम प्रणयरूपी सुन्दर रहर र सपनाहरूको कलात्मक उद्घाटन गर्ने क्रममा उनको चरित्र चित्रण गरिएको छ । कथामा समाख्याता घर परिवारबाट अपहेलित भएका, प्रेम र यौन भावनाले कुण्ठित, श्रीमानबाट परित्यक्त नेपाली गृहस्थी नारीहरूका प्रतिनिधित्व गर्ने चरित्र हुन् । अतः यस कथामा समाख्याताकै एकालापीय शैलीको कथनमा कथा उद्देश्य पूरा गर्न सफल भएको हुँदा समाख्याता कथाको प्रमुख नारी चरित्र हुन् ।

त्यसैगरी यस कथाको सहायक पात्र शिक्षक हो । ऊ समाख्याताको स्कुले प्रेमी हो । शिक्षक भएर एउटी कच्चा उमेरकी छात्राप्रति यौन व्यभिचार साँध्ने भएको हुँदा ऊ खलपात्र हो । उसको भूमिका कथामा नकारात्मक प्रवृत्तिको छ । छात्राको सुकोमल यौवनसँग प्रेमरूपी खेल खेल्ने दुष्कर स्वार्थ उसमा देखिन्छ । यसरी ऊ कथामा प्रमुख सहायक खलपात्र, पुरुष

पात्र, प्रतिकूल पात्र, गतिशील पात्र हो । उसले प्रारम्भमा शिक्षकले छात्राप्रति गर्ने माया स्नेह र सहयोगको सीमा नाघी समाख्याता छात्राको सुन्दर यौवनप्रति आकर्षित हुँदै प्रेम सम्बन्ध बढाएको छ । जीवन चेतनाका आधारमा ऊ वैयक्तिक चरित्र हो । शिक्षकको पेशागत मर्यादा विपरीत कार्य गर्ने खास व्यक्तिगत चरित्र अपनाएको छ । कथामा ऊ प्रत्यक्ष आएको र उसको चरित्र चित्रण गरिएबाट ऊ मञ्चीय पात्र हो । कथामा समाख्याताको प्रेमी बनेर कथानक सूत्रलाई जोड्दै रोचक प्रेम प्रसङ्गबाट अघि बढाउँदै अन्त्यसम्म नै उसको उपस्थिति रहेको हुँदा ऊ कथामा बद्ध पात्र हो । यसरी कथामा मुख्य पात्रा समाख्यातालाई विभिन्न कोणबाट कथानक उद्देश्य पूरा गर्न सहयोग पुऱ्याउने प्रेमी शिक्षक अनिवार्य सहायक खलपात्र हो ।

त्यसैगरी कथाको अर्को प्रमुख सहायक पात्र इलु हुन् । उनी समाख्याताकी छिमेकी, सुखदुःखकी साथी बनेर कथामा आएकी छिन् । उनी अनुकूल प्रवृत्ति भएकी पात्र हुन् । उनमा सत् र आदर्श भावना पाइन्छ । उनले समाख्याताका कथा व्यथालाई नजिकबाट बुझेकी छिन् र सोही अनुरूप, भावनात्मक र व्यावहारिक दुबै रूपबाट सहयोग गरेकी छिन् । उनको स्वभाव गतिहीन छ । उनमा सुरुदेखि अन्त्यसम्म एकैखाले स्वभाव देखिएको छ । शान्त हुनु, मौन प्रतिक्रिया जनाउनु, अन्तर्मुखी रहनु उनका चारित्रिक गुण हुन् । उनी वर्गीय जीवन चेतना बोकेकी चरित्र हुन् । उनमा प्रायः नारीहरूमा हुने सरल, सोझोपन, धैर्यशील, सहनशील, कोमल, दया, करुणा, अन्तर्मुखी स्वभाव जस्ता साझा विशेषता रहेका छन् । कथाको आदिदेखि अन्त्यसम्म सबैतिर प्रत्यक्ष उपस्थित भई प्रमुख भूमिका निर्वाह गरेको हुँदा मञ्चीय तथा उनको अभावमा कथा अपूर्ण र उद्देश्यहीन बन्ने हुँदा उनी कथाकी बद्ध एवम् अनिवार्य प्रमुख नारी चरित्र हुन् ।

गौण पात्रका कोणबाट हेर्दा कथामा थुप्रै पात्रहरू आएका छन् । समाख्याताका आमाबाबु, दाजु भाउजू, श्रीमान, छोरी, छिमेकी तथा माइती पक्ष आदि रहेका छन् । तिनीहरू केवल कथामा चारित्रिक शोभा प्रदान गर्ने अभिप्रायबाट आएका छन् । यसप्रकार प्रस्तुत कथाको पात्र र चरित्रचित्रण निकै सहज, कलात्मक र आकर्षक रहेको छ ।

यस कथामा दृष्टिविन्दुको समुचित प्रयोग भएको छ । बाह्य सीमित (तृतीय पुरुष कथन) दृष्टिविन्दुको उचित संयोजन कथानक वर्णनमा उपयोग भएको छ । आख्यानमा केन्द्रीय पात्रा समाख्याताको यौवनका प्रेममय सुखद क्षणहरू, अन्तईच्छाहरू स्वप्निल प्रेमको अन्तरङ्ग चित्रण, विवाहपछि र सन्तान जन्मपछिका दुःखदायी, जटिल दिनचर्याहरूको कारुणिक एवम् मार्मिक संस्मरणात्मक तथा वर्णनात्मक शैलीको माध्यमबाट कलात्मक रूपमा अभिव्यक्त गरिएको छ ।

### ४.१९.३ परिवेश

प्रस्तुत कथामा प्रयुक्त परिवेश चित्रण निकै आकर्षक र स्वभाविक रहेको देखिन्छ । नेपालको सदूरपश्चिमाञ्चल क्षेत्रको भौगोलिक तथा प्राकृतिक वातावरणको मनोरम दृश्य स्थलहरू कथानक पृष्ठभूमि वा कार्यथलो परिवेश चित्रणका रूपमा आएका छन् । काल वा समयका दृष्टिले हेर्दा लेखकको कथा लेखनको अवधि वि.सं.२०६९ सालको समयलाई निर्देशन गरिएको मान्न सकिन्छ । कथामा कथाको रचना समय स्पष्ट भएको देखिँदैन । परिवेश चित्रण दृष्टिकोणबाट हेर्दा सुदूरपश्चिमाञ्चलकै दुर्गम र पिछडिएको वातावरणको परिवेश चित्रण भएको छ भने आन्तरिक परिवेश चित्रणका दृष्टिले समाख्याताका जीवन भोगाइका दुःखपीडाका एकालापीय कथनको मनोपरिवेश आएको छ । यसरी कथामा प्रयुक्त देश, काल, परिवेश नेपालको भौगोलिक, प्राकृतिक रमणीय दृश्यहरू नै बनेर आएको देखिन्छ ।

### ४.१९.४ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली सरल, प्रेम प्रणयमूलक, आकर्षक र रोचक रहेको छ । तत्सम, तद्भव र आगन्तुक स्रोतका भाषिक चयन, सरल, संयुक्त र मिश्र वाक्यको संयोजन, कथ्य, ठ्टयौली भाषाको प्रयोग, संवाद, प्रेमालाप, पूर्वदीप्ति तथा चित्रात्मक भाषाशैलीले कथालाई श्रुतिमधुर र रमणीय तुल्याएको छ । कथामा काव्यात्मक शैलीको विम्ब, प्रतीक (र अलङ्कारजन्य भाषाको उपयोग गरिएको छ । व्याकरणिक वाक्य सङ्गठन, स्मृति, कल्पना, मनोविम्बात्मक भाषाको प्रयोगले कथाको भाषाशैली विशिष्ट बन्न पुगेको छ । सङ्क्षिप्त, छरितो र चोटिलो भाषिक अभिव्यक्तिले कथालाई वोधगम्य र सम्प्रेष्यमूलक तुल्याएको छ । यसरी कथामा छायाले देखेका स्वप्निल अन्तरङ्ग, संवादले कथाको भाषाशैली आकर्षक, रोचक, कलात्मक र प्रेमप्रणय भावजन्य रहेको देखिन्छ ।

### ४.१९.५ सारवस्तु

प्रस्तुत कथाको सारवस्तु मानव अन्तर्मनका अतृप्त कामवासना, भोगेच्छा, कुण्ठा, पीडा, असन्तुष्टि, रहर, इच्छा, अभिलाषाजन्य नारीका स्वाभाविक प्रवृत्तिको उद्घाटन गर्नु रहेको देखिन्छ । नारीका विविध प्रेम चाहनाहरू हुन्छन् तिनको परिपूर्ति गर्ने सहज वातावरण सिर्जना हुनुपर्छ । मूलतः यौवन विवाहित नारीहरूले श्रीमान् र घर परिवारबाट उचित माया, स्नेह, सम्मान र अधिकार पाउनुपर्छ भन्ने विचार प्रस्तुत गर्नु नै इतिवृत्त कथाको सारवस्तु हो । यस कथामा अभिधा रूपमा नै सारवस्तु व्यक्त भएको छ ।

## परिच्छेद : पाँच

# उपसंहार र निष्कर्ष

### ५.१ उपसंहार

दिलीप शाह नेपाली साहित्यको कथा विधाभित्र परिचित नाम हो । पिता सिद्धिजंग र माता तीर्थकुमार शाहका सुपुत्र शाह वि.सं. २०१६ सालमा जाजरकोट जिल्लाको खलङ्गामा जन्मिएका हुन् । कृषि विषयमा वि.एस्.सी. र समाजशास्त्र एम.ए. सम्मको औपचारिक शिक्षा आर्जन गरेका शाह बैंकिङ सेवामा संलग्न व्यक्तित्व हुन् । हाल कृषि विकास बैक लिमिटेडमा विभागीय प्रमुखका रूपमा कार्यरत छन् । उनका मौनधारणा (२०६४), जालो (२०६६), श्रद्धासुमन (२०६८) र मुर्दार काडमाण्डु (२०६९) कथाहरू प्रकाशित संग्रहहरू छन् । कथाकार निडर र स्पष्ट वक्ताका रूपमा देखा पर्दछन् । आर्थिक असमानता, अशिक्षा, गरिबी, सामन्ती संस्कारका कारण निम्न वर्गीय जनताले भोग्नु परेका पीडा, बाधा, व्यथालाई मुख्य क्षेत्र बनाई कथा लेख्नु उनको प्रमुख विशेषता हो । यस शोध अध्ययनका प्रारूपलाई यसप्रकार प्रस्तुत गरिएको छ :

पहिलो परिच्छेदमा शोधको परिचय रहेको छ । यसअन्तर्गत विषय परिचय, शोधको समस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधको सीमाङ्कन, शोधविधि र यसअन्तर्गत सामग्री सङ्कलन विधि र शोध विश्लेषण विधि तथा शोध पत्रको रूपरेखा रहेको छ । दोस्रो परिच्छेदमा कथाकार दिलीप जङ्ग शाहको सङ्क्षिप्त परिचय दिइएको छ । यसअन्तर्गत जन्म र पारिवारिक स्थिति, साहित्य सिर्जनाको प्रेरणा र प्रभाव, कथायात्रा र प्रकाशित पुस्ताकाकार कृतिहरू, कथागत प्रवृत्तिहरू, शाहको पेशा र आबद्धता, भ्रमण र अवलोकन तथा निष्कर्ष रहेको छ । तेस्रो परिच्छेदमा कथाकार दिलीप जङ्ग शाहको कथाकारिता र कथा विश्लेषणको सिद्धान्त रहेको छ । यसअन्तर्गत विषय प्रवेश, शाहको कथाको वर्गीकरण, कथाको पात्रगत वर्गीकरण, कथा विश्लेषणका सैद्धान्तिक **त□व**हरू- कथावस्तु, पात्र र चरित्र, परिवेश, दृष्टिविन्दु, भाषाशैली र उद्देश्य र अन्त्यमा निष्कर्ष रहेका छन् ।

चौथो परिच्छेदमा **श्रद्धासुमन** कथा सङ्ग्रहको विश्लेषण रहेको छ । प्रस्तुत शोध अध्ययनमा जम्मा १८ ओटा कथाको शोध विश्लेषण गरिएको छ । पाँचौं परिच्छेदमा उपसंहार तथा निष्कर्ष प्रस्तुत गरिएको छ । साथै अन्त्यमा सन्दर्भ सामग्री रहेको छ । विश्लेषित कथाहरूको सार सङ्क्षेप क्रमिक रूपमा यसप्रकार रहेको छ :

'विडम्बना' शीर्षकको कथा मानवीय संवेदनाको अभिव्यक्ति गर्ने सन्दर्भबाट निर्मित छ । कथाको विधातात्विक आधारहरू कथावस्तु, चरित्र र दृष्टिविन्दु, परिवेश, भाषाशैली, र सारवस्तुका कोणबाट विश्लेषित उक्त कथा श्रद्धासुमन कथा सङ्ग्रहभित्रका समग्र कथाहरूको प्रतिनिधिमूलक कथा हो । यसमा निम्न वर्गीय पारिवारिक संरचनामा आबद्ध मध्य तराईका थारू जातिको कमैया जीवन शैली र त्यसबाट मुक्ति पाएपछिको सुख दुःखका विविध अवस्थालाई कारूणिक र मार्मिक रूपमा चित्रण गरिएको छ ।

'हुरी आएको बेला' कथा अतृप्त चाहनाहरूको पूरा गर्ने सन्दर्भबाट रचिएको छ । सुस्त वा विशेष अवस्थाका यौवन नारीहरूका मनोभावको अन्तष्करण खोतल्न, तिनका चाहना आवश्यकताअनुसार परिवारले आफ्नो कर्तव्य र दायित्व पूरा गर्नुपर्छ भन्ने सन्देश यस कथाले व्यक्त गरेको छ । कथावस्तु र ढाँचा, चरित्र र दृष्टिविन्दु, परिवेश, भाषाशैली र सारवस्तु उचित संयोजन तथा उपयुक्तताका कारण कथाको शीर्षक सार्थक बन्न पुगेको छ ।

'सुन्दरता' कथा मानव अर्थात् नारीका बाह्य सुन्दरताको चित्रणमा आधारित छ । बाह्य सौन्दर्य कृत्रिम र बनावटी हुन्छ । यसले केवल भित्री सौन्दर्यलाई बचाएर राख्दछ । बाह्य सुन्दरता कमजोर भए पनि आन्तरिक सुन्दरताले उसको व्यक्तित्व झल्काउँछ । तसर्थ मानिस भित्री सौन्दर्यको खोजी र त्यसको संरक्षणमा लाग्नुपर्छ भन्ने सन्देश यस कथाले दिएको छ

'मृतात्माको कामना' शीर्षक विषयवस्तु, भाव र आख्यान कथोपकथनका दृष्टिले सार्थक रहेको छ । प्रस्तुत कथाले मानवतावादी सन्देश प्रदान गरेको छ । मानव जातिको रक्षा, एकता, सद्भाव, अहिंसा र मानवीय संवेदनाको मार्मिक प्रस्तुतिका कारण यस कथा जीवन्त र विशिष्ट बन्न पुगेको छ ।

'इन्द्रजाल' नेपाली समाजको प्रशासनिक-राजनीतिक चलखेल, अनियमितता, कुरीति र स्वार्थपूर्ण प्रवृत्तिको सच्चा प्रतिविम्ब झल्काउने कथा हो । सोझासिधालाई सरकारी जागिरको खुला विज्ञापनको भ्रममा पारी भित्रभित्र आफ्नो मान्छे (प्रशासक र नेताका नातेदार) लाई जागिर खुवाउने नेपाली सरकारी तथा प्रशासकीय प्रवृत्तिमाथि शिष्ट, सूक्ष्म र गहन व्यङ्गवाण प्रस्तुत गर्न उक्त कथा सफल रहेको छ ।

'त्रस्त मन मात्र  प्रश्नहरू' शीर्षकमा आधारित यस कथामा कथाकार अर्थात् कर्मचारी वर्गले द्वन्द्वकालमा भोग्नु परेको मानसिक पीडालाई कारूणिक रूपमा गरिएको छ । साथै निर्दोष नेपालहिरूले खेप्नु परेका दुःख, सास्ती र हैरानी लगायत जान-अजानमै अकालमै जीवन गुमाउन विवश नेपालीको यथार्थ प्रस्तुत गर्ने सन्दर्भबाट उक्त कथा संरचित छ । यहाँ विश्लेषणका रूपमा संरचना, कथ्यवस्तु, पात्र र चरित्रचित्रण, संवाद वा

कथोपकथन, देश, काल, परिवेश, भाषाशैली र उद्देश्य आदिका कोणबाट हेर्दा कथा सार्थक, औचित्यपूर्ण, भावप्रधान, उद्देश्यमूलक, प्रभावकारी एवम् जीवन्त रहेको देखिन्छ ।

'हाकिमी अठोट' कथाको समष्टि विश्लेषणलाई हेर्दा कथानक रूपमा नेपाली समाजभित्रकै सहरी-प्रशासनिक परिवेश र कर्मचारी (विशेषतः हाकिम) हरूको मनोवृत्तिको सत्योद्घाटनमा केन्द्रित रहेको छ । सरकारी कार्यालयका हाकिमको मानसिक प्रवृत्ति र तिनका विविध व्यवहार, आचरणलाई कथामा कथानक विषय बनाइएको छ । कथानकमा नेपाली सहरी सरकारी प्रशासनिक भौतिक पक्षहरू र कर्मचारी, हाकिम आदिको मनोपरिवेश आएको छ । सारवस्तुका रूपमा हाकिमी नियत र कर्मचारीका मनोपीडाको कारूणिक उद्घाटन गर्नु रहेको छ ।

'लोग्नेमान्छे' कथा मानव जीवनजगत्लाई विषयवस्तु बनाई रचिएको छ । लोग्नेमान्छेको यौन मनोवृत्ति र उसका तत्जन्य विविध स्वभाजन्य चरित्र प्रकाशन गर्ने सन्दर्भबाट कथानक संरचना निर्माण भएको छ । घटना वा कार्य, कार्यपीठिका वा परिवेश, पात्र र तिनका विविध क्रिया प्रतिक्रिया (मनोद्वन्द्व) आदिको कथानक सूत्र संयोजनमा कथावस्तुको योजना बुनिएको छ । कथानक ढाँचा कथानक विकासको आदि, मध्य र अन्त्यको श्रृङ्खलाबद्ध रैखिक ढाँचामा प्रस्तुत गरिएको छ । पात्र र चरित्रका दृष्टिले प्रमुख, सहायक र गौण पात्रहरूको विविध भूमिका चित्रण गरिएको छ । सारवस्तु वा उद्देश्यका रूपमा अर्थक्षेपण विधिअनुरूप प्रतीकात्मक विधिको प्रयोग गरिएको छ । यसरी समष्टिमा कथा शीर्षकीय, भाव र प्रस्तुतिका कोणबाट सार्थक रहेको देखिन्छ ।

'मातृत्व छचल्किन्छ यसरी' शीर्षकको प्रस्तुत कथाको कथानक सरल, रैखिक ढाँचको आदि, मध्यर अन्त्य क्रममा रहेको छ । कथामा प्रमुख 'म' पात्र र सहायक पात्रहरू (म पात्रको श्रीमती, नर्स, डाक्टर) लगायत गौण पात्रहरूको एकल चरित्र गरिएको छ । रूचि क्षेत्रका रूपमा कथाकारले सामाजिक-ग्रामीण परिवेशलाई चयन गरेका छन् । दृष्टिविन्दु प्रथम पुरुष (केन्द्रीय दृष्टिविन्दु) शैली रहेको छ । भाषाशैली संवाद, एकालाप, वर्णनात्मक, चित्रात्मक वा दृश्य शैलीको रहेको छ । भाषाचयनमा काव्यात्मक, व्याकरणिक, कथ्य भाषा लगायत तत्सम, आगन्तुक र तद्भव स्रोतका रहेका पाइन्छन् । उद्देश्य/सारवस्तु आफ्ना नवजात शिशुप्रति आमाको प्रगाढ माया-स्नेह भाव झल्काउने अभिधात्मक अर्थक्षेपण विधिको कोणबाट कथाको शीर्षकीकरण सार्थक बन्न पुगेको छ ।

'श्रद्धासुमन' कथामा प्रतीकात्मक रूपबाट उद्देश्य व्यक्त गरिएको छ । 'म' पात्रले हाकिमलाई गरेको श्रद्धा भाव उसको तस्विरमा झल्किएको छ । कर्मचारीहरूले गुनको बदला गर्ने विविध सम्मान, सेवा, चाकरीको व्यङ्ग्य चित्रणको रूपबाट कथा निष्कर्षमा पुगेको

छ । नेपालका सरकारी कार्यालयहरूमा हुने भ्रष्ट, अनियमितता, चाकरी संस्कार, मान-समान्न जस्ता कुसंस्कारको विराध गरी आदर्श, स्वच्छा निष्पक्ष, सेवामुखी, सहयोगी र न्यायिक कार्यालय र कर्मचारीहरू हुनुपर्ने विचार प्रस्तुत गर्नु यस कथाको सार रहेको पाइन्छ ।

'नियमितता' कथाको कथानक सङ्गठन विविध संरचनामा सम्बद्ध छ । जसरी प्रकृतिमा दिन र दिनपछि रात आउँछ, त्यसैगरी मानिसको जीवनमा पनि सुख र दुःख निरन्तर रूपमा आइरहन्छ भन्ने विचार उक्त कथामार्फत् अभिव्यक्त भएको छ । आर्थिक अभाव मानव जीवनमा सँधै परिहन्छ, तर ती अभाव र समस्याहरू जसरी आउँछन्, त्यसरी नै समाधान हुन्छन् । तसर्थ मानिसले जीवनमा धैर्य लिन सक्नुपर्छ भन्ने भाव यस कथाले प्रदान गरेको छ ।

'भोक' कथा अभिधा र व्यञ्जना दुबै किसिमबाट अर्थ प्रदान गर्ने सन्दर्भबाट रचिएको पाइन्छ । मानिसलाई बाँच्नको निम्ति अत्यावश्यक वस्तु खानेकुराको चाहाना हुनु भोक हो । त्यसैगरी शारीरिक र मानसिक यौनेच्छा जागृत हुनु रतिभावको व्यञ्जनात्मक अर्थ हो । मानिसको जीवनमा गाँस, बास र कपास जस्तै यौन आवश्यकता पनि अपरिहार्य हुन्छ । यसको निम्ति मानिसले जस्तोसुकै त्याग गर्नुपर्दछ । यीमध्ये कुनै एकको अभावमा जीवन निराश, दुःखदायी र जटिल बन्दछ अनि दाम्पत्य जीवनमा नै खलल पुग्दछ । यसर्थ शारीरिक र मानसिक भोक समाधानको उचित व्यवस्थापन हुनु आवश्यक ठहर्छ भन्ने विचार यस कथाबाट अभिव्यक्त भएको छ ।

'विरोधाभास' अर्धचेतन र चेतन पुरुष यौन मानसिक विश्लेषणको प्रतिनिधिमूलक सशक्त कथा हो । मानिसले गरेको सुन्दर कल्पना, राखेको सोचाइ, विचार र यथार्थ जीवनमा धेरै भिन्नता छ । हामी जे सोच्छौँ र कल्पना गर्छौं, महत्वाकाङ्क्षी सपना देख्छौँ, ती केवल वास्तविक बन्न सक्दैनन् । परिस्थिति र बाध्यताले मानिसको निर्णयलाई विपरीत दिशामा मोड्दछ । समयसापेक्ष जीवनमा सम्झौता गर्नु सक्नुपर्छ, जीवन सोचेजस्तो सरल र सुखमय छैन घुम्ती अनुसार हिँड्नु पर्दछ भन्ने भाव यस कथाबाट अभिव्यक्त भएको छ ।

'जिउँदो सालिक' कथामा नारी जीवनमा प्रेम, विवाह र यौन पक्षको उचित संयोजन हुनु अपरिहार्य छ । यसको अभावमा नारी जीवन निराश, दुःखदायी, बेचैन, जटिल र कठोर बन्न पुग्दछ जसका कारण पारिवारिक तथा दाम्पत्य जीवनमा नै असर पर्दछ । पुरुषका धनदौलतको क्षति हुनाका साथै उसले समेत शारीरिक, मानसिक लगायत विविध कष्ट व्यहोर्नु पर्दछ भन्ने मूल विचार यस कथाबाट अभिव्यक्त भएको छ ।

'बगर' कथाको शीर्षक प्रतीकात्मक रूपबाट सार्थक रहेको छ । जसरी बगर सुख्खा हुन्छ, त्यहाँ कुनै पनि हरिया वनस्पतिहरू उम्रँदैनन् र त्यस जमिनको कुनै मूल्य हुँदैन । त्यसैगरी यस कथामा पनि जमिनदारको छोरोले नोकरकी छोरीसँग राखेको अवैध सम्बन्धबाट गर्भिणी बनेकी कालीलाई परिवार र कुलको इज्जत बचाउनको निम्ति अर्धवैंशे विधुरलाई सुम्पिएर अन्यत्र छोराको विवाह गरेपछि छोराको कुनै सन्तान नभई उसको जीवन खोलाको बगरजस्तै सुख्खा, निराश र मरुभूमितुल्य बन्न पुगेको छ । यसरी बाबुबाजेको अधर्मले पछिल्ला पुस्ताको कुभलो हुन्छ । तसर्थ पुण्य गरेमा सन्तानको उन्नति र भलाइ हुन्छ भन्ने सन्देश यस कथाबाट व्यक्त भएको छ ।

'नागरिकता' कथाको शीर्षक अभिधा (सोझो) र व्यङ्ग्यार्थ दुवै रूपबाट सार्थक बन्न पुगेको छ । सोझो अर्थमा नेपाली नागरिकले नागरिकता पाउनुपर्छ भन्ने निष्कर्ष रहेको छ। तर व्यङ्ग्य रूपमा नेता स्वयंसँग नेपाली नागरिकता छैन । त्यो देशको कानुन विपरीत हो, जनताको कुभावना विपरीत हो भन्ने सन्देश व्यक्त गर्ने क्रममा कथानक, पात्र र चरित्र, परिवेश, दृष्टिविन्दु, भाषाशैली र सारवस्तुको कलात्मक संयोजन रहेको छ ।

'माओवादी समस्या समाधान भएमा' देशमा शान्ति र अमनचयनको निम्ति राज्यले उपयुक्त निकासा खोज्न सक्नुपर्छ र माओवादी पनि युद्ध छोडेर शान्तिको पथमा आउनुपर्छ । कर्मचारी प्रशासनलाई निर्भय काम गर्ने उपयुक्त वातावरण प्रदान गर्नुपर्छ । कर्मचारीहरू आफ्नो कर्तव्य र जिम्मेवारीमा कर्मठ र इमान्दारीपूर्वक लाग्नुपर्छ भन्ने विचार प्रस्तुत गरिएको छ । यसरी कथानक, पात्र र चरित्र, रुचिक्षेत्र (परिवेश), दृष्टिविन्दु, भाषाशैली, सार वस्तु आदिका रूपबाट कथा सार्थक सफल र प्रभावकारी बन्न पुगेको छ ।

'इतिवृत्त' नेपालको मध्य पश्चिम क्षेत्रको ग्रामीण नारी जीवनको विविध कथा व्यथामा आधारित कथा हो । यसमा नारीको बाल्यकालको स्वतन्त्र जीवन, प्रेम, यौवन, रोमाञ्च, विवाह पछिका घरपरिवार तथा श्रीमानबाट भएका शारीरिक तथा मानसिक दमन, शोषण र यसबाट उत्पन्न मानसिक पीडाको कारुणिक चित्रण गरिएको छ । यसरी समाजमा हुने यस्ता अन्याय र भेदभावपूर्ण संस्कारको अन्त्य हुनुपर्छ । उनीहरूको मौलिक अधिकारको सुनिश्चित हुनपर्छ भन्ने मानवतावादी सन्देश यस कथाबाट व्यक्त भएको छ ।

## ५.२ निष्कर्ष

'श्रद्धासुमन' (२०६८) कथासङ्ग्रह कथाकार दिलीप शाहको चौथो प्रकाशित कृति हो । यसभित्र जम्मा १८ वटा कथा शीर्षकहरू संरचति छन् । यस सङ्ग्रहमा सङ्कलित कथाहरूमार्फत् उनले नेपाली समाजले भोग्दै आएका आर्थिक, सामाजिक, धार्मिक, नैतिक, पारिवारिक, राजनीतिक आदि कारणले भोग्नुपर्ने कारुणिक अवस्थालाई नियालेका छन् । शाह

नेपाली समाजले भोग्दै आएका सामाजिक, आर्थिक, पारिवारिक, धार्मिक, नैतिक, शैक्षिक, राजनीतिक आदि कारणले भोग्नु पर्ने कारूणिक अवस्थाहरूलाई सूक्ष्म दृष्टिले नियाल्दछन् । उनी सहरियाहरूको यान्त्रिक जीवन र अनन्त आवश्यकताका कारणले उत्पन्न मानिसका आँसुमा आँसु र हाँसोमा हाँसो मिलाउँदछन् ।

विविध क्षेत्र, भूगोल, ग्रामीण तथा सहरी परिवेश र मानसिक/मनोविज्ञानलाई कथाको विषय स्रोत बनाई विषयवस्तुको चयन, पात्रहरूको संयोजन, घटनाको पृष्ठभूमिगत धरातल तथा कथानक उद्देश्य निर्धारण गरिएको उक्त कथा सङ्ग्रहमा नेपाली समाजमा देखिएका भौतिक तथा मानसिक परिवेशका विविध पक्षहरूको कलात्मक, व्यङ्ग्यात्मक, संवदेनायुक्त, रोमाञ्चक, कौतुहलपूर्ण, प्रभावकारी एवम् जीवन्त चित्रण गरिएको छ । नेपाली समाजका सामाजिक, आर्थिक, प्रशासनिक, राजनैतिक क्षेत्रमा देखिएका विविध पक्षको सूक्ष्म अध्ययन विश्लेषण गर्दै समाजका यथार्थ पक्षको वकालत गर्ने सन्दर्भबाट प्रस्तुत शोध कृतिको विधातात्विक विश्लेषण सफल, सार्थक र प्रभावकारी रहेको छ । शाह समाजका व्यथितिलाई देखेर आक्रोशित बन्छन् । कुरीति र कुसंस्कारका कारणले उत्पन्न मानवीय समस्या र पीडालाई हटाउन चाहन्छन् । सहरिया मानिसको आवश्यकता र ग्रामीण समुदायमा रोग, भोक, अशिक्षा, कुसंस्कारका कारण दीनहीन र कारूणिक जीवन भोग्न विवश मानिसहरूको पक्षमा वकालत गर्छन् । उनीहरू जीवनस्तर उठाउन प्रयत्नरत देखिन्छन् । अन्याय, अत्याचार, भ्रष्टाचार र सामन्ती प्रवृत्तिका विरूद्धमा आवाज उठाउन तथा मानवीय गुणहरूका विकास गरी कर्तव्य बोध गराउन समेत उनका कथाहरू अग्रसर देखिन्छन् । वर्तमान समयमा आर्थिक प्रलोभनका कारण सहरबासी ठूला-ठूला मानिसका हृदयबाट मानवीय संवेद्य भावना समाप्त हुँदै गएका कारणले समाज अस्तव्यस्त भएको छ । मानिस त्रासदीय वातावरणमा बाँच्नु पर्ने परिस्थिति सिर्जना भएको छ । यस्तो परिस्थितिमा कथाकार चिन्तित र आक्रोशित छन् । यी सबै कुरा कथामार्फत् अभिव्यक्त गर्दछन् । उनका कथामा सरल भाषाशैलीको प्रयोग, उखान टुक्काको प्रयोग, नेपाली जनजिब्रोका प्रयोक्ता शाह विशेषतः सामाजिक यथार्थवादी कथाकारका रूपमा चिनिन्छन् ।

उनका कथाहरूमा दस वर्षे जनयुद्ध र त्यसबाट भएका विविध भौतिक तथा मानवीय क्षति र त्यसबाट उत्पन्न शारीरिक तथा मानसिक विविध समस्याको कारुणिक चित्रण गरिएको छ । 'मृतात्माको कामना', 'त्रस्त मन र मात्र प्रश्नहरू', 'माओवादी समस्या समाधान भएमा' आदि कथामा यसको सशक्त प्रभाव रहेको छ । साथै यौन र मनोविज्ञानको रोचक र कलात्मक वर्णन गरिएको छ । 'हुरी आएको बेला', 'सुन्दरता', 'भोक', 'विरोधाभास', 'जिउँदो सालिक', 'बगर', 'इतिवृत्त' आदि कथामा पात्रहरूका प्रेम, भोगेच्छा, यौनकुण्ठा र तिनबाट उत्पन्न विविध मनोवृत्ति र कार्य व्यवहारको रोचक उद्‌घाटन गरिएको छ । यसैगरी नेपाली समाज, राजनीति, प्रशासनिक आदि क्षेत्रमा देखिएका सत्ता र पदको मोह, स्वार्थ,

चाकरी, डर धम्की जस्ता सामाजिक कुसंस्कारप्रति व्यङ्ग्यको तिखो झटारो हानेका छन् । उनका कथाहरू 'इन्द्रजाल', 'हाकिमी अठोट', 'श्रद्धासुमन', 'नागरिकता' आदिमा व्यङ्ग्य चेतनाको टड्कारो प्रतिच्छाया देखा परेको छ । यसरी नै प्रशासनिक प्रभावका दृष्टिले हेर्दा उनका कथाहरू कार्यालय तथा प्रशासनिक क्षेत्रमा हुने अनियमितता, गैर जिम्मेवारी र राजनीतिक प्रभावका कारण समग्र नेपाली जनतालाई परेको विविध असरको चित्रण गरिएको छ । साथै प्रशासनिक सुव्यवस्था, निष्पक्षता, भ्रष्ट्र वृत्तिको निराकरण, मौलिक अधिकार, न्याय र सुरक्षा जस्ता पक्षमा सबैलाई सचेत गराउनु तथा कर्मचारीहरू इमानदरीपूर्वक देश र नागरिकका निम्ति सेवामा जुट्नुपर्ने विचार उनका कथाहरूमार्फत् व्यक्त भएका छन् ।

यसप्रकार कथाकार दिलीप शाह नेपाली समाजका प्रशासनिक तथा साहित्यिक क्षेत्रका एक सशक्त व्यक्तित्वका रूपमा देखा परेका छन् । मूलतः सामाजिक यथार्थवादको सीमामा रहेर समाज, राजनीति, प्रशासन आदिको सत्यतथ्य उद्घाटन गर्दै नेपाली समाजलाई सत्य, न्याय र आदर्शको बाटो देखाउने शाह आधुनिक नेपाली कथा साहित्यका समसामयिक यथार्थवादी-प्रगतिवादी चेतनाका खरो र ज्वलन्त प्रतिमूर्ति हुन् । अतः उनलाई प्रशासनिक दृष्टिले एक सशक्त, न्यायिक, कर्तव्यनिष्ठ र जिम्मेवारपूर्ण सेवाकर्मी मान्न सकिन्छ भने साहित्यिक कोणबाट हेर्दा उनी एक आधुनिक यथार्थवादी, आलोचनात्मक, सुधारवादी तथा प्रगतिवादी कथाकारको रूपमा लिन सकिन्छ । समग्रमा प्रशासन र साहित्य दुवै क्षेत्रमा उत्तिकै सशक्त र प्रभावपरक लोकप्रिय व्यक्तित्वका रूपमा उनी नेपाली समाजमा स्थापित व्यक्तित्व हुन् ।

# सन्दर्भ सामग्री सूची

## पुस्तक सूची


आचार्य, कृष्णप्रसाद र कृष्णबहादुर बस्नेत, **आधुनिक नेपाली उपन्यास र कथा**, काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार, २०६३ ।

गैरे, ईश्वरीप्रसाद, **आधुनिक नेपाली आख्यान**, काठमाडौँ : क्षितिज प्रकाशन, २०६३ ।

बराल, ईश्वर, **आख्यानको उद्भव**, काठमाडौँ : साझा प्रकाशन, २०३९ ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६३), **नेपाली कथा र उपन्यास**, काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

बराल, ऋषिराज र काफ्ले, कृष्णप्रसाद, **नेपाली कथा भाग-३**, काठमाडौँ : साझा प्रकाशन, २०५० ।

शर्मा, मोहनराज, **कथाको विकास प्रक्रिया**, काठमाडौँ : साझा प्रकाशन, २०५७ ।

शाह, दिलीप (२०६८), **श्रद्धासुमन** , काठमाडौँ : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम, **नेपाली कथा भाग-४**, काठमाडौँ : साझा प्रकाशन, २०६० ।

..............., **अभिनव कथाशास्त्र**, काठमाडौँ : पालुवा प्रकाशन, २०६६ ।


## पत्रपत्रिका सूची


कार्की, प्रतिरोध (२०६८), 'कथा आफ्नै फूलबारीको श्रद्धासुमन' **राजधानी**, चैत्र २५ ।

कोइराला, एसपी (२०६९) 'शाहको श्रद्धासुमन लोकार्पण' **गोरखापत्र**, असार ९, शनिवार ।

गैरे, गोपाल, "कथाकार विश्वेश्वर प्रसाद कोइरालाको कथा यात्रा, प्रवृत्ति र योगदान" **आकुञ्चन**, वर्ष १, अङ्क १ ।

दाहाल, धर्मेन्द्र (२०६९) श्रद्धासुमन : 'कर्मचारीतन्त्रको प्रवृत्ति' **देशान्तर साप्ताहिक**, वैशाख ३ ।

वस्ती, विवश (२०६९), 'कर्मचारीतन्त्र वरिपरि' **अन्नपूर्ण पोष्ट**, चैत्र १० ।

वाग्ले, ईश्वर चन्द्र, "गुरुप्रसाद मैनालीका कथाहरूको अध्ययन", **गरिमा**, वर्ष २१, अङ्क ८, पूर्णाङ्क २४८, २०६० ।

सम्वाददाता (२०६९), 'श्रद्धासुमनको तेस्रो बजार संस्करण' **देशान्तर साप्ताहिक**, असार १० ।

त्रिपाठी, गीता (२०६९), 'तीन महिनामै तेस्रो' **कान्तिपुर**, असार ९ ।